सर्वोच्च अदालत, बृहत पूर्ण इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री प्रकाशकुमार ढुंगाना

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा

माननीय न्यायाधीश श्री विनोद शर्मा

आदेश

रिट नं. ०७९-WF-०००७

सिन्धुली जिल्ला, कमलामाई नगरपालिका वडा नं. ११ घर भई हाल कारागार कार्यालय नख्खु, ललितपुरमा थुनामा रहेको पासाङ तामाङ उर्फ सन्दीप पाठक भन्ने मिलन लामा---------------------------------------- ----------------------१ — निवेदक

विरुद्ध

उच्च अदालत, पाटन-----------------------------------------------------------१

काठमाडौं जिल्ला अदालत बबरमहल, काठमाडौं----------------------------------१

फैसला कार्यान्वयन अधिकारी, काठमाडौं जिल्ला अदालत, बबरमहल----------------१

कारागार कार्यालय, नख्खु, ललितपुर-------------------------------------------१

— विपक्षी

मुद्दाः- बन्दीप्रत्यक्षीकरण।

नेपालको संविधानको धारा ४६ र १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतको अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार छ।

तथ्य खण्ड

१. निवेदन बेहोरा

म हाल कारागार कार्यालय, नख्खु ललितपुरमा बन्दी जीवन बिताइरहेको छु। म नेपालमा मिति २०६७।८।२४ देखि थुनामा रहेको छु। त्यसैले म कैदमा बसेको १२ वर्ष



CS CamScanner

भइसकेको छ। त्यसअघि २ वर्ष ४ महिना भारतको तिहाड़ जेलमा राखिएको थियो। भारतको उच्च अदालतबाट मैले सफाइ पाएपछि पनि मलाई मुक्त नगरी भारतीय प्रहरीले बन्दीकै अवस्थामा नेपाल भारत सीमाको कञ्चनपुर जिल्लामा ल्याएर नेपाल प्रहरीमा जिम्मा लगाएको थियो। म भारतमा हातहतियार मुद्दामा पक्राउ परेदेखि हालसम्म कहिल्यै पनि थुनामुक्त भएको छैन। मलाई कहिले कुन कहिले कुन गम्भीर प्रकृतिका मुद्दाहरू लगाई हालसम्म थुनामै राखिएको छ। भारतीय प्रहरीबाट नेपाल प्रहरीले जिम्मा लिएपछि मबाट लागू औषध बरामद भएको भनेर कञ्चनपुर जिल्ला अदालतमा लागू औषध मुद्दा चलायो। म चुरोट र मदिरासमेत कहिल्यै सेवन नगर्ने व्यक्ति भए तापनि मबाट मिति २०६७।८।२४ मा २५ ग्राम खैरो हेरोइन बरामद भएको आरोप लगाइयो। उक्त मुद्दामा म निवेदकलाई कञ्चनपुर जिल्ला अदालतबाट १० वर्ष कैद र रु.२५,०००।- (पच्चीस हजार) जरिवाना हुने ठहरी मिति २०६८।२।४ मा फैसला भयो। पुनरावेदन अदालत महेन्द्रनगरबाट पनि मिति २०६९।१२।४ मा कञ्चनपुर जिल्ला अदालतकै फैसला सदर भयो।

मेरो संलग्नताको कुनै प्रमाण नहुँदानहुँदै पनि मेरो विरुद्धमा धेरै मुद्दाहरू दर्ता भएका थिए। कतिपय मुद्दाहरू त म थुनामै रहेको भए पनि थाहा नपाई प्रमाण नपुगेको भनेर फैसला भई मैले सफाई पनि पाएको रहेछु। एल. पि. साँवा लिम्बु भन्ने लालबहादुर साँवा लिम्बुलाई गोली प्रहार गरेको भन्ने अभियोगमा हातहतियार मुद्दामा जिल्ला प्रशासन कार्यालयबाट मेरो अनुपस्थितिमा नै मिति २०६८।३।१९ मा मलाई ५ वर्ष कैद र रु.१,००,०००।- (एक लाख रुपैयाँ) जरिवाना भएको रहेछ। अर्को, अवैध कट्टुवा पेस्तोल बोकेर हिंडेको भन्ने अर्को मुद्दा सिर्जना गरी मेरो अनुपस्थितिमा नै मलाई २ वर्ष कैद र रु.४,०००।- (चार हजार रुपैयाँ) जरिवाना गरिएको रहेछ। सो कुरा मैले मिति २०७५।२।१९ मा जिल्ला प्रशासन कार्यालय, काठमाडौंको पत्रबाट जानकारी पाएँ। त्यस्तै मिति २०६३।१।२१ मा डा. हेमाङ्ग दीक्षितलाई गोली प्रहार गरेको भन्ने अर्को ज्यान मार्ने उद्योग मुद्दा दर्ता भई मेरो हकमा काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।१०।८ मा मुलतवी राखिएको रहेछ। सो कुरा जानकारी पाई कारागार कार्यालय, पर्साबाट नै निवेदन दिई मिति २०६८।७।२० मा मुद्दा जगाएको र सो मुद्दामा मिति २०७१।१।१४ मा मलाई ५ वर्ष कैद हुने गरी फैसला भएछ।



CamScanner

मिति २०६३।१२।१७ मा १३:०० बजेको समयमा गोङ्गबु नयाँ बसपार्कबाट आकाश के.सी. भन्ने वीरबहादुर खत्री, केदार श्रेष्ठ, मनोज तामाङ, गणेशकुमार लामाबाट हेरोइन बरामद भएको भनी मसमेतलाई लागू औषध मुद्दा चलाइएको रहेछ। सो मुद्दा मिति २०६६।३।८ मा फैसला हुँदा मेरो हकमा "रीतपूर्वक म्याद बुझी फरार रहेको" भनी मुलतवी राखिएको रहेछ। सो कुरा मैले जानकारी पाई आफैंले मिति २०७५।१।२६ मा निवेदन दिई मुद्दा जगाई मिति २०७६।५।२३ मा कसूर कायम भई मिति २०७६।६।७ मा सजाय निर्धारण हुँदा मलाई ११ वर्ष कैद र रु.८२,५००।- (बयासी हजार पाँच सय रुपैयाँ) जरिवाना हुने ठहर भएछ। सो फैसलामा चित्त नबुझेकोले पुनरावेदन गर्दा उच्च अदालत, पाटनबाट मिति २०७८।४।१५ मा सजाय र जरिवानामा केही घटाई १० वर्ष कैद र रु.७५,०००।- (पचहत्तर हजार रुपैयाँ) जरिवाना हुने फैसला भएको छ।

म कञ्चनपुर जिल्ला अदालतको मिति २०६८।२।२२ को कैदी पूर्जीअनुसार निरन्तर कैदमा नै रहेको भएपनि उच्च अदालत, पाटनको फैसलाअनुसार मलाई कैदी पूर्जी दिँदा काठमाडौं जिल्ला अदालतमा फैसला कार्यान्वयन अधिकारीले जरिवाना तिरे मिति २०८५।६।१७ मा र जरिवाना नतिरे मिति २०८६।२।२६ सम्म कैदमा राखी मिति २०८६।२।२७ मा कैद मुक्त गरिदिनु भनेर मिति २०७८।९।६ मा प्रत्यर्थी कारागार कार्यालय, जगन्नाथ देवललाई संशोधित कैद म्यादको पत्र लेख्नु भएको रहेछ। त्यसको जानकारी पाएपछि मैले मिति २०७८।९।२६ मा कैद हद गरी एकीकृत कैदी पूर्जी पाऊँ भनी निवेदन दिएको थिएँ। सो निवेदनमा फैसला कार्यान्वयन अधिकारीले मुद्दाहरूको वारदात समेत फरक रहेको भन्ने कारण देखाई मेरो निवेदन अस्वीकार गर्नु भएछ। त्यसपछि फैसला कार्यान्वयन अधिकारीको आदेशमा इजलासबाट पनि मुद्दाहरू एउटै नभई अलग-अलग भएको भन्ने आधारमा मिति २०७८।१०।२१ मा फैसला कार्यान्वयन अधिकारीको आदेश नै सदर भएछ। उच्च अदालत पाटनबाट समेत मिति २०७९।२।२६ मा जिल्ला अदालतको आदेश नै सदर भएछ।

अदालतहरूबाट भएका आदेशहरूमा मलाई सजाय गरिएका वारदातहरू नै फरक-फरक रहेका भन्ने आधार बनाइएको छ। दुवै तहका आदेशहरू **दुखितलाल हाडी वि. झापा जिल्ला अदालतसमेत (नेकाप २०४५, अंक ४, नि.नं. ३४१३)** भएको मुद्दामा प्रतिपादित सिद्धान्त मेरो हकमा लागू नहुनु पर्ने कारण छैन। वारदात हुँदाको बखतको दण्ड सजायको ४१ नं.



CamScanner

तथा हालको सजाय कार्यान्वयन ऐनको दफा ३६ बमोजिम कानूनी सुविधा पाउने भन्ने सम्बन्धमा यस सम्मानित अदालतबाट विभिन्न मुद्दाहरूमा प्रश्न उठी समाधान गरिसकेको विषय हो। दीपक मल्ल, लाल बहादुर वि.क., देवी प्रसाद ढकाल, कर्ण बहादुर थापा, बल बहादुर सुनार तथा महेन्द्र कुमार मल्ल ठकुरी भन्नेसमेत एउटै व्यक्ति **बल बहादुर वि.क. वि. कारागार कार्यालय, जगन्नाथ देवल, काठमाडौंसमेत** (नेकाप २०७२, अङ्क ११, नि.नं. ९५००) र साँढे भन्ने **कैलाश सिंह वि. कारागार कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत** (नेकाप २०७३, अंक ८, नि.नं. ९६६२) भएका मुद्दाहरूमा पनि फरक-फरक कसूरमा फरक-फरक अदालतहरूबाट तोकिएका फरक-फरक सजाय जोड्न नमिल्ने भनी बन्दीप्रत्यक्षीकरणका आदेशहरू जारी भएका छन्। मेरो सन्दर्भमा निवेदन गर्दा पनि मलाई कानूनले दिएको सुविधा नदिई संविधान र कानूनका उल्लिखित व्यवस्था विरुद्ध आदेश गरिएको छ।

मलाई अभियोग लगाइएका मुद्दाहरूको वारदात बनाइएको बखतमा कायम रहेको मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. मा भएको व्यवस्था र हाल प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ मा विभिन्न कसूरबापत भएको कैद सजायको कार्यान्वयन गर्ने सम्बन्धमा भएको व्यवस्था मिल्न आउँछ। मेरो विरुद्धमा कञ्चनपुर जिल्ला अदालतबाट मिति २०६८।२।४ मा फैसला हुँदा कैद १० वर्ष भएको थियो र त्यही फैसलालाई मिति २०६९।१२।४ मा पुनरावेदन अदालत, महेन्द्रनगरले पनि सदर गरेको छ। त्यस्तै, काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।५।२३ मा ११ वर्ष कैद र रु.८२,५००।- (बयासी हजार पाँच सय रुपैयाँ) जरिवाना गरिए थियो। तर त्यसमा मैले पुनरावेदन गर्दा उच्च अदालतबाट उक्त सजाय परिवर्तन भई १० वर्ष कैद र रु.७५,०००।- (पचहत्तर हजार रुपैयाँ) जरिवाना भएको छ अर्थात् कञ्चनपुर जिल्ला अदालतबाट मिति २०६८।२।४ मा भएको कैद बराबर नै सजाय भएको छ। यस्तो अवस्थामा ऐ. ऐनको दफा ३६ को उपदफा (१) को खण्ड (क) तथा दफा ३६ को उपदफा (३) अनुसार हुनुपर्छ। मलाई लागेका मुद्दाहरूमा भएका सजायहरूमध्ये अधिकांश मुद्धाको सजाय निरन्तर कैदमा बसेर कटाइसकेको छु। मलाई दुवै मुद्दाहरूका फैसलाबाट भएका अवधि जोडी कैदमा राख्न मिल्दैन।



CS CamScanner

अतः उल्लिखित आधारहरूमा मेरो हकमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) आकर्षित हुने नभई दफा ३६ को उपदफा (१) को (क) र उपदफा (३) आकर्षित हुनेमा लाग्दै नलाग्ने कानून आकर्षित हुन्छ भनी गैरकानूनी रुपमा थुनामा राखिएको र त्यसबाट संविधानको धारा १६(१), १७, १८(१) तथा २०(४) समेतद्वारा प्रदत्त मौलिक हक र ऐ. ऐनको दफा ३६ को उपदफा (१) र (३) मेरो सन्दर्भमा आकर्षित हुने भएकोले म मिति २०६७।८।२४ देखि निरन्तर थुना र कैदमा रहेको र मैले कानूनबमोजिम बस्नुपर्ने थुनामा बसिसकेको हुँदा हाल म गैरकानूनी थुनामा रहेकोले तत्काल थुनामुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरण लगायत अन्य उपयुक्त आदेश जारी गरिपाऊँ।

२. यस अदालतको मिति २०७९।४।२६ को आदेश।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार कारणसहित यो आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक ३ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत् लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरूको नाउँमा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको जानकारीसमेत दिई नियमानुसार पेश गर्नू।

३. काठमाडौं जिल्ला अदालतका फैसला कार्यान्वयन अधिकारीको लिखित जवाफ

प्रतिवादी पासाङ तामाङ्ग उर्फ सन्दिप पाठक भन्ने मिलन लामा तामाङ भएको ०७४-CR-१८७७ को लागू औषध मुद्दामा यस जिल्ला अदालतको मिति २०७६।६।७ को सजाय निर्धारण फैसला अनुसार निज प्रतिवादीलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को उपदफा (१) को देहाय (छ)(२) बमोजिम ११ (एघार) वर्ष कैद र रु.८२,५००।- (बयासी हजार पाँच सय रुपैयाँ) जरिवाना हुने ठहरेकोमा सो उपर पुनरावेदन परी उच्च अदालत पाटनबाट यस जिल्ला अदालतको फैसला केही उल्टी भई निज प्रतिवादीलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को उपदफा (१) (छ) (२) बमोजिम कैद १० (दश) वर्ष र रू. ७५,०००।- (पचहत्तर हजार रुपैयाँ) जरिवाना हुने ठहरी मिति २०७८।४।१५ मा फैसला भएकोमा निज प्रतिवादी प्रस्तुत मुद्दामा अनुसन्धानको क्रममा मिति २०७५।६।१७ देखि हालसम्म थुनामा रहेको देखिंदा



CamScanner

निजलाई लागेको कैद सोही मितिबाट कट्टा हुने गरी मिति २०८५।६।१६ सम्म नियमानुसार सिदा खान दिई थुनामा राखी निजलाई लागेको जरिवाना रु.७५,०००।- (पच्चहत्तर हजार रुपैयाँ) दाखिला गरे अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत ०७४-CR-१८७७ को लागू औषध मुद्दाको हकमा मात्र निज प्रतिवादीलाई मिति २०८५।६।१७ मा थुनाबाट मुक्त गरी दिनु। उल्लिखित जरिवाना दाखिला नगरे सो जरिवानाबापत कैद ठेक्नु पर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ समेतको आधारमा प्रतिदिन रु.३००।- का दरले ०।८।१० (आठ महिना दश दिन) कैद गर्नु पर्दा मिति २०८५।६।१७ देखि मिति २०८६।२।२६ सम्म नियमानुसार सिदा खान दिई थुनामा राखी अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत लागू औषध मुद्दाको हकमा मात्र निज प्रतिवादीलाई मिति २०८६।२।२७ मा थुनाबाट मुक्त गरी दिनु भनी यस अदालतको च.नं. ११५२ मिति २०७८।९।६ को कैदी पूर्जी मार्फत् कारागार कार्यालय नख्खु, ललितपुरमा कैद ठेकी पठाइएको हो। निवेदकको उल्लिखित मुद्दामा यस अदालतबाट मिति २०७६।६।७ को सजाय निर्धारण फैसला र उच्च अदालतबाट मिति २०७८।४।१५ मा भएको फैसलाबमोजिम फैसला कार्यान्वयनको सिलसिलामा माथि उल्लिखित मुद्दामा ठहरेको कैद र जरिवानाबापत कैद म्याद ठेकी कारागार कार्यालयमा पठाइएको हुँदा निज निवेदकको थुना गैरकानूनी नभई कानूनसम्मत भएकोले यस अदालतको नाममा निवेदकको माग दावी बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने अवस्था नहुँदा निवेदन खारेज गरिपाऊँ।

४. उच्च अदालत पाटनको लिखित जवाफ

निवेदक प्रतिवादी उपरका मुद्दाहरू एउटै नभई अलग-अलग भएको देखिँदा यी निवेदक प्रतिवादीका हकमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (३) नभई दफा ३६ को उपदफा (२) आकर्षित हुने देखिएको भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७८।१०।२१ मा भएको आदेश बेरितको नदेखिँदा परिवर्तन गरिरहनु परेन। कानूनबमोजिम गर्नु भनी मिति २०७९।२।२६ मा यस अदालतबाट अन्तिम आदेश भएको बेहोरा जानकारीको लागि सादर अनुरोध गरिन्छ। यसरी निवेदन संलग्न कागज प्रमाणको मूल्याङ्कन र विश्लेषण गरी तथ्य, प्रमाण र कानूनको



CamScanner

आधारमा आदेश जारी भएको हुँदा यस अदालतको हकमा निवेदकको माग बमोजिमको आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेज गरिपाऊँ।

८. कारागार कार्यालय नख्खु ललितपुरको लिखित जवाफ

कारागार कार्यालय नख्खुमा थुनामा रहेका पासाङ तामाङ उर्फ सन्दिप पाठक भन्ने मिलन लामालाई लागू औषध मुद्दामा कञ्चनपुर जिल्ला अदालतको च.नं. २६६९ मिति २०६८।२।२२ को कैदी पूर्जी, ज्यान मार्ने उद्योग मुद्दामा काठमाडौं जिल्ला अदालतको च.नं. २०९३ मिति २०६८।७।२२ को थुनामा राख्न पठाइएको पत्र तथा एल. पि. साँवाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सन्दिप पाठक भन्ने मिलन भएको ज्यान मार्ने उद्योग मुद्दामा काठमाडौं जिल्ला अदालतको च.नं. १५५१ मिति २०७८।३।२७ को पत्रबाट निजलाई थुनामा राखिएको हो। निवेदकको माग बमोजिम यस कार्यालयउपर आदेश जारी हुनु नपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ।

९. यस अदालतको संयुक्त इजलासको मिति २०७९।१०।१५ को आदेश।

प्रस्तुत निवेदनको रोहबाट निरूपण हुनपर्ने कैद हद कायम सम्बन्धी प्रश्नमा यस अदालतको पूर्ण इजलासबाट **विनोदकुमार यादव विरुद्ध उच्च अदालत जनकपुरसमेत** (०७८-WF-००२९) भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा केही नेपाल कानूनलाई संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को देहाय (ग) को व्याख्या गर्ने सन्दर्भमा सिद्धान्त प्रतिपादन भएको देखिन्छ भने **आङ्जेन लामा विरुद्ध बर्दिया जिल्ला अदालतसमेत** भएको (०७८-NF-०००७) बन्दीप्रत्यक्षीकरण मुद्दामा नयाँ कानून लागू भइसकेको सन्दर्भमा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को देहाय (ख) को व्यवस्था आकर्षित हुने वा नहुने भन्ने मुख्य प्रश्नमा नै यस अदालतको पूर्ण इजलासबाट फरक-फरक सिद्धान्त कायम हुनुका साथै यस सम्बन्धमा विभिन्न संयुक्त इजलासबाट भएका फैसलाहरूमा समेत विविधता देखिएको र सो सम्बन्धमा गरिएका व्याख्या एवम् कायम भएको सिद्धान्तको पालनाका विषयमा अन्यौल र द्विविधा हटाई यस सम्बन्धी कानूनी व्यवस्थामा आएको परिवर्तन समेतलाई मध्यनजर गरी निश्चित न्यायिक धारणा यकिन गर्नुपर्ने तथा फैसलाबमोजिम कैद भुक्तान गरिरहेको अवस्थामा कैद हद कायम गर्ने विषयमा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को



CamScanner

उपदफा (२) को देहाय (ख) लागू हुने हो वा होइन तथा प्रस्तुत विवादको फैसलाबमोजिम कैद भुक्तान गरिरहेको अवस्थामा अन्य मुद्दामा भएको फैसलाबमोजिमको सजायमा कैद हद गर्ने विषयमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) वा (२) कुन लागू हुने हो? स्पष्ट मार्गदर्शन हुन आवश्यक देखिँदा प्रस्तुत विषय बृहत पूर्ण इजलासबाट हेरिन उपयुक्त देखिएकोले सो प्रयोजनको लागि प्रस्तुत निवेदन सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ को उपनियम (२) को देहाय (च) बमोजिम सम्माननीय प्रधानन्यायाधीश ज्यूसमक्ष पेश गर्नू।

## आदेश खण्ड

७. नियमबमोजिम दैनिक पेसी सूचीमा समावेश भई निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनसहितको मिसिलसंलग्न कागजातहरुको अध्ययन गरियो।

८. निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रामनारायण विडारी तथा विद्वान् अधिवक्ताहरू श्री माधव बस्नेत, श्री पदम रोका र श्री मुकुन्द न्यौपानेले यी रिट निवेदक कञ्चनपुर जिल्ला अदालतबाट अनुसन्धानको क्रममा लागू औषध मुद्दामा मिति २०६७।८।२४ देखि नै थुनामा रहेको र उक्त मुद्दामा १० वर्ष कैद सजाय समेत भई सजाय भोगिरहको अवस्थामा निजलाई पुनः अर्को लागू औषध मुद्दामा काठमाडौं जिल्ला अदालतमा मिति २०७५।६।१७ मा उपस्थित गराइयो। सोही मितिदेखि अनुसन्धानको क्रममा थुनामा रहेको भन्ने आधार लिई निजलाई सजाय गरिएका वारदातहरू नै फरक-फरक रहेका भनी सोही मितिबाट लागू हुने गरी फैसलाबमोजिम १० वर्षको कैद र रु.७५,०००।– (पचहत्तर हजार रुपैयाँ) जरिवाना नतिरेमा सो बापत समेत कैद सजायमा बस्नुपर्ने भनी कैदी पूर्जी जारी भएको छ, उक्त आदेशलाई सदर गरेको जिल्ला अदालत र उच्च अदालतबाट भएका आदेशहरू समेतमा कैद सजाय खप्टिई लामो समयसम्म कैदमा राखिएको छ। सरकारले नै लगाएको मुद्दाबाट थुनामा रहेको व्यक्तिलाई थुनामा रहेको थाहा थिएन, त्यसैले अर्को मुद्दामा उपस्थित गराइएको मितिबाट मात्र निजको थुना सुरु हुने भन्न मिल्दैन। निजलाई अभियोग लगाइएका मुद्दाहरूको वारदातको बखत तत्काल कायम रहेको मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. मा भएको व्यवस्था र हाल प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ मा विभिन्न कसूरबापत भएको कैद सजायको कार्यान्वयन गर्ने सम्बन्धमा भएको व्यवस्था एकै रहेको छ। यस्तो अवस्थामा थुनामा बसेको व्यक्तिले पुनः कसूर गरेमा मात्र फौजदारी कसूर

(सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) लागू हुने हो। यी रिट निवेदकले कैदमा बसेको अवस्थामा कसूर गरेको नभई पहिले नै भएको कसूरमा कैद भुक्तान गर्दैको अवस्थामा अन्य कसूरमा समेत सजाय भएको हुँदा निजको हकमा दफा ३६ को उपदफा (१) को देहाय (क) तथा दफा ३६ को उपदफा (३) अनुसार सबैभन्दा बढी कैद सजाय १० वर्ष मात्र हुनुपर्ने हो। यी रिट निवेदकले सबैभन्दा बढी कैदको सजायबापत निरन्तर कैदमा बसेर कैद भुक्तान गरिसकेको अवस्था हुँदा सोभन्दा बढी गैरकानूनी रूपमा राखिएको थुनाबाट मुक्त गर्न काठमाडौं जिल्ला अदालतबाट जारी भएको संशोधित कैदी पूर्जी बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भनी बहस गर्नुभयो।

९. विपक्षी निकायहरूको तर्फबाट उपस्थित विद्वान् सह-न्यायाधिवक्ता श्री सोमकान्त भण्डारी तथा विद्वान् उप-न्यायाधिवक्ता श्री शान्तिप्रसाद लुइँटेलले यी रिट निवेदकलाई फरक-फरक समयमा गरेको वारदातमा फरक-फरक मितिमा सजाय भएको र निजलाई फरक-फरक मुद्दामा तोकिएको कैद सजायबापत थुनामा राखिएको हो। कैदमा बस्दै आएको अवस्थामा फरक-फरक मुद्दामा कारबाही चली कैद सजाय हुँदा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) बमोजिम एउटा मुद्दामा भएको कैद सजाय भुक्तान भएपछि मात्र अर्को मुद्दाको कैद सजाय गणना हुने हो। यी रिट निवेदक काठमाडौं जिल्ला अदालतबाट लागू औषध मुद्दामा मिति २०७५।६।१७ देखि अनुसन्धानको क्रममा थुनामा रहेको हुँदा सोही मितिबाट निजलाई लागेको कैद सजाय गणना गरी संशोधित कैदी पूर्जी जारी गरिएको कार्य कानूनसम्मत हुँदा निजको थुना गैरकानूनी नभएकोले रिट निवेदन खारेज गरी पाउँ भनी बहस गर्नुभयो।

१०. निवेदकतर्फका विद्वान् कानून व्यवसायीहरू तथा विपक्षीतर्फका विद्वान् सहन्यायाधिवक्ता तथा उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकीरसमेत सुनी यस विवादमा मूलतः निम्न प्रश्नहरूको निरूपण गरी निर्णय गर्नुपर्ने भएको छः

*क. फौजदारी कसूरमा कसूरदार ठहर भएको व्यक्तिको हकमा कैद हद कायम गर्ने सम्बन्धी विषय सजाय निर्धारणसँग सम्बन्धित हो वा सजाय कार्यान्वयनको हो ?*



CamScanner

ख. *कुनै कसूरदारलाई भएको कैद सजाय कार्यान्वयन गर्दा निजले सो कसूर गर्दाको समयको तत्काल प्रचलित कानून लागू हुने हो वा सजाय कार्यान्वयन हुँदाको बखत प्रचलनमा रहेको कानून लागू हुने हो ?*

ग. *एकभन्दा बढी कसूरसँग सम्बन्धित विभिन्न मुद्दामा कसुरदारलाई भएको एक भन्दा बढी कैद सजाय कार्यान्वयन गर्दा सबै भन्दा ठुलो कैद सजाय भुक्तान गर्दा अन्य कसुरमा भएको कैद सजाय पनि स्वतः एकै साथ भुक्तान भएको मानिने हो? वा एउटा कसुरमा भएको कैद सजाय भुक्तान भइसकेपछि मात्र अर्को कसुरको निर्धारित कैद सजायको कार्यान्वयन वा भुक्तान गर्नु पर्ने हो ?*

घ. *फैसलाबमोजिम कैद भुक्तान गरिरहेको अवस्थामा एकभन्दा बढी मुद्दामा भएको फैसलाबमोजिमको कैद सजाय कार्यान्वयन गर्ने विषयमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) वा उपदफा (२) मध्ये कस्तो अवस्थामा कुन कानूनी व्यवस्था लागू हुने हो ?*

ङ. *यस अदालतको फरक-फरक पूर्ण इजलासबाट कैद हद गर्ने विषयमा अभिव्यक्त राय आपसमा बाझिएको अवस्था हो होइन?*

च. *निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको रिट जारी हुने हो वा होइन ?*

११. निरूपण हुनुपर्ने उल्लिखित प्रश्नतर्फ प्रवेश गर्नुअगाडि यस विवादको तथ्यगत अवस्थालाई समेत हेर्नु वाञ्छनीय हुने भई सोतर्फ हेर्दा, मिति २०६३।१२।१७ को १३:०० बजेको समयमा काठमाडौं गोंगबु नयाँ बसपार्क स्थितमा प्रतिवादीहरू आकाश के.सी. भन्ने वीरबहादुर खत्री समेतको साथबाट खैरो हेरोइन बरामद भएको र निज प्रतिवादीहरूलाई पक्राउ गरी अनुसन्धानको क्रममा बयान गराउँदा यी निवेदक सन्दिप पाठक भन्ने मिलन लामाको नाम समेत पोल गरेको, सोही पोलको आधारमा यी निवेदकलाई समेत उक्त मुद्दाको प्रतिवादी बनाइएकोमा निज पक्राउ हुन नसकी निजको हकमा मुलतवीमा रहेको मुद्दा मिति २०७५।१।२६ मा निजले काठमाडौं जिल्ला अदालतमा दिएको निवेदनको आधारमा काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।३।५ मा भएको आदेश बमोजिम उक्त मुद्दा मुल्तवीबाट जगाई कारबाही अगाडि बढेको पाइयो। काठमाडौं जिल्ला अदालतबाट उक्त ०७४-CR-१८७७ को लागू औषध मुद्दामा यी निवेदक मिलन लामा तामाङलाई ११ वर्ष

कैद र रु. ८२,५००।- (बयासी हजार पाँच सय रुपैयाँ) जरिवाना हुने ठहरी मिति २०७६।६।७ मा फैसला भएकोमा यी प्रतिवादीले चित्त नबुझाई उच्च अदालत पाटनमा पुनरावेदन गरेको र उक्त मुद्दामा उच्च अदालतबाट सुरु फैसला केही उल्टी गरी यी निवेदक प्रतिवादीलाई १० वर्ष कैद र रु.७५,०००।- (पचहत्तर हजार रुपैयाँ) जरिवाना हुने ठहरी मिति २०७८।४।१५ मा फैसला भएको देखियो। सोही लागू औषध मुद्दाको मिति २०६३।१२।१७ को वारदातमा संलग्न रहेका व्यक्तिहरूमध्ये केदार श्रेष्ठको साथबाट पेस्तोल फेला परेको भनी यी निवेदकसमेत उपर जिल्ला प्रशासन कार्यालय काठमाडौंमा मि.नं. १०४५(ख) को हातहतियार खरखजाना मुद्दा चली मिति २०६६।८।२१ मा फैसला हुँदा यी निवेदक समेतलाई २ वर्ष कैद सजाय र रु.४,०००।- (चार हजार रुपैयाँ) जरिवाना हुने ठहर भएको समेत देखिन्छ।

१२. यसैगरी यी निवेदक समेतको सरसल्लाहमा मिति २०६३।१।२१ मा काठमाडौंको बानेश्वर हाइटमा डा. हेमाङ्ग दीक्षितलाई गोली प्रहार गरेको भन्ने विषयमा ज्यान मार्ने उद्योग मुद्दा दायर भएकोमा काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।१०।८ मा फैसला हुँदा यी निवेदक प्रतिवादीको हकमा मुद्दा मुल्तवीमा रहेको र मिति २०६८।७।२० को आदेशले मुलतवीबाट जगाई २०६८ सालको स.फौ.नं. CR-१६८६ को मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।१।१४ मा फैसला हुँदा यी निवेदकलाई ५ वर्ष कैद सजाय हुने ठहरी फैसला भएको देखिन्छ।

१३. त्यस्तै, काठमाडौंको चप्पल कारखाना चोकनिर लालबहादुर साँवा लिम्बुलाई मिति २०६३।१०।१६ मा यी निवेदक प्रतिवादी समेतले गोली प्रहार गरेको र निजहरूले अवैध हातहतियार राखेको भनी जिल्ला प्रशासन कार्यालय काठमाडौंमा २०६७/६८ सालको स.फौ.नं. ४/२५३ को हातहतियार खरखजाना मुद्दा चली निज निवेदक प्रतिवादीलाई ५ वर्ष कैद र रु.१,००,०००।- (एक लाख रुपैयाँ) जरिवाना हुने ठहरी जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट मिति २०६८।३।१९ मा फैसला भएको देखिन्छ।

१४. यसका साथै मिति २०६७।८।२४ मा जिल्ला कञ्चनपुर भिमदत्त नगरपालिका वडा नं. ११ स्थित गड्डाचौकी भन्सार नजिक यी निवेदक मिलन लामाको खल्तिबाट लागू औषध खैरो हेरोइन फेला परेको भनी निज विरुद्ध २०६७ सालको दु.फौ. CR-००५२ को लागू औषध (खैरो हेरोइन) मुद्दा कञ्चनपुर जिल्ला अदालतमा चलेकोमा उक्त मुद्दामा मिति



CamScanner

२०६८।२।४ मा फैसला हुँदा निवेदक (प्रतिवादी) लाई १० वर्ष कैद र रु.२५,०००।- (पच्चीस हजार रुपैयाँ) जरिवाना हुने ठहर भएकोमा तत्कालीन पुनरावेदन अदालत महेन्द्रनगरबाट समेत मिति २०६९।१२।४ मा सुरु जिल्ला अदालतको फैसला सदर भएको देखिन्छ।

१५. यसरी रिट निवेदकलाई मिति २०६३।१२।१७ को लागू औषध सम्बन्धी वारदातको कसूरमा चलेको ०७४-CR-१८७७ को लागू औषध मुद्दामा १० (दश) वर्ष कैद र रु.७५,०००।– (पच्चीस हजार रुपैयाँ) जरिवाना भएको, सोही वारदातमा पेस्तोल बरामद भएको विषयमा चलेको मि.नं. १०४५(ख) को हातहतियार खरखजाना मुद्दामा २ (दुई) वर्ष कैद र रु.४,०००।– (चार हजार रुपैयाँ) जरिवाना भएको, मिति २०६३।१।२१ को वारदातको सम्बन्धमा चलेको २०६८ सालको स.फौ.नं. CR-१६८६ को ज्यान मार्ने उद्योग मुद्दामा ५ (पाँच) वर्ष कैद भएको, त्यसैगरी मिति २०६३।१०।१६ को वारदातको सम्बन्धमा २०६७/६८ सालको स.फौ.नं. ४/२५३ को हातहतियार खरखजाना मुद्दा चली निज निवेदकलाई ५ (पाँच) वर्ष कैद र रु.१,००,०००।– (एक लाख रुपैयाँ) जरिवाना भएको र मिति २०६७।८।२४ मा निवेदकबाट खैरो हिरोइन बरामद भएको विषयमा २०६७ सालको स.फौ. CR-००५२ को लागू औषध (खैरो हेरोइन) मुद्दा चली १० (दश) वर्ष कैद र रु.२५,०००।– (पच्चीस हजार) जरिवाना भई अन्तिम भएको भन्ने देखिन आएको छ।

१६. उल्लिखित मुद्दाहरूमा निवेदकलाई भएको कैद तथा जरिवाना असूल गर्ने क्रममा निवेदक प्रतिवादीउपर कञ्चनपुर जिल्ला अदालतमा चलेको लागू औषध मुद्दामा मिति २०६८।०२।०४ मा भएको फैसलाबमोजिम यी निवेदकलाई सो अदालतको च.नं. २६६९ बाट मिति २०६८।२।२२ मा जारी भएको कैदी पूर्जी बमोजिम यी निवेदक निरन्तर रूपमा कैदमा बसी आएको अवस्थामा नै काठमाडौं जिल्ला अदालतमा चलेको लागू औषध मुद्दा तथा ज्यान मार्ने उद्योग मुद्दाका साथै जिल्ला प्रशासन कार्यालयमा चलेका हातहतियार खरखजाना मुद्दाहरू समेतमा भएका फैसलाबमोजिमको कैद तथा जरिवानाको हकमा निवेदकलाई कैदमा राख्ने गरी कैदी पूर्जी जारी गरी पठाइएको भन्ने देखिन आएको छ। यसरी कैदमा राख्न पठाउँदा आफूलाई कैद नखापी एकपछि अर्को मुद्दामा भएको फैसलाले ठहर गरेको कैदलाई जोडेर गैरकानूनी रूपमा आफूलाई बढी अवधि कैदमा राखिएको भन्ने नै निवेदकको मुख्य निवेदन दावी रहेको छ।



CS CamScanner

१७. उल्लिखित सन्दर्भबाट अब, निरूपण गरिनुपर्ने पहिलो प्रश्न *फौजदारी कसूरमा कसूरदार ठहर भएको व्यक्तिको हकमा कैद हद कायम गर्ने सम्बन्धी विषय सजाय निर्धारणसँग सम्बन्धित हो वा सजाय कार्यान्वयनको हो ?* भन्ने सन्दर्भमा हेर्दा, मूलतः कुनै व्यक्तिले कुनै कानून विपरीतको कसूर गरेको खण्डमा त्यस्तो व्यक्तिलाई प्रचलित कानूनमा तोकिएबमोजिमको अर्धन्यायिक निकाय वा न्यायिक निकायबाट कसूर ठहर गरी कानूनबमोजिम निर्धारित कैद तथा जरिवानाको सजाय तोक्ने कार्य सजाय निर्धारण अन्तर्गत पर्दछ। कसूरदारलाई उचित सजाय निर्धारण गर्ने तथा त्यस्तो सजाय कार्यान्वयन गर्न फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ जारी भएको पाइन्छ। ऐ. ऐनको दफा ८ ले कसूरदार ठहर भएपछि सजाय निर्धारण गर्नुपर्ने व्यवस्था गरेको छ। सोही ऐनको परिच्छेद-२ मा सजाय निर्धारण सम्बन्धी व्यवस्था रहेको पाइन्छ। ऐ. ऐनको दफा १३ ले सजायको उद्देश्य विचार गर्दा पुनर्स्थापकीय न्याय (Restorative Justice) को अवधारणालाई समावेश गरिएको देखिन्छ। ऐ. ऐनको दफा १५ मा सजाय निर्धारण गर्ने आधारहरु उल्लेख गरेको समेत देखिन्छ।

१८. उल्लिखित कानूनी प्रावधान बमोजिम कुनै पनि कसूरमा सजाय निर्धारण गर्दा विवादको तथ्य र संलग्न प्रमाणहरूको आधारमा सम्बद्ध कानूनले निर्धारित गरेको सीमाभित्र रही कैद तथा जरिवानाको निक्यौल गर्नुपर्ने हुन्छ। सम्बद्ध कानूनमा कुनै कसूरको हकमा सजायको तल्लो हद र माथिल्लो हदका बीचमा अन्तर राखिएको अवस्थामा त्यस्तो कसूरमा सजाय निर्धारण गर्ने क्रममा न्यायकर्तालाई फराकिलो स्वविवेक रहेको समेत हुन्छ। त्यस्तो सजायको मात्रात्मक अन्तर रहेको कारण सजाय निर्धारणको लागि फराकिलो न्यायिक स्वविवेक रहेको अवस्थामा समेत न्यायकर्ताले कसूरको तथ्यगत अवस्था, कसूरदारको सामाजिक र आर्थिक परिवेश, उमेर अवस्था, पीडितलाई पर्न गएको हानी वा क्षति लगायत मुलुकी अपराध संहिता, २०७४ को दफा ३८, ३९, ४३ र ४४ मा वर्णित समग्र अवस्थाहरूको सादृश्यतामा कसूरको मात्रा र गम्भिरतालाई हेरी कानूनबमोजिम सजायको अनुपात मिल्ने हिसाबबाट निर्धारण गर्नुपर्ने हुन्छ। यसरी कुनै पनि कसूरमा सजाय निर्धारण गर्दा एकातर्फ कसूरको गम्भिरता र सजायको मात्राका बीचमा समानुपातिकता कायम गर्नु आवश्यक हुन्छ भने अर्कोतर्फ समान प्रकृति र अवस्थाको अर्को कसूरमा सजाय निर्धारण गर्दा समेत सजायको मात्रात्मक एकरूपता कायम हुनु पनि उत्तिकै आवश्यक हुन्छ। त्यसैकारण कुनै

पनि फौजदारी कसूरमा सजाय निर्धारण गर्ने क्रममा न्यायकर्तालाई विधायिकी कानूनले प्रदान गरेको फराकिलो स्वविवेकीय अधिकारको प्रयोगको क्रममा कसूर र सजायबीचको समानुपातिकता (Proportionality) र एकरूपता (Uniformity) लाई विशेष रूपमा ख्याल गर्नुपर्ने हुन्छ। यी समग्र पक्षहरू सजाय निर्धारणको क्रममा न्यायकर्ताले मनन् गर्नुपर्ने विषय हुन्।

१९. कुनै पनि फौजदारी कसूरमा कसूरदारलाई सजाय निर्धारण भइसकेपछि सो सजाय के कसरी र कुन रूपमा कार्यान्वयन गराउने भन्ने विषय सजाय कार्यान्वयनको विषय बन्दछ। फौजदारी मुद्दामा भएको फैसला कार्यान्वयनको सन्दर्भमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद-१५ मा व्यवस्था भएको देखिन्छ भने सजाय कार्यान्वयनको सम्बन्धमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को परिच्छेद-४ मा कैद सजाय भएकोलाई सामुदायिक सेवामा लगाउने सम्बन्धी व्यवस्था र ऐ. परिच्छेद-५ मा कैदमा राख्ने सम्बन्धी व्यवस्था अन्तर्गत समेटिएको देखिन्छ। उक्त परिच्छेदको दफा ३६ ले ***"विभिन्न कसूरबापत भएको कैद सजायको कार्यान्वयन"*** को सम्बन्धमा व्यवस्था गरेको पाइन्छ।

२०. कैदको सजाय कार्यान्वयनबाट कसूरदारको व्यक्तिगत स्वतन्त्रता नियन्त्रित हुन जान्छ। त्यसैकारण अदालतको अन्तिम फैसलाबमोजिम कसूरदारलाई भएको सजाय कार्यान्वयन गर्दा फैसलाले तोकेको कैद सजायको सीमासम्म मात्र कैदमा राखिनुपर्दछ। यसरी हेर्दा सजाय निर्धारण विशुद्ध न्यायिक कार्य हो। फैसलाबमोजिम सजाय कार्यान्वयनको क्रममा कैदको अवधि तोक्ने वा कैद हद वा सीमा निर्धारण गर्ने कार्य समेत न्यायिक प्रकृतिको हुन्छ। त्यसैगरी फैसलाबमोजिम निर्धारित कैद अवधि भुक्तानको लागि कसूरदारलाई कारागारमा कैदमा राख्ने वा खुल्ला कारागारमा राख्ने वा सामुदायिक सेवामा समावेश गराई निजलाई तोकिएको कैद अवधि व्यतित गराउने लगायतका कार्यमा पनि कानूनले निर्धारण गरेको शर्त, अवस्था र विधि लागु हुने भएकोले सो हदसम्म उक्त विषय पनि कानूनी प्रकृतिको नै हुन्छ। यसदेखि बाहेकका अन्य व्यवस्थापकीय कार्य भने प्रशासनिक प्रकृतिभित्र पर्ने देखिन्छ। सजाय कार्यान्वयनको विषयमा न्यायिक, कानूनी तथा प्रशासकीय आयाम हुने भएकोले यिनमा तीनै पक्षको संयोजन रहन्छ। त्यसकारण कुनै पनि फौजदारी कसूरको सम्बन्धमा गरिने सजाय निर्धारणको विषय र निर्धारण भइसकेको सजायको कार्यान्वयनको विषय फरक-फरक

भएपनि यी विषय अन्तरसम्बन्धित पनि बन्न पुग्दछन्। विशेष गरी एकिकृत कसूर, बहुकसूर वा पटके कसूर वा कानूनबमोजिम अन्य विशेष अवस्थाको कसूरमा सजाय तोक्दा वा सजाय निर्धारण गर्दा वा फौजदारी कसूरमा पनि कैद जरिवाना गर्दा कार्यान्वयनको रोहमा कैद हद निर्धारण गर्नुपर्दा यो अन्तरसम्बन्धित भएर पनि आउँदछ।

२१. प्रस्तुत रिट निवेदनमा निवेदकले आफूलाई विभिन्न मितिमा भएको कसूरको हकमा विभिन्न अदालतबाट भएको फैसलाले सजाय निर्धारण गरिसकेको र कञ्चनपुर जिल्ला अदालतमा चलेको लागू औषध मुद्दामा मिति २०६७।८।२४ देखि पक्राउ भई निरन्तर कैदमा रहेको अवस्थामा विभिन्न मितिमा भएको कैद सजायमा कैद खाप्ने विषयमा भएको काठमाडौं जिल्ला अदालतको मिति २०७८।९।६ को संशोधित कैदी पूर्जीलाई चुनौती दिएको अवस्था देखिएकोले प्रस्तुत विषय कैद हदको विषय हुँदा सजाय कार्यान्वयनको विषय मात्र नभई कैद वर्ष निर्धारणसँग पनि जोडिएको नै देखियो।

अब दोश्रो प्रश्न, *फौजदारी कसूरमा फैसला भइसकेपछि निर्धारण भएको कैद बापत कैदमा राख्दा कसूर गर्दाको समयको कानून लागू हुने हो वा सजाय कार्यान्वयन हुँदाको समयको कानून लागू हुने हो ?* भन्ने बारेमा हेर्दा, कसूर हुँदा प्रचलित कानूनले तोकेको भन्दा बढी सजाय नगरिने भन्ने फौजदारी कानूनको सर्वमान्य सिद्धान्त रहेको छ। सजाय कार्यान्वयन गर्दा थुनुवा/ कैदीको मानव अधिकारको विषयलाई समेत गहन रूपमा विचार गर्नुपर्ने हुन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १२(२) मा *"कुनै कार्य गर्दाका वा नगर्दाको बखत राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानून अन्तर्गत दण्डनीय कसूर नमानिने त्यस्ता कार्यका लागि कुनै पनि व्यक्तिलाई दण्डनीय कसूरको दोषी ठहराइने छैन। न त सो दण्डनीय कसूर गर्दाका बखत लागू रहेको सजायभन्दा बढी सजाय नै गरिनेछ"*[1] भन्ने व्यवस्था रहेको देखिन्छ। त्यसैगरी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १५(१) मा *"कुनै कार्य वा त्रुटी गर्दाका बखत राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानूनअन्तर्गत त्यस्तो कार्य वा त्रुटी फौजदारी कसूर नहुने भएमा कुनै पनि व्यक्तिलाई त्यस्तो कार्य वा त्रुटीका लागि कुनै पनि फौजदारी कसूरको दोषी बनाइने छैन, न त फौजदारी कसूर*

---

[1] *Universal Declaration of Human Rights, 1948* (UDHR) Article-12.2 - No one Shall be held guilty of any penal offence on account of any act or omission which did not constitute a penal offence, under national or international law, at the time when it was committed. Nor shall a heavier penalty be imposed than the one that was applicable at the time the penal offence was committed.

*गर्दाका बखत प्रचलित सजायभन्दा बढी सजाय नै गरिनेछ। कसूर गरेको समयपछि कानूनद्वारा कम सजायको व्यवस्था गरिएकोमा कसूरदारलाई सोको फाइदा प्राप्त हुनेछ"*[2] भन्ने व्यवस्था गरेको देखिन्छ।

२३. त्यसैगरी नेपालको संविधानको भाग ३ अन्तर्गत धारा २० मा *न्याय सम्बन्धी हक* को व्यवस्था गरेको पाइन्छ। उक्त धारा २० को उपधारा (४) मा *"तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन"* भनी कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय गर्न नपाइने गरी मौलिक हकको रूपमा प्रत्याभूत गरेको पाइन्छ। यसरी नेपालको संविधानले नै कसूर गर्दाको समयमा विद्यमान कानूनमा तोकिएभन्दा बढी सजाय हुने गरी सजाय नगरिने भनी व्यक्तिको मौलिक हक प्रत्याभूत गरेको र सोही व्यवस्थालाई प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा *"कुनै कसूरका सम्बन्धमा कसूर गर्दाको बखतभन्दा सजाय निर्धारण गर्दाको बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी सजाय निर्धारण गर्नुपर्नेछ"* भन्ने कानूनी व्यवस्था समेत गरेको अवस्था छ।

२४. यसका अतिरिक्त केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (१) ले मुलुकी ऐन लगायतका विभिन्न कानूनहरूलाई खारेज गरेकोमा ऐ. उपदफा (२) मा *"उपदफा (१) बमोजिम खारेज भएका कानूनबमोजिम यो ऐन प्रारम्भ हुँदाका बखत प्रारम्भ भएको वा भइसकेको देहायका काम कारबाहीको सम्बन्धमा देहाय बमोजिम हुनेछ"* भनी सोही देहाय (ख) मा *"कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसूरको मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्नेछ"* भन्ने व्यवस्था रहेको छ भने त्यसैको प्रतिबन्धात्मक वाक्यांशमा *"तर कुनै फौजदारी कसूरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी*

[2] *International Covenant on Civil and Political Rights, 1966* (ICCPR) Article 15.1 No one shall be held guilty of any criminal offence on account of any act or omission which did not constitute a criminal offence, under national or international law, at the time when it was committed nor shall a heavier penalty be imposed than the one that was applicable at the time when the criminal offence was committed if, subsequent to the commission of the offence, provision is made by law for the imposition of the lighter penalty, the offender shall benefit thereby.



CamScanner

*अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ"* भन्ने व्यवस्था समेत गरेको देखिन्छ।

कुनै व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएको भन्दा बढी सजाय नदिइने फौजदारी कानूनको सिद्धान्त तथा माथि उल्लिखित अन्तर्राष्ट्रिय महासन्धिका प्रावधानहरूका साथै नेपालको संविधान एवं कानूनी व्यवस्थाहरूको अवलोकनबाट कुनै पनि फौजदारी कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दाका बखतभन्दा कसूर गर्दाका बखत कम सजाय हुने कानूनी व्यवस्था रहेको भए सोही कानूनबमोजिम कम सजाय गर्नुपर्ने र यदि कसूर गरिसकेपछि सजाय निर्धारण गर्दाका बखत बनेको कानूनले त्यस्तो कसूरमा कम सजाय हुने व्यवस्था गरेको भए सोही विद्यमान कानूनबमोजिम नै कम सजाय निर्धारण गरी कार्यान्वयन गर्नुपर्छ भन्ने व्यवस्थालाई अङ्गिकार गरेको कुरामा विवाद देखिँदैन। त्यसकारण फौजदारी कसूरमा सजाय निर्धारण गर्दा कसूरदारलाई पहिलेको कानूनबमोजिम बढी सजाय हुने भएमा पश्चातदर्शी असर (Ex-post facto effect) हुने गरी प्रचलित कानूनबमोजिम कम सजाय निर्धारण गर्नबाट रोक लगाएको पाइँदैन। उल्लिखित कानूनी प्रावधानहरूमा कुनै पनि कसूरदारलाई कसूर गर्दाको अवस्थाको कानूनले तोकेको भन्दा बढी सजाय गर्न नहुने विधिशास्त्रीय मान्यतालाई नै आत्मसात गर्न खोजिएको पाइन्छ।

कसूर जतिसुकै अमानवीय र जघन्य किन नहोस् न्यायकर्ताले कसूरदारलाई कानूनले तोकेभन्दा बढी सजाय गर्न मिल्दैन। विविध कारणवश कसूरजन्य कार्यमा संलग्न भएका व्यक्तिउपर उसको समाज तथा राज्य समेतले उप्रति कठोर दृष्टिकोण राखी व्यवहार गर्न न्यायसङ्गत हुँदैन। कुनै पनि असल व्यक्तिको विगतको व्यवहार खराब पनि हुनसक्छ भने खराब व्यक्तिको भविष्यको व्यवहार असल र अनुकरणीय पनि हुनसक्छ भन्ने तथ्यलाई मनन् गरेर त्यसप्रति गरिने व्यवहार निर्धारण हुनु तथा निर्णय गर्नु विवेकसङ्गत हुन्छ। कसूरदारप्रति सधैं कठोर र खराब दृष्टिकोण राखी सुधारको अवसर दिनबाट वञ्चित गर्नु मानवोचित समेत हुँदैन। कठोरतम् सजाय गर्ने परम्परागत धारणामा परिवर्तन आई सुधारात्मक पक्षलाई जोड दिनुपर्ने विधिशास्त्रीय मान्यता विकसित हुँदै आएको परिप्रेक्ष्यमा कुनै पनि कसूरदारलाई सजाय कार्यान्वयन गर्दा कठोर सजाय गर्ने भन्दा पनि कसूरदार वा कैदीलाई गल्तीको बोध गराई पीडितलाई परेको क्षतिबापत परिपूरण गराई पीडकलाई



CamScanner

गल्तीबापत सजाय साथै उपचारात्मक बाटोतर्फ लैजाने प्रणालीको स्थापना अर्थात् पुनर्स्थापकीय न्याय (Restorative Justice) तर्फ राज्य उन्मुख भएको देखिन्छ।

प्रस्तुत रिट निवेदनमा उठाइएको विषय निवेदकलाई ठहर भएको सजाय कार्यान्वयनसँग सम्बन्धित देखिएको हुँदा यी रिट निवेदकको हकमा सजाय कार्यान्वयनको समयमा प्रचलित कानूनको सन्दर्भलाई समेत हेर्नुपर्ने हुन्छ। यस सन्दर्भमा हेर्दा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को देहाय *(ग)* मा ***"कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुनेछ"*** भन्ने व्यवस्था रहेकोछ भने सोही देहाय *(ग)* को प्रतिबन्धात्मक वाक्यांशमा ***"तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुनेछ"*** भनी स्पष्ट रूपमा पहिले भएको कुनै कानूनअन्तर्गत निर्धारण भइसकेको सजायको कार्यान्वयन गर्दा समेत पछिल्लो कानूनी व्यवस्था अन्तर्गत त्यस्तो कसूरमा घटी सजाय हुने व्यवस्था रहेको भए घटी सजाय कार्यान्वयन हुने कुराको प्रत्याभूति गरेको देखिन्छ। यसरी उल्लिखित दफा ३९ को उपदफा (२) को देहाय (ग) को प्रतिबन्धात्मक वाक्यांशले समेत मुलुकी अपराध संहिता लागू हुनुपूर्व प्रचलित कुनै कानूनबमोजिम सजाय भएको भएपनि मुलुकी अपराध संहिता, २०७४ लागू भएपछि त्यस्तो सजाय कार्यान्वयन गर्दा सो अपराध संहितामा लेखिएको हदसम्म मात्र कार्यान्वयन गर्नुपर्छ भनी सजाय कार्यान्वयन गर्दा समेत कम सजाय हुने कानून नै प्रयोग गर्नुपर्छ भनी सजायलाई न्यूनीकरण गर्नुपर्ने पक्षलाई जोड दिएको देखिन्छ। त्यसकारण कुनै पनि फौज़दारी कसूरमा कसूरदारलाई सजाय कार्यान्वयन गर्दा कसूर गर्दाको समयमा प्रचलित कानूनभन्दा सजाय कार्यान्वयनको समयमा घटी सजाय हुने गरी कानूनी व्यवस्था भएको अवस्थामा घटी सजाय नै कार्यान्वयन गर्नुपर्ने कुरामा द्विविधा देखिएन।

२८. यी निवेदक प्रतिवादी भई चलेका मुद्दाहरूमध्ये ०६८-CR-१६८६ को ज्यान मार्ने उद्योग मुद्दाको मिति २०६३।३।१९ मा अभियोगपत्र दायर भई काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।१।१४ मा फैसला हुँदा ५ वर्ष कैद भएको, ०६७ फौ.नं. ४/२५३ को हातहतियार खरखजाना मुद्दाको वारदात मिति २०६३।१०।२९ रहेको र उक्त मुद्दामा जिल्ला प्रशासन कार्यालयबाट मिति २०६८।३।१९ मा ५ वर्ष कैद र रु.१,००,०००।-



CamScanner

(एक लाख रुपैयाँ) जरिवाना हुने ठहरी फैसला भएको, मि.नं. १०४५(ख) को हातहतियार खरखजाना मुद्दाको वारदात मिति २०६३।१२।१७ रहेको र उक्त मुद्दामा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट मिति २०६६।८।२१ मा २ वर्ष कैद र रु.४,०००।- (चार हजार रुपैयाँ) जरिवाना हुने ठहरी फैसला भएको, मुद्दा नं. ०६७-CR-००५२ को लागू औषध मुद्दाको वारदात मिति २०६७।८।२४ भएको र उक्त मुद्दामा कञ्चनपुर जिल्ला अदालतबाट मिति २०६८।२।४ मा १० वर्ष कैद र रु.२५,०००।- (पच्चीस हजार रुपैयाँ) जरिवाना हुने ठहर भएको फैसला तत्कालीन पुनरावेदन अदालत महेन्द्रनगरबाट समेत मिति २०६९।१२।४ मा सदर भएको देखिँदा उल्लिखित मुद्दाहरूको वारदात हुँदा र अभियोगपत्र दायर हुँदा तथा निज पक्राउ भएको मिति २०६७।८।२४ मा तत्कालीन मुलुकी ऐन, २०२० नै लागू रहेको र कैद पूर्जीसमेत मिति २०६८।०२।२२ मा जारी भएको तथा कैद सजाय कार्यान्वयन गर्ने व्यवस्था समेत तत्कालीन मुलुकी ऐनमा भएको दण्ड सजायको महलको कार्यविधि बमोजिम निवेदकलाई कैदमा पठाइएको भन्ने देखिन्छ। यसरी तत्काल कार्यान्वयनमा रहेको मुलुकी ऐन बमोजिमको कार्यविधि अपनाई कैदमा पठाइएको अवस्था हुँदा निजको हकमा हाल प्रचलित कानूनभन्दा पनि तत्काल सजाय निर्धारण भई कार्यान्वयन हुँदाको समयको प्रचलित मुलुकी ऐनको व्यवस्था र हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ मा भएको व्यवस्थामध्ये जुन व्यवस्था अन्तर्गत घटी सजाय कार्यान्वयन हुने हो, सोही व्यवस्था बमोजिमको कैदी पूर्जी जारी गरिनुपर्ने अवस्था देखियो।

अब, तेस्रो प्रश्न *अर्थात् एकभन्दा बढी मुद्दामा भएको सजाय कार्यान्वयन गर्दा सबै मुद्दामा तोकिएको सजाय एकै पटक/समवर्ती (Concurrently) सजाय खाप्नुपर्ने हो वा एउटा सजाय भुक्तान भइसकेपछि अर्को/लगातार (Consecutively) सजायबापत कैदमा बस्नुपर्ने हो ?* भन्ने सन्दर्भमा विचार गर्नुपर्ने हुन आयो। फौजदारी कसूरमा मूलतः कैद सजाय हुने भएकोले कुनै प्रतिवादी कसूरदार ठहर भएमा निजलाई हुनुपर्ने कैद सजाय निर्धारण गर्ने र निर्धारित सजाय कार्यान्वयन गर्ने विषय कार्यविधिको विषय मात्र नभई फौजदारी कानूनको सारवान विषय पनि हो। कुनै प्रतिवादीलाई कुनै एक फौजदारी कसूरमा मुद्दा चलेको र निज सो कसूरमा कसूरदार ठहरेकोमा कैद तोक्ने र तोकिएको कैद भुक्तान गर्ने गराउने विषय कानूनले नै स्पष्ट गरेको छ। फौजदारी कानूनमा निर्धारित कैद सजायलाई अपराधको मात्रा र कसूर हुँदाका परिस्थिति एवं कसूरको गम्भिरता घटाउने र बढाउने अवस्थालाई विचार गरी

ले कानूनले दिएको सीमाभित्र रही उपयुक्त कैद सजाय तोक्ने गर्छ र कार्यान्वयन हुन्छ। फौजदारी कसूरमा कैद निर्धारण र कार्यान्वयन त्यति बेला जटिल हुन्छ जब प्रतिवादीले एकै वारदातमा वा एकभन्दा बढी वारदातमा एकभन्दा बढी कसूर गरेको ेत हुन्छ। यस अवस्थामा निजलाई एकभन्दा बढी कसूरमा समग्रतामा कति कैद रण गर्ने र निर्धारित कैद सजाय खापिने वा नखापिने भन्ने प्रश्न पेचिलो हुन्छ। रदारलाई एकभन्दा बढी कसूरमा कैद सजाय तोक्दा र अदालतबाट भएको कैद यको कार्यान्वयन गर्दा छुट्टाछुट्टै रुपमा अलग-अलग कसूरको अलग कैद सजाय तोक्ने सबैभन्दा ठूलो कसूरमा मात्र कैद सजाय तोक्ने वा तोकिएको सजाय कार्यान्वयन गर्दा क कसूरको अलग-अलग कैद सजाय कार्यान्वयन गर्ने वा एकैपटक कार्यान्वयन गर्ने वा क अदालतको कैद सजाय भुक्तान भएपछि मात्र अर्को अदालतको कैद सजायको गणना रिनुपर्ने हो वा जुन मुद्दाको कलमको कैद सबैभन्दा ठूलो हो सोही मुद्दामा ठेकिएको कैदको सजाय मात्र कार्यान्वयन हुनुपर्ने हो भन्ने मुलभुत प्रश्न वा विवाद प्रस्तुत मुद्दामा रहेको छ।

एकै व्यक्तिलाई एकै मुद्दाबाट वा एकभन्दा बढी मुद्दाहरुको रोहबाट विभिन्न कसूरहरुमा सजाय गर्नुपर्ने र निर्धारित कैद सजाय एकैसाथ वा अलग-अलग गरी कार्यान्वयन गर्नुपर्ने प्रश्न खास गरी देहायको अवस्थामा उठ्छ।

(क) एकै व्यक्तिले एकै वारदातमा एकै वा एकभन्दा बढी व्यक्ति उपर एक वा एकभन्दा बढी कसूरहरु गरेकोमा।

(ख) कसैले कुनै व्यक्ति विरुद्ध कुनै एक कार्य गरेकोमा (single transaction) त्यस्तो कार्यका सम्बन्धमा एकभन्दा बढी कानूनहरु आकर्षित (Application of multiple laws) हुने भई विभिन्न कसूरहरुमा मुद्दा चली सजाय गर्नुपर्ने र सोको कार्यान्वयन गर्नुपर्ने स्थितिमा।

(ग) कसैले एकैदिन वा विभिन्न मितिमा कुनै एकै पीडित वा एकभन्दा बढी पीडित उपर एकै किसिमको वा फरक-फरक कसूर गरेकोमा।

(घ) कुनै व्यक्तिले एकै वा फरक वारदातमा एकभन्दा बढी कसूर गरेमा।

(ङ) कुनै कसूर गरेको आरोपमा पक्राउ परेको वा कुनै कसूरमा कैद सजाय भई कैदमा बसेको व्यक्ति थुना वा कारागारबाट फरार भई निजले एकै वा फरक वारदातमा एकभन्दा बढी कसूरहरु गरेकोमा।

यी अवस्थाहरु साङ्केतिक उदाहरणहरु हुन्। यस्तै प्रकृतिको विभिन्न अवस्थाहरु फौजदारी न्याय प्रशासनमा आउन सक्छन्। यस प्रसङ्गमा अवस्था अनुसार त्यस्तो व्यक्ति विरुद्ध विभिन्न कसूरको सम्बन्धमा एउटै अभियोगपत्रबाट वा एकभन्दा बढी अभियोगपत्रबाट एकै अदालतमा वा फरक-फरक अदालत वा न्यायिक निकायमा मुद्दा चलेको स्थिति रहन सक्छ। यसरी एकै प्रतिवादी विरुद्ध बहु-कसूरमा मुद्दा चलेको यी अवस्थाहरुमा निरपेक्ष रुपले एकै पद्धतिबाट कैद सजायको कार्यान्वयन पनि हुँदैन।

एकै व्यक्ति उपर विभिन्न कसूरहरुमा मुद्दा चलेकोमा ती कसूरहरुमा कैद सजाय निर्धारण र कार्यान्यवन गर्ने सम्बन्धमा मूलतः दुईवटा पद्धतिहरु हुन्छन्। पहिलो- हरेक कसूरमा अलग-अलग कैद सजाय निर्धारण गर्ने र निर्धारित कैद एकैसाथ कार्यान्वयन हुने पद्धति (Concurrent Model)। दोस्रो- अलग-अलग कसूरमा तोकिएको कैद सजाय अलग-अलग अर्थात् एक कसूरमा निर्धारित कैद सजाय भुक्तान भएपछि मात्र अर्को कसूरको कैद सजाय कार्यान्वयन हुने (Consecutive or cumulative Model) । यी दुई पद्धतिहरु एक अर्काको विपरीत वा एकको विकल्प अर्को होइनन्। यी दुवै पद्धतिको प्रयोग खास अवस्थामा हुन्छ। फौजदारी न्याय सम्पादनमा यी दुवै पद्धतिहरु प्रयोगमा आउँछन्। कुनै कसूरदारले गरेको एकभन्दा बढी कसूरहरुको सम्बन्धमा प्रत्येक कसूरबापतको अलग-अलग सजाय निर्धारण गरिने र त्यसरी तोकिएको कैद सजायको कार्यान्वयन गर्दा भने सबैभन्दा ठूलो कैदको सजाय मात्र भुक्तान गरे पुग्ने र अरु कैद सजायको भने छुट्टै भुक्तान गर्नु नपर्ने अर्थात् सबै कैद सजाय एकसाथ भुक्तान भएको मानिने पद्धतिको अवधारणलाई Single Sentence for Multiple Offences पनि भनिन्छ।

२. नेपालमा भने समवर्ती (Concurrent) मोडल आजीवन काराबासका अतिरिक्त जन्मकैद हुने कसूरको हकमा पनि लागू गरिएको छ। मुलुकी ऐनको दण्ड सजायको ८, १० र ४१ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ११ र दफा ३६ को उपदफा (१), (३) र (४) ले यो मोडललाई अबलम्बन गर्न खोजेको देखिन्छ।

३३. यसैगरी हरेक कैद सजाय एकसाथ भुक्तान नहुने गरी अर्थात् प्रत्येक कसूरमा अलग-अलग कैद सजाय तोक्ने (Consecutive or cumulative Model)) र तोकिएको कैद सजाय पनि अलग-अलग भुक्तान गर्ने पद्धतिको पनि आफ्नै प्रयोजन र मान्यता छ। कुनै कसूरदारलाई एकै वा एकभन्दा बढी मुद्दाहरुको रोहबाट विभिन्न कसूरहरुको सन्दर्भमा विभिन्न



CamScanner

हरुको कैद सजाय तोकिएकोमा तोकिएको कैद सजायको कार्यान्वयन गर्ने विषयका खास सैद्धान्तिक आयामहरु पनि छन्। यो विषय प्रत्येक मुलुकको फौजदारी न्याय सन र न्याय सम्पादनमा आउने विषय पनि हो। त्यसैगरी cumulative sentencing को तालाई आजीवन कारावासको कैद सजाय र जन्मकैद भएको कसूरदारको हकमा क सामान्यतः देहायका १२ (बाह्र) वटा अवस्थाहरुमा अवलम्बन गरिन्छ।

) कुनै व्यक्तिले एकै वारदातमा एकै पीडित उपर एकिकृत कसूर गरेकोमा।

) कसैले एकै वारदातमा एकभन्दा बढी पीडित उपर विभिन्न कसूरहरु गरेकोमा।

) कसैले कुनै एक कसूर गरेकोमा सो कसूरको प्रमाण नष्ट गर्न वा कसूरलाई छुपाउन वा दबाउनको लागि निजले अर्को कसूर गरेकोमा।

) अलगअलग- वारदातमा एकै वा एकभन्दा बढी पीडितउपर विभिन्न कसूरहरु गरेकोमा र ती कसूरहरु एक-आपसमा अन्तरसम्बन्धित नभएको अवस्थामा (Multiple unrelated offences)।

ङ) कैद सजाय भोग्नुपर्ने कसूरदारले कैदमा नबस्दै अर्को कसूर गरेकोमा।

च) कैद सजाय भुक्तान गरिरहेको कसूरदारले कैदमा रहँदाको अवस्थामा नै अर्को कसूर गरेकोमा।

(छ) कैद सजाय भुक्तान गरिरहेको व्यक्तिले कैदबाट भागेर अर्को कसूर गरेकोमा।

(ज) कसूरदार ठहर भई कानूनबमोजिम कैद सजायका विकल्पहरु जस्तै सामुदायिक सेवा, कैद सजायको निलम्बनको सुविधा, सुधार गृह, प्यारोल, पुनस्थापना केन्द्र, खुल्ला कारागार आदिको सुविधा उपभोग गरिरहेको कसूरदारले सो अवधिमा अर्को कसूर गरेकोमा।

(झ) अपराधको अनुसन्धान वा कसूरसम्बन्धी मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा रहेको व्यक्तिले थुनामा रहँदाको अवस्थामा अर्को कसूर गरेकोमा।

(ञ) अपराधको अनुसन्धान वा कसूरसम्बन्धी मुद्दाको पुर्पक्षको क्रममा थुनामा रहेको व्यक्ति भागेर निजले अर्को कसूर गरेकोमा।

(ट) अपराधको अनुसन्धान वा कसूरसम्बन्धी मुद्दाको पुर्पक्षमा रहेको व्यक्ति कानूनबमोजिम थुनाबाट छुटेको अवस्थामा निजले अर्को कसूर गरेकोमा।

(ठ) अपराधको अनुसन्धानको क्रममा नियन्त्रणमा लिईएको वा पक्राउ परेको संदिग्ध व्यक्ति (Suspected person) नियन्त्रणबाट भागेर निजले अर्को कसूर गरेकोमा।

कसूरको गम्भिरता (seriousness of each crime), पीडितको अलग अस्तित्व र पीडा existence of each victim and pain suffered by victim/survivals), सजायको पातिक हद (proportionality of sentence) र पीडकको आपराधिक दायित्व (Criminal lity of perpetrator) कसूरमा सजाय निर्धारण गरी (punishment in each crime) निर्धारित सजाय अलग-अलग भोग्नु पर्दछ भन्ने यस मान्यताको सार हो। यो मोडेललाई कको मुलुकी ऐनको दण्ड सजायको महलको ८, १० र ४१ नं. को कानूनी प्रावधान, की अपराध संहिता, २०७४ को दफा ४३ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा र्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) र (५) ले अवलम्बन गरेको

भन्दा बढी कसूरमा कसूरदार ठहर हुँदा कायम हुने कैद हदको विषयमा फौजदारी सूरमा कैद सजायको कार्यान्वयन सम्बन्धी अन्तर्राष्ट्रिय परम्परा तथा कानूनी व्यवस्था के स्तो छ भनी हेर्न वान्छनीय देखिन्छ। अमेरिकाको *US Code को Section §3584 मा Multiple Sentences of Imprisonment*[३] शीर्षक अन्तर्गत कसूरदारले एकैसाथ Concurrently) वा एकपछि अर्को (Consecutively) सजाय भुक्तान गर्नुपर्ने भनी अदालतको आदेश बमोजिम नै हुने गरी संघीय कानूनले व्यवस्था गरेको पाइन्छ। अमेरिकाको विभिन्न राज्यहरूमा सजाय कार्यान्वयनका आ-आफ्नै राज्यका कानूनले तोकेका

---

*Imposition of Concurrent or Consecutive Terms.* - If multiple terms of imprisonment are imposed on a fendant at the same time, or if a term of imprisonment is imposed on a defendant who is already subject an undischarged term of imprisonment, the terms may run concurrently or consecutively, except that the rms may not run consecutively for an attempt and for another offense that was the sole objective of the ttempt. Multiple terms of imprisonment imposed at the same time run concurrently unless the court orders or he statute mandates that the terms are to run consecutively. Multiple terms of imprisonment imposed at different times run consecutively unless the court orders that the terms are to run concurrently.

*(b) Factors To Be Considered in Imposing Concurrent or Consecutive Terms.*-The court, in determining whether the terms imposed are to be ordered to run concurrently or consecutively, shall consider, as to each offense for which a term of imprisonment is being imposed, the factors set forth in section 3553(a).

*(c) Treatment of Multiple Sentence as an Aggregate.*-Multiple terms of imprisonment ordered to run consecutively or concurrently shall be treated for administrative purposes as a single, aggregate term of imprisonment. (Added Pub. L. 98-473, title II, §212(a) (2), Oct. 12, 1984, 98 Stat. 2000.)- uscode.house.gov/view.xhtml?req

प्रकृयाहरू अपनाउने गरेको पाइन्छ। जस्तै, अमेरिकाको ***Oregon v. Ice***[4], को मुद्दामा ***"The controlling statute in Oregon provides that sentences shall run concurrently unless the judge finds statutorily described facts."***[५] भनी व्याख्या भएको पाइन्छ। यसबाट उल्लिखित मुलुकको कानून प्रणालीमा कानूनबमोजिम न्यायाधीशले तोकेको निश्चित अवस्थामा बाहेक विभिन्न कसूरमा तोकिएको सजाय एकैसाथ (Concurrently) कैदमा बसी कटाउनुपर्ने व्यवस्था रहेको देखिँदा एकैसाथ भोगिने सजाय (Concurrent Sentencing) र एकपछि अर्को सजाय भोग्ने (Consecutive Sentencing) सम्बन्धमा न्यायकर्तालाई नै मुद्दाको प्रकृति हेरी सजाय निर्धारण गर्न पाउने गरी स्वविवेकीय अधिकार प्रदान गरिएको भन्ने देखिन्छ।

३५. US Code को दफा ३५८४(अ)[६] ले एकै मितिमा एकभन्दा बढी कसूरमा कैद सजाय गर्दा अदालतले अन्यथा आदेश दिएमा वा कानूनद्वारा निर्धारित अवस्थामा बाहेक सबै कसूरबापतको कैद एकैसाथ (Concurrently) भुक्तान हुन्छ, तर फरक-फरक समयमा कैद गर्नुपर्ने अवस्थामा भने अदालतले अन्यथा आदेश दिएमा बाहेक एउटा कसूरबापतको कैद भुक्तान भएपछि अर्को कसूरको कैद अथवा एकपछि अर्को (Consecutively) कैद भुक्तान हुने भनी व्यवस्था गरेको देखिन्छ। भारतीय फौजदारी कार्यविधि संहिता, १९७३ को दफा ३१[७]

---

[4] 555 U.S. 160 (2009) Ore. Rev. stat. §137.123(1)(2007)

[5] Supreme Justia.Com/cases/federal/us/555/160

[6] **US Code §3584.** Multiple sentences of imprisonment (a) Imposition of Concurrent or Consecutive Terms.-If multiple terms of imprisonment are imposed on a defendant at the same time, or if a term of imprisonment is imposed on a defendant who is already subject to an undischarged term of imprisonment, the terms may run concurrently or consecutively, except that the terms may not run consecutively for an attempt and for another offense that was the sole objective of the attempt. Multiple terms of imprisonment imposed at the same time run concurrently unless the court orders or the statute mandates that the terms are to run consecutively. Multiple terms of imprisonment imposed at different times run consecutively unless the court orders that the terms are to run concurrently.

[7] ***The Code of Criminal Procedure, 1973, section 31.*** Sentence in cases of conviction of several offences at one trial.–(1) When a person is convicted at one trial of two or more offences, the Court may, subject to the provisions of section 71 of the Indian Penal Code (45 of 1860), sentence him for such offences, to the several punishments prescribed therefor which such Court is competent to inflict; such punishments when consisting of imprisonment to commence the one after the expiration of the other in such order as the Court may direct, unless the Court directs that such punishments shall run concurrently.

(2) In the case of consecutive sentences, it shall not be necessary for the Court by reason only of the aggregate punishment for the several offences being in excess of the punishment which it is competent to inflict on conviction of a single offence, to send the offender for trial before a higher Court:

Provided that–



CamScanner

र ४२७[8] ले पनि कैद हद गर्ने वा पहिले भएको सजाय सँगसँगै पछि भएको सजाय समेत साथसाथै भोग्ने भन्ने विषयमा न्यायाधीशलाई नै स्वविवेकीय अधिकार दिएको पाइन्छ। यसै सन्दर्भमा भारतको अदालतबाट व्याख्या गरिएको केही प्रतिनिधिमूलक उदाहरणलाई हेरौं:

**Ravi Ashok Ghumare v State of Maharashtra**[9] को मुद्दामा, सजाय सम्बन्धी नीतिले हतोत्साहको प्रभाव र अपराधीको सुधार तथा समाजमा पुनर्स्थापनाबीच सन्तुलन कायम गर्न आवश्यक छ भनेर विवेचना गरिएको छ। पीडित र राज्यका अधिकारहरू बीचको सन्तुलन कायम गर्न एकातिर पीडितको गुनासोको समाधान खोज्ने र अर्कोतर्फ दोषीप्रति केहि हदसम्म मानवीय र दयाभावको दृष्टिकोण अपनाउनुपर्ने, अर्थात् "the sentencing policy, therefore, needs to strike a balance between the two sides and count upon the twin test of (i) deterrent effect, or (ii) complete reformation for integration of the offender in civil society. A balance between the rights of victim and State to seek redressal of their grievances, on one hand, and adopting a certain degree of humanitarian and compassionate approach towards the convict, on the other" भनेर व्याख्या भएको पाइन्छ।

त्यसैगरी, **O.M. Cherian v. State of Kerala**[10] को मुद्दामा, भारतीय सर्वोच्च अदालतले Criminal Procedure Code को दफा ३१ लाई उद्धृत गर्दै दुई वा दुईभन्दा बढी अपराधमा दोषी ठहर भएको अवस्थामा समवर्ती सजाय हुने गरी सजाय निर्धारण गर्ने अधिकार अदालतको स्वविवेकको विषय हुने भनी व्याख्या भएको पाइन्छ। भारतमा

(a) in no case shall such person be sentenced to imprisonment for a longer period than fourteen years;
(b) The aggregate punishment shall not exceed twice the amount of punishment which the Court is competent to inflict for a single offence.

[8] *The Code of Criminal Procedure, 1973, section 427*. Sentence on offender already sentenced for another offence.–(1) When a person already undergoing a sentence of imprisonment is sentenced on a subsequent conviction to imprisonment or imprisonment for life, such imprisonment or imprisonment for life shall commence at the expiration of the imprisonment to which he has been previously sentenced, unless the Court directs that the subsequent sentence shall run concurrently with such previous sentence: Provided that where a person who has been sentenced to imprisonment by an order under section 122 in default of furnishing security is, whilst undergoing such sentence, sentenced to imprisonment for an offence committed prior to the making of such order, the latter sentence shall commence immediately. (2) When a person already undergoing a sentence of imprisonment for life is sentenced on a subsequent conviction to imprisonment for a term or imprisonment for life, the subsequent sentence shall run concurrently with such previous sentence.

[9] (2019) 10 SCC 17

[10] (2014) 11 SCC 7



CamScanner

रहेका विभिन्न अदालतहरुले न्यायिक विवेकको प्रयोग गरी कसूरदारलाई फाइदा हुने गरी गरेको देखिएतापनि लगातार सजाय निर्धारण गर्ने वा नगर्ने भन्ने निर्णय घटाइएको कसूरको प्रकृति तथा मुद्दाको तथ्य तथा परिस्थितिमा निर्भर हुन्छ। अर्थात् "Under Section 31 Cr.P.C. it is left to the full discretion of the Court to order the sentences to run concurrently in case of conviction for two or more offences. It is difficult to lay down any straitjacket approach in the matter of exercise of such discretion by the courts. [b]y and large, trial courts and appellate courts have invoked and exercised their discretion to issue directions for concurrent running of sentences, favouring the benefit to be given to the accused however, Whether a direction for concurrent running of sentences ought to be issued in a given case would depend upon the nature of the offence or offences committed and the facts and circumstances of the case." भनी निर्णय भएको देखियो।

**Ranjit Singh vs State Of Punjab**[11] को मुद्दामा फरक-फरक सुनुवाइ गरी फरक-फरक सजाय ठेकिएको अवस्थामा, अदालतले स्पष्ट रुपमा यस्ता फरक-फरक सजायहरु समवर्ती भोग्नुपर्ने भनेर निर्णय नगरेसम्म सजाय लगातार रुपमै कार्यान्वयन हुने अर्थात् "When multiple sentences are given in separate trials it is only when the court specifically orders that multiple sentences are to run concurrently that the multiple sentences would run concurrently and not consecutively. In the absence of any such specific order, the general rule is that the sentences have to run consecutively." भनी व्याख्या भएको छ।

त्यसैगरी, **Mohd. Akhtar Hussain v Ast. Collector of Customs**[12] को मुद्दामा सामान्यतया दुई कानूनअन्तर्गत दुई अपराधहरूको व्यवस्था गर्दछ भने लगातार सजाय हुनुभन्दा समवर्ती सजाय हुनु उचित र वैध मानिन्छ तर कसूरको प्रकृति एउटै नभएमा वा दुई कसूरको तथ्य फरक भएमा यो नियम लागू हुँदैन अर्थात्, 'If a given transaction constitutes two offences under two enactments generally, it is wrong to have consecutive sentences. It is proper and legitimate to have concurrent sentences. But this rule has no application if the transaction relating to offences is not the same or the facts constituting the two offences are quite different." भनी व्याख्या भएको पाइन्छ।

[11] CRWP-1779-2019 (O&M).

[12] (1988) 8 SCC 2



CamScanner

३६. त्यसैगरी अष्ट्रेलियाको *Crimes (Sentencing) Act, 2005- Sect 71* मा ***Concurrent and Consecutive Sentences-General Rule*** अन्तर्गत निम्न व्यवस्था रहेको देखिन्छः

1. *In the absence of a direction under Subsection (2), the primary sentence must be served concurrently with the existing sentence.*
2. *The Court may direct that the primary sentence be served consecutively (or partly concurrently and partly consecutively) with the existing Sentence.*

अष्ट्रेलियामा, विशेष निर्देशन भएसम्म प्रारम्भिक सजाय एकैपटक भोग्नु पर्ने व्यवस्था रहेको देखियो। तर, अदालतले निर्देशन दिएमा प्रारम्भिक सजाय पछिको थप सजाय पूर्ण अथवा आंशिक रुपमा एकैसाथ वा एक पछि अर्को गरी भुक्तान गर्नु पर्ने देखिन्छ।

३७. उल्लिखित अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरूको तुलनात्मक अवलोकनबाट अदालतले आफ्नो स्वविवेक प्रयोग गरी लगातार अथवा समवर्ती सजाय निर्धारण गर्न मिल्ने अभ्यास रहेको देखिन्छ। अमेरिकामा एकैचोटी कैद ठेक्ने गरिन्छ भने भारतमा आदेश दिएको अवस्थामा बाहेक सामान्यतः विभिन्न कसूरमा भएको सजायलाई लगातार सजाय कट्टा हुने गरी कार्यान्वयन गर्नुपर्ने भन्ने देखिन्छ। यसरी विभिन्न कसूरबापत निर्धारण भएको सजायको कार्यान्वयनको सम्बन्धमा कसूरदारले सामान्यतः एक पछि अर्को सजाय निर्धारण गर्ने र आदेश दिएको अवस्थामा मात्र समवर्ती हुने गरी भुक्तान गर्नुपर्ने कुरा अन्य मुलुकहरूको कानूनमा नै व्यवस्था गरी सामान्य नियमको रूपमा विभिन्न कसूरबापत निर्धारण भएको सजाय एकैसाथ कार्यान्वयन हुने कुरालाई स्वीकार गरिएको देखिन्छ भने कहीं यो अधिकार न्यायाधीशको विवेकमा नै छोडिएको देखियो र अष्ट्रेलियासम्म विशेष निर्णय नभएसम्म एकैपटक/समवर्ति सजायको व्यवस्था गरिएको देखियो। तसर्थ सजाय निर्धारण अर्थात् कैद ठेक्ने विषयमा विभिन्न राष्ट्रहरुको फरक फरक अभ्यास रहेको देखिन्छ।

३८. नेपालमा मुलुकी अपराध संहिता, २०७४ लागू हुनुपूर्व तत्काल प्रचलित मुलुकी ऐनले फैसला कार्यान्वयनसँग सम्बन्धित कानूनी व्यवस्था गरेको पाइन्छ। माथि उल्लेख भएबमोजिम यी रिट निवेदक प्रतिवादी भएको विभिन्न कसूरको वारदात हुँदाको अवस्थामा तत्कालीन मुलुकी ऐन,२०२० प्रचलनमा रहेको अवस्था भएकोले निजलाई लागेको कैद सजायको हद निर्धारण गरी कार्यान्वयन गर्ने सन्दर्भमा सो मुलुकी ऐनमा भएको व्यवस्थाको पनि अवलोकन हुनु वाञ्छनीय देखिन्छ।



CamScanner

३९. फौजदारी मुद्दामा एकभन्दा बढी कसूरमा सजाय भएको कसूरदारलाई हुने सजायको कार्यान्वयन गर्दा कैद हद गर्ने सन्दर्भमा साविक मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. मा व्यवस्था रहेको पाइन्छ। उक्त ४१ नं. मा *"एकै मानिसलाई एकै वा धेरै मुद्दाको धेरै कलमको कैद ठेक्नु परेमा जुन कलममा कैदको सबभन्दा ठूलो हद छ सो हद ननाघ्ने गरी एकै वा धेरै मुद्दामा एकै वा धेरै कलममा गरी कैद ठेक्नु पर्छ। त्यसरी कैद ठेकिएकोमा कैद भुक्तान हुन नपाउँदै अर्को कलममा कैद ठेक्नुपर्ने भयो र अघि ठेकिएको जम्मा कैदभन्दा पछि ठेक्नु पर्ने कलमको हद बढी छ भने अघि कैद ठेक्दा थुनामा परेको मितिदेखि पछि ठेकिएको कलमको हद ननाघ्ने गरी कैद ठेक्नुपर्छ। अघि ठेकिएको कैद भन्दा पछि ठेक्ने कलमको हद घटी रहेछ भने थप कैद ठेक्नु पर्दैन। फैसला, कैदी पूर्जी, कैद ठेक्ने किताबमासम्म खुलाई दिनुपर्छ र पछि ठेकिने कलमको हद घटी भएपनि अघि कैद गर्दा ठूलो कलमको हद नपुगेको रहेछ भने सो नपुग दिनसम्म पछिल्लो कलममा कैद गर्नुपर्छ। धेरै कलमको कैदको हद बराबर हुन आयो भने सोमध्ये एक कलमको कैद ठेक्नुपर्छ। अरु कलमका हकमा फैसला, कैदी पूर्जी, कैद ठेक्ने किताबमासम्म खुलाउनुपर्छ। तर फैसला भइसकेपछि कैद नबस्दै वा थुना कैद बसेको अवस्थामा वा थुना कैदबाट छुटेको वा भागेको अवस्थामा अर्को कसूर गरेकोमा सो कसूरबापत कानूनबमोजिम थप कैद ठेक्नुपर्छ"* भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थाका सम्बन्धमा यस अदालतको संयुक्त/पूर्ण/बृहत पूर्ण इजलासबाट यसपूर्व विभिन्न मितिमा भएको व्याख्याहरूको सरसर्ती अवलोकन हुनु समेत मनासिव देखिन्छ:

क) ठूला कान्छा भन्ने रामबहादुर तामाङ विरुद्ध भक्तपुर जिल्ला अदालतसमेत[१३] भएको बन्दीप्रत्यक्षीकरण निवेदनमा *भक्तपुर जिल्ला अदालतले तोकेको ६ वर्ष कैद र रु.१,४०७/३७ जरिवाना र बागमती विशेष अदालतले तोकेको रु.४००।- जरिवाना गरी जम्मा रु.१,८०७/३७ बापत मुलुकी ऐन चोरीको महलको २८ नं. बमोजिम हुने कैद वर्ष ४ समेत गरी १० वर्षको लगत कसी सो भुक्तान नहुँदै काठमाडौंतर्फको तीन वटा चोरी मुद्दाको सजाय ६ वर्ष ६ महिना थपी १६ वर्ष ६ महिना कैदको लगत कसेको मिलेन, अघि ठेकिएको १० वर्षमा पछिको कैद गाभिन्छ* भनी मिति

[१३] नेकाप २०४१, अङ्क ३, नि.नं. १९४२

२०३०।७।२८ बाट मिति २०४०।७।२६ सम्म १० वर्ष कैद भुक्तान भएको भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएको देखिन्छ।

ख) राधाकृष्ण मैनाली विरुद्ध झापा जिल्ला अदालत समेत[१४] भएको बन्दीप्रत्यक्षीकरण निवेदनमा *निवेदक राधाकृष्ण मैनालीलाई खुन डाँका मुद्दामा ठेक्ने कैद म्यादका सम्बन्धमा कैदको सबभन्दा ठूलो हद छ सो हद ननाध्ने गरी ठेक्नुपर्ने, अघि ठेकिएको कैदभन्दा पछि ठेक्ने कलमको हद घटी रहेछ भने थप कैद ठेक्नु नपर्ने भन्ने दण्ड सजायको ४१ नं. मा व्यवस्था भएको हुँदा धर्मकुमारीको जाहेरी हदसम्मको कैद वर्ष १० भोगी सकेको हुँदा निवेदक राधाकृष्ण मैनालीलाई दण्ड सजायको ४१ नं. समेतबाट कैद वर्ष ६ थप ठेक्नुपर्ने अवस्था देखिँदैन* भनी व्याख्या भएको छ।

ग) राधाकृष्ण थापामगर विरुद्ध काठमाडौं जिल्ला अदालतसमेत[१५] भएको बन्दीप्रत्यक्षीकरण निवेदनमा *"प्रस्तुत रिट निवेदकलाई विभिन्न ५ पटक चोरी गरेको कायम गरी ५ वर्ष ९ महिना कैद ठेकिएको देखिन आयो। रिट निवेदकले विभिन्न पाँचपटक चोरी गरेको कायम गरेकोमा पाँचौं पटक चोरी गरे बापतको कैद वर्ष ३ सबैभन्दा ठूलो देखिन आएको छ। उक्त दण्ड सजायको महलको ४१ नं.को व्यवस्था अनुरुप यसमा ठूलो हदको म्यादी कैद वर्ष ३ हुनुपर्ने देखिन आयो"* भनी व्याख्या भई बन्दीप्रत्यक्षीकरणको रिट जारी भएकोछ।

घ) माधव श्रेष्ठ विरुद्ध का.मु.मुख्य न्यायाधीश मध्यमाञ्चल क्षेत्रीय अदालत समेत[16] भएको बन्दीप्रत्यक्षीकरण निवेदनमा रिट निवेदकलाई चार पटक चोरी गरेको कसूरमा जम्मा कैद २ वर्ष ८ महिना र १५ दिन कैद ठेकिएकोमा निजको चौथो पटकको कसूरबापत सबैभन्दा ठूलो हद १ वर्ष ६ महिना भएको हुँदा सो बमोजिम र जरिवानाबापत ४ वर्ष समेत गरी जम्मा ५ वर्ष ६ महिना कैद ठेक्नुपर्नेमा सो भन्दा बढी कैदको हद ठेकिएको भनी परेको रिट निवेदनमा *"एकै मानिसलाई एकै वा धेरै मुद्दाको धेरै कलमको कैद ठेक्नु परेमा जुन कलममा कैदको सबभन्दा ठूलो हद छ सो*

---

१४ नेकाप २०४१, अङ्क ९, नि.नं. २१०८

१५ नेकाप २०४३, अङ्क ८, नि.नं. २८३१

16 नेकाप २०४३ अङ्क ११ नि.नं. २९०६



CamScanner

*हद ननाघ्ने गरी एकै वा धेरै मुद्दामा एकै वा धेरै कलममा गरी कैद ठेक्नुपर्ने'* भन्ने व्याख्या भई बन्दीप्रत्यक्षीकरणको रिट जारी भएको छ।

ङ) **नुनुलाल विरुद्ध सुनसरी जिल्ला अदालतसमेत**[१७] भएको बन्दीप्रत्यक्षीकरण निवेदनमा *"पराउलाल चौधरीको जाहेरी परेको डाँका मुद्दामा म्यादी कैद वर्ष ६ र जरिवाना रु.३,३९६।- को कैद वर्ष ४ गरी जम्मा कैद वर्ष १० र गणेश साहु र नारायण साहुको जाहेरी परेको चोरी मुद्दामा म्यादी कैद ४ महिना १५ दिन र जरिवाना रु.७,०८७/५ को कैद वर्ष ४ समेत जम्मा १४।४।१५ कैद ठेक्ने गरेको मिलेको नदेखिएकोले ठूलो हद डाँका मुद्दामा भएको म्यादी कैद ६ वर्ष र जरिवानाबापत हुने कैद वर्ष ४ समेत जम्मा १० वर्ष मात्र कायम गरी लगत राख्नुपर्ने, एकै मानिसलाई एकै वा धेरै कलमको कैद ठेक्नु परेमा जुन कलमको कैदको सबभन्दा ठूलो हद छ सो हद ननाघ्ने गरी कैद ठेक्नु पर्ने'*भनी व्याख्या भई कैदी पूर्जी संशोधन गर्न परमादेशको आदेश जारी भएको छ।

४०. यसैगरी **दुखितलाल हाँडी विरुद्ध झापा जिल्ला अदालतसमेत**[१८] भएको बन्दीप्रत्यक्षीकरणको निवेदनमा निवेदक दुखितलाल हाँडी विरुद्धको पहिलो डाँका मुद्दामा झापा जिल्ला अदालतबाट मिति २०२८।७।१७ मा फैसला हुँदा कैद वर्ष ६ र जरिवाना रु.१२६६/७५ ठहर भएको, दोस्रो डाँका मुद्दामा सोही अदालतबाट मिति २०२८।७।२४ मा फैसला हुँदा कैद वर्ष ९ र जरिवाना रु.१७११/५० भएको र उक्त मुद्दामा पुनरावेदन परी सुरु सदर भएकोले तत्कालीन मुलुकी ऐन, अ.बं. २०३ नं. बमोजिम थप कैद बापत १० महिना २४ दिन र जरिवाना रु.१७१/१५ हुने ठहरी फैसला भएकोमा दण्ड सजायको ३८(१) नं. र चोरीको २८ नं. बमोजिम जरिवाना नतिरे बापत कैद ठेक्दा कैद वर्ष ४ भन्दा बढीको ठेक्न नहुनेमा निजको हकमा कैद वर्ष ९ र जरिवानाबापत जम्मै कलमको गरी ४ वर्ष र पुनरावेदन गरे बापत १० महिना २४ दिन समेत जम्मा कैद १३ वर्ष १० महिना र २४ दिन मात्र हुने भएकोले पुर्पक्षका लागि थुनामा परेको मिति २०२७।१।७ ले मिति २०४०।११।१ मा कैद भुक्तान भई छुट्कारा पाउनुपर्नेमा मिति २०४५।८।२४ मा कैद भुक्तान हुने गरी १८ वर्ष ७ महिना २४ दिनको लगत कसी

---

[17] नेकाप २०४४ अङ्क ८ नि.नं. ३१८१

[18] नेकाप २०४५ अङ्क ४ नि.नं. ३४१३



CamScanner

थुनामा राखेको भनी रिट निवेदकले मुलुकी ऐन दण्ड सजायको महलको ४१ नं. बमोजिम १३ वर्ष १० महिना २४ दिन मात्र कैद हुनुपर्ने र उक्त कैद आफूले भुक्तान गरिसकेको हुँदा गैरकानूनी थुनाबाट मुक्त गरी पाऊँ भनी बन्दीप्रत्यक्षीकरणको रिट दिएकोमा यस अदालतका ५ जना माननीय न्यायाधीशको पूर्ण इजलासबाट मुलुकी ऐन, दण्ड सजायको ४१ नं. को कानूनी व्यवस्थाको सम्बन्धमा बृहत् व्याख्या गरिएको देखिन्छ। उक्त रिट निवेदनमा पूर्ण इजलासबाट भएको फैसलामा मूलतः कैद खाप्ने तथा एकभन्दा बढी कसूर (Multiple Transaction Offence) मा एकै पटक सँगसँगै कैद सजाय (Concurrent Sentencing) भोग्ने सम्बन्धमा व्याख्या भएको पाइन्छ। उक्त मुद्दामा भएको व्याख्याबाट स्थापित नजिर निम्नानुसार रहेको पाइन्छः

क) *एकै मितिमा एकभन्दा बढी मुद्दामा कैदको सजाय ठेक्नुपर्ने भयो भने सबैभन्दा ठूलो हदको कैदमा अरु कैदको सजाय गाभिन जाने र धेरै कलमको कैद बराबर हुन आएकोमा कुनै एक कलमको कैद गर्नुपर्ने।*

ख) *अघि ठेकिएको जम्मा कैदभन्दा पछि ठेक्नुपर्ने कलमको हद बढी छ भने अघि कैद ठेक्दा थुनामा परेको मितिदेखि पछि ठेकिएको कलमको हद ननाघ्ने गरी कैद ठेक्नुपर्ने।*

ग) *अघि ठेकिएको कैदभन्दा पछि ठेक्ने कलमको कैदको हद घटी भएमा थप कैद ठेक्नु नपर्ने।*

घ) *पछि ठेकिने कलमको हद घटी भएपनि अघि कैद ठेक्दा ठूलो कलमको हद नपुगेको रहेछ भने सो हद नपुगेसम्म पछिल्लो कलमको कैद जोडी कैद ठेक्नुपर्ने।*

ङ) *विभिन्न मितिमा फैसला भए पनि धेरै मुद्दामा कैदको हद बराबर भएमा कुनै एक कलमको कैद भइसकेपछि थप कैद ठेक्नु नपर्ने।*

च) *फैसला भइसकेपछि कैद नबस्दै वा थुनामा बसेको अवस्थामा वा थुना कैदबाट छुटेको वा भागेको अवस्थामा अर्को कसूर गरेकोमा सो बापत थप कैद ठेक्नुपर्ने।*

४१. कैद हद निर्धारणको सम्बन्धमा साविक मुलुकी ऐन, दण्ड सजायको ४१ नं. समेतको व्यवस्था र हाल प्रचलित कानूनी व्यवस्थालाई मध्यनजर गर्दा कैद हद गर्ने विषय न्यायिक स्वविवेकको विषय नभई विशुद्ध विधायिकी कानूनले निर्धारण हुने विषय देखिन्छ।



CamScanner

त्यसैकारण हामीकहाँ विधायिकी कानूनले तोकिदिएको आधारमा नै कैद हद गरी एकै पटक/समवर्ती कैद भुक्तानी गर्ने (Concurrent Sentencing) वा एउटा कसूरमा भएको कैद भुक्तान भएपछि अर्को लगातार कसूरको कैद भुक्तान गर्ने (Consecutive Sentencing) भन्ने विषयमा न्यायिक निष्कर्षमा पुग्नुपर्ने हुन्छ। यी रिट निवेदकले गरेका कसूरहरू हुँदाको अवस्थामा कैद हद गर्ने विषयमा तत्काल प्रचलित मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. को प्रतिबन्धात्मक वाक्यांशमा ***"...तर फैसला भइसकेपछि कैद नबस्दै वा थुनामा बसेको अवस्थामा वा थुना कैदबाट छुटेको वा भागेको अवस्थामा अर्को कसूर गरेकोमा सो कसूरबापत कानूनबमोजिम थप कैद ठेक्नुपर्छ"*** भन्ने व्यवस्था रहेको देखिन्छ। सो प्रतिबन्धात्मक कानूनी व्यवस्थाले निम्न अवस्थाहरूमा कसूरदारलाई थप कैद ठेक्नुपर्ने कुरालाई इङ्गित गरेको देखिन्छः

(क) कुनै कसूरदार एउटा मुद्दाको कसूरमा ठहर भएको कैदबापत कैदमा नबस्दै निजले गरेको अर्को कसूरबापत समेत कैद सजाय भएमा,

(ख) थुना वा कैद बसेकै अवस्थामा निजले पुनः अर्को कसूर गरी कैद सजाय भएमा,

(ग) कुनै कसूरमा कैद सजाय भुक्तान गरी कैदबाट छुटेको अवस्थामा पुनः अर्को कसूर गरी सजाय भएमा,

(घ) कुनै कसूर गरी कैद सजाय समेत तोकिसकेपछि कैदबाट भागेको वा फरार रहेको अवस्थामा पुनः अर्को कसूर गरेबापत कैद सजाय भएमा।

४२. यसप्रकार, साविक मुलुकी ऐन, दण्ड सजायको ४१ नं. को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित अवस्थाहरूमा भएको कसूरको हकमासम्म एकपछि अर्को अर्थात् लगातार सजायको भुक्तान गर्नुपर्ने (Consecutive Sentencing) देखिन्छ। सो बाहेकको अन्य अवस्थामा विभिन्न कसूरबापत भएको कैदको सजाय असुल गर्दा सबैभन्दा ठूलो कैदको सजायसम्म असूल गर्नुपर्ने, बराबर सजाय भएकोमा एउटा सजाय तथा पछिल्लो सजाय बढी भएकोमा नपुग जतिमा थप तथा अन्य अवस्थामा सानो कैदको सजाय सोही ठूलो कैदमा नै खापिने कुरामा द्विविधा रहने देखिँदैन।

४३. यी निवेदक प्रतिवादीलाई मिति २०६३।०१।२१ को ज्यान मार्ने उद्योगमा मिति २०७१।०१।१४ मा काठमाडौं जिल्ला अदालतबाट ५ वर्ष कैद सजाय हुने फैसला भएको



CamScanner

देखिन्छ। मिति २०६३।१२।१७ को लागू औषध हेरोइन मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।६।७ मा फैसला भएको देखिन्छ। कञ्चनपुर जिल्ला अदालतमा चलेको ०६७-CR-००५२ को लागू औषध मुद्दामा अनुसन्धान तथा अदालतमा भएको बयानको क्रममा आफू भारत दिल्लीको तिहाड जेलमा ३४ महिना २३ दिन कैदमा बसेको तथ्य लेखाएको देखिन्छ र तिहाड जेलबाट फर्कने क्रममा निजलाई मिति २०६७।८।२४ मा भारत वनवासाबाट नेपालतर्फ आउँदै गरेको अवस्थामा गड्डाचौकी भन्सार कार्यालय नजिक नाकाबाट पक्राउ गरेको देखिन्छ। यस अवस्थामा निज उपर लागेको अभियोगहरूमध्ये पहिलो फैसला हुँदा निज भारतस्थित तिहाड जेलमा कैदमा रहेको अवस्था देखियो। निज लागू औषध मुद्दामा कञ्चनपुर जिल्लाबाट मिति २०६७।८।२४ मा पक्राउ परेपछि निरन्तर कैदमा रहेको अवस्था देखिन्छ। कैदमा नै रहेको अवस्थामा अन्य मुद्दामा फैसला भई सजाय कार्यान्वयनको निमित्त मिति २०६८।०२।२२ मा दिएको कैद पूर्जीलाई संशोधन गरी मिति २०७८।०९।०६ मा मात्र नयाँ कैद पूर्जी दिइएको देखियो। यस अवस्थामा मुलुकी ऐन, दण्ड सजायको ४१ नं. को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित व्यवस्था अन्तर्गत रही यी निवेदकको अवस्था देखिँदैन। त्यसकारण निज उपर ऐ. ४१ नं. को व्यवस्था बमोजिम विभिन्न मुद्दाहरूमा ठहर भएको कैदको हद गर्न मिल्ने नै देखियो।

४४. यसैगरी निरुपण गर्नुपर्ने चौथो प्रश्न अर्थात् *फैसलाबमोजिम कैद भुक्तान गरिरहेको अवस्थामा एकभन्दा बढी मुद्दामा भएको फैसलाबमोजिमको कैद सजाय कार्यान्वयन गर्ने विषयमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) वा उपदफा (२) मध्ये कस्तो अवस्थामा कुन कानूनी व्यवस्था लागू हुने हो ?* भन्ने तर्फ हेर्दा प्रथमतः सो विषयमा हाल कायम रहेको फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को विभिन्न कसूरबापत भएको कैद सजाय कार्यान्वयन सम्बन्धी दफा ३६ लाई हेर्दा निम्न व्यवस्था रहेको देखिन्छः

**दफा ३६. विभिन्न कसूरबापत भएको कैद सजायको कार्यान्वयनः**

(१) कैदको सजाय पाई कैद सजाय भोगिरहेको व्यक्तिलाई एकभन्दा बढी कसूरबापत कैद सजाय गर्नुपर्दा देहाय बमोजिम कैद सजाय गरी फैसला कार्यान्वयन गर्नुपर्नेछः-



CamScanner

(क) पहिले भएको फैसलाबमोजिमको कैदको सजायको अवधि पछिल्लो फैसलाबमोजिमको कैदको सजायको अवधिभन्दा बढी वा बराबर भएमा पहिले भएको फैसलाको कैदको सजाय कार्यान्वयन गर्नु पर्नेछ।

(ख) पछि भएको कैदको सजायको अवधि पहिलेको कैदको सजायको अवधिभन्दा बढी भएमा पछिल्लो कैदको सजायको अवधि जति बढी हुन्छ सोही अवधिसम्म कैद थप गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै कसूरमा कैदको सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान नहुँदै निजलाई अर्को कसूरबापत कैदको सजाय भएमा पहिले भएको कैदको अवधि भुक्तान भएपछि गणना हुने गरी पछि भएको कैदको सजाय कार्यान्वयन गर्नु पर्नेछ।

(३) एउटै मुद्दामा एउटै व्यक्तिलाई प्रचलित कानूनबमोजिम विभिन्न कसूरबापत विभिन्न कैदको सजाय भएकोमा त्यस्तो सजायमध्ये सबैभन्दा बढी कसूरको कैदको सजाय मात्र कार्यान्वयन गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम तोकिएको कैदको सजाय बराबर भएमा त्यस्तो सजायमध्ये कुनै एउटा मात्र सजाय कार्यान्वयन गर्नु पर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पटके कसूरदारका सम्बन्धमा वा एकिकृत कसूरका सम्बन्धमा कानूनमा छुट्टै सजाय तोकिएको रहेछ भने सोही सजाय कार्यान्वयन हुनेछ।

४५. उल्लिखित कानूनी व्यवस्थाको अवलोकन पश्चात् **अब विभिन्न कसूरबापत भएको कैद सजाय कार्यान्वयनको सन्दर्भमा रहेको दफा ३६ को उपदफा (१) वा उपदफा (२) कुन कानूनी व्यवस्था लागू हुने** भन्ने सन्दर्भमा विचार गर्दा, माथि उल्लेख भएझैं फौजदारी कसूरमा कैद सजाय कार्यान्वयन सम्बन्धी मोडेलहरुलाई हाम्रो कानून प्रणालीले कसरी आत्मसात गरेको छ भन्ने सम्बन्धमा हेर्नुपर्ने देखिन आयो। कसैलाई एकभन्दा बढी कसूरहरुमा (Multiple offences) कैद सजाय तोक्ने र सजाय कार्यान्वयन गर्ने सम्बन्धी हाम्रो कानुनी अवस्थाको साविकको स्रोत मूलतः मुलुकी ऐन र अहिलेको स्रोत भनेको मुलुकी अपराध संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ हो। कैद सजायको निर्धारण र कार्यान्वयनको क्रममा रहेका माथि उल्लेखित दुई मोडलहरुको आन्तरिकीकरणको विषयमा हाम्रो कानुनी व्यवस्था अलि अस्पष्ट र अधुरो छ। मुलुकी



CamScanner

ऐनको दण्ड सजायको महलको ८, १० र ४१ नं.हरुका कानूनी प्रावधान र हाल प्रचलनमा रहेका मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ र ४४ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ११ र ३६ समेतलाई समष्टिगत रुपमा दृष्टिगत गर्दा कुनै कसूरदारलाई एकै वारदात वा एकभन्दा बढी वारदातमा एकभन्दा बढी कसूरहरुमा एकै वा फरक-फरक अदालतबाट कसूरदार ठहराई कैद सजाय तोकिएकोमा त्यसरी तोकिएका एकभन्दा बढी कैदका कलमहरुको कार्यान्वयन कसरी हुने हो ? भन्ने सम्बन्धमा कानूनमा स्पष्ट रुपले बिस्तृत उल्लेख भएको देखिन्न।

४६. निश्चय नै मुलुकी ऐनको तुलनामा अहिले प्रचलित अपराध संहिता लगायतका कानूनी ब्यवस्थाहरुले केही विषयहरुलाई प्रष्ट पारेको र सम्बोधन गरेको भए तापनि केही विषयमा भने मुलुकी ऐनमा रहेको स्पष्टतालाई पनि निरन्तरता दिन सकेको देखिएन। मुलुकी ऐनको दण्ड सजायको महलको ८, १० र ४१ नं. ले अङ्गिकार गरेको सामान्य मान्यता अनुसार केही खास अवस्थामा बाहेक कुनै व्यक्तिले गरेका विभिन्न कसूरहरुमध्ये सबैभन्दा ठूलो कैदको सजाय हुने कसूरमा कसूरदार ठहराई सबैभन्दा ठूलो कैद सजाय गरिएकोमा निजलाई अन्य कसूरमा भएको कैद सजाय निजले छुट्टै भोग्नु पर्दैन। सबैभन्दा ठूलो कैदको कलमको मात्र सजाय भोगे पुग्छ। उदाहरणका लागि हालको प्रचलित कानूनले तोकेको सबैभन्दा माथिल्लो कैद सजाय भनेको आजीवन कारावास वा जन्मकैद भएकोले त्यस्तो सजाय हुने कसूर गरेको व्यक्तिले एकै वारदात वा फरक-फरक वारदातमा सो भन्दा कम कैद सजाय हुने कसूर पनि गरेकोमा निजले गरेको अलग-अलग कसूरमा अलग-अलग रुपमा सजाय निर्धारण गरिए पनि त्यसरी निर्धारण गरिएको कैद सजाय कार्यान्वयन गर्दा भने सबैभन्दा ठूलो कैद सजाय अर्थात् आजीवन कारावास वा जन्मकैदको सजायमा अरु कैद सजाय थप नगरी ठूलो कैद सजायको मात्र कार्यान्वयन गरिन्छ। यस मान्यतालाई तत्काल प्रचलित मुलुकी ऐनका अतिरिक्त अहिले प्रचलनमा रहेको मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश एवं फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ११ एवं दफा ३६ को उपदफा (१) ले समेत आत्मसात गरेको अवस्था छ।

४७. वास्तवमा कुनै कसूरदारलाई एकभन्दा बढी कसूरमा कैद सजाय तोक्ने र सो सजायको कार्यान्वयन कुन मोडलबाट गर्ने भन्ने भन्ने सम्बन्धमा समग्रताको मान्यतालाई (Totality



CamScanner

principle) कैद सजाय निर्धारण र कार्यान्वयनको मूल आधार मानिन्छ। यो सिद्दान्तको कार्यान्वयनमा कानूनले न्ययाकर्तालाई महत्वपूर्ण भूमिका प्रदान गर्छ। "The effect of the totality principle is to require a sentence who has passed a series of sentences, each properly calculated in relation to the offence for which it is imposed and each properly made consecutive in accordance with the principles governing consecutive sentences, to review the aggregate sentence and consider whether the aggregate is 'just and appropriate'. The principle has been stated many times in various forms: 'when a number of offences are being dealt with and specific punishments in respect of them are being totted up to make a total, it is always necessary for the court to take a last look at the total just to see whether it looks wrong [']; 'when … cases of multiplicity of offences come before the court, the court must not content itself by doing the arithmetic and passing the sentence which the arithmetic produces. It must look at the totality of the criminal behavior and ask itself what is the appropriate sentence for all the offences'." The principle of totality is a convenient phrase, descriptive of the significant practical consideration confronting a sentencing judge when sentencing for two or more offences. Not infrequently a straightforward arithmetical addition of sentences appropriate for each individual offence considered separately will arrive at an ultimate aggregate that exceeds what is called for in the whole of the circumstances. In such a situation the sentencing judge will evaluate, in a broad sense, the overall criminality involved in all of the offences and, having done so, will determine what, if any, downward adjustment is necessary, whether by telescoping or otherwise, in the aggregate sentences in order to achieve an appropriate relativity between the totality of the criminality and the totality of the sentences.[19]

४८. कसूरदारले अन्तरसम्बन्धित नरहेका एकभन्दा बढी कसूरहरु (Multiple unrelated offence) गरेको अवस्थामा कसूरको प्रकृति सजायको उद्देश्य समेतका विषयहरुलाई विचार गरी प्रत्येक कसूरको लागि निर्धारित कैद सजाय कार्यान्बवय गर्दा अबलम्बन गर्नु पर्ने मोडल सम्बन्धी मान्यतालाई क्यानाडाको सर्बोच्च अदालतले **Paul V. R.** को मुद्दामा Indeed, if a judge, when imposing sentences of imprisonment for many offences, is of the view that a person should in the interest of society be incarcerated for a given period of time, he will, within the limits permitted by the law, arrange the sentences to achieve what he considers that just and fair result. This he will do through consecutive sentencing, if permitted by the law. If consecutive sentencing is not available for what he justifiably might consider shortcomings of the law for technical reasons, he will achieve the imposition of that no less just and desirable period of incarceration through other means, all equally legal. Considering the high level at which sentences are set out in the Code, all he then need do is to impose for the latter conviction a sentence the length of which

[19] The Principle of sentencing at 56-57,DA Thomas,2nd edition,1979, Heinemann London

will correspond to the time he thinks the accused should serve for his offences. Not being able to fulfill what he rightly considers to be his duty through the imposition of consecutive sentences, for reasons he considers purely technical (and justifiably so, in my view), he will do so in that way. At the same time, however, the judge will be imposing for the latter offence, in order to achieve the desirable and just aggregate result, a sentence the severity of which is, even in his own view, much more than that required for that offence when considering that offence in isolation. This is undesirable, as each offence should at the outset be punished individually and in proportion to its seriousness. If each offence is deserving of its own period of imprisonment, the proper method for achieving this when sentencing the accused is not by sentencing one of the offences out of proportion to its gravity, but through the imposition of consecutive sentences.[20]

४९. यसैगरी कुनै कसूरदारले एकै वारदातमा एकभन्दा बढी कसूरहरु गरेकोमा सबैभन्दा ठूलो कैद सजाय हुने कसूरमा कैद सजाय गरी त्यसपछिको सबैभन्दा ठूलो कैद सजायको कसूरको आधा वा निश्चित प्रतिशतको कैद सजाय जोडी कैद सजाय कार्यान्वयन गरिने मान्यता (partial cumulative approach) पनि छ। यो मान्यतालाई हाम्रो अपराध संहिताको दफा ४३ ले आत्मसात गर्न खोजेको छ। वास्तबमा कैद सजाय निर्धारण र कार्यान्वयनको मोडललाई निरेपेक्ष वा यान्त्रिक रुपमा प्रयोग गरिन्न। यस विषय सम्बन्धी मान्यताहरुलाई अन्य मुलुकहरुले सजाय निर्धारण र कार्यान्वयन सम्बन्धी कानून मार्फत आन्तरिकिकरण गरेका छन्। उदाहरणको लागि अष्ट्रेलियाको Crime sentencing and procedure Act, 1999, Crimes Act, 1914, बेलायतको Criminal Justice Act, 2003 मा यी मान्यताहरुलाई आत्मसात गरिएको पाइन्छ। यी मान्यताहरुको आधारमा प्रत्येक कसूरको प्रकृति र गम्भिरतालाई समग्रतामा अध्ययन गरी अदालतले अवस्था अनुसार उपयुक्त मोडेलको छनौट गर्नसक्ने कानूनमा व्यवस्था गरिएको पनि पाइन्छ।

५०. फौजदारी कसूरमा कैद सजाय निर्धारण र कार्यान्वयन सम्बन्धी विषय अन्तर्गत कस्तो अवस्थामा consecutive sentence model र कस्तो अवस्थामा Concurrent sentence approach अवलम्बन गर्नुपर्ने हो भन्ने सम्बन्धमा कानूनमा स्पष्ट र पर्याप्त व्यवस्था गरिएको देखिन्न। केवल कसूरदार कैद नबस्दै वा कैदबाट भागेको अवस्थामा निजले अर्को कसूर गरेकोमा वा कसूरमा आरोपित व्यक्ति थुनाबाट फरार रहेको वा छुटेको अवस्थामा निजले

[20] 1982,Carswell Que8(SCC)



CamScanner

अर्को कसूर गरेको स्थितिमा निजलाई पछिल्लो कसूरको हकमा समेत कानून बमोजिमको सजाय गरिने वा निजको कैद खापिने सम्मको व्यवस्था मुलुकी ऐन, दण्ड सजायको महलको ८ नं. र ४१ नं.मा छ। सो ८ नं. को प्राबधान जन्मकैद हुने वा भएको कसूरको हकमा लागू हुन्छ भने उक्त ४१ नं. को ब्यवस्था एकभन्दा बढी कलमको कैदको कार्यान्वयनको सम्बन्धमा आकृष्ट हुने देखिन्छ। त्यस्तै दण्ड सजायको १० नं. को ब्यवस्था एकै कागजको मुद्दामा एकभन्दा बढी कसूरको दावी लिईएकोमा एकभन्दा बढी कसूरमा कैद सजाय तोक्दा लागू हुने देखिन्छ भने सो ४१ नं. को व्यवस्था भने एकै वा धेरै मुद्दामा एकभन्दा बढी कलमको कैद ठेक्नु पर्दाको हकमा प्रयोग हुने देखिन्छ। कुनै कसूरदारले एकभन्दा बढी कसूरहरु गरेको अवस्थामा कैद सजाय निर्धारण र कार्यान्वयनको सन्दर्भमा अबलम्बन गर्नु पर्ने मोडलको विषयमा हाम्रो कानूनले दण्ड सजायका उल्लेखित मान्यताहरुलाई स्पष्ट ढंगले अभिव्यक्त गर्न नसक्दा हामीकहाँ एक ब्यक्तिले एकभन्दा बढी कसूरहरु गरेकोमा निजलाई हुने कैद सजायंको कार्यान्वयनको सम्बन्धमा स्पष्टताको सट्टा विरोधाभास र अन्यौल देखिएको अवस्था छ। कैद सजायको कार्यान्वयनको विषय सजाय नीतिको अभिन्न हिस्सा रहेको र हामीले सजाय निर्धारण र कार्यान्वयन सम्बन्धी बिशेष कानून समेत बनाईसकेको अवस्थामा विधायिकी कानूनी व्यवस्था अनुसार नै स्पष्टता कायम हुनु सबै भन्दा उत्तम विकल्प हो। किनकि दण्ड नीतिमा विद्यायिकी विवेक र सम्प्रभूता प्रतिविम्वित (Legislative Wisdom and Sovereignty) रहनु पर्छ भन्ने मान्यता राखिन्छ। यसको आधारमा सजाय निर्धारण सम्बन्धी निर्देशिकामा थप ब्यबस्था र मानकहरु उल्लेख गर्न भने सकिन्छ। तथापि संविधान र कानूनको अन्तिम व्याख्यताको हैसियतमा रहेको यस अदालतले पनि यस विषयमा स्पष्टता आउने गरी न्यायिक व्याख्या गर्नु आवश्यक देखियो।

५१. कानूनले नै पटके वा खत खप्ने भनी लेखिएको बाहेक कुनै व्यक्तिलाई एकै मुद्दाबाट विभिन्न कसूरहरु अन्तर्गतको मुद्दा चलाई कैद तोकिएकोमा जुन कसूरमा सबैभन्दा ठूलो कैद भएको छ, त्यही कसूरमा ठेकिएको कैदको कलम मात्र कार्यान्वयन गर्नु पर्ने र अरु कसूरको कैदको कलम नखापिने गरी दण्डसजायको १० नं ले व्यवस्था गरेको छ। दण्डसजायको ८ नं ले कुनै कसूरदारलाई जन्मकैद हुने एकभन्दा बढी कसूरको हकमा सजाय गर्नु पर्दा कुनै एक कसूरको जन्मकैदको मात्र र जन्मकैद र सो भन्दा सानो कलमको कैद हुने कसूरमा सजाय गर्नु पर्दा जन्मकैदको मात्र सजाय हुने सिद्धान्त ग्रहण गरेको छ।



CamScanner

तथापी देहायका पाँच अवस्थाहरुमा भने यो सिद्धान्त आकर्षित नहुने व्यवस्था समेत सो ८ नं. ले गरेको छ।

(क) जन्मकैदको सजाय ठहर भएको कसूरदार कैदमा नबसी निजले अर्को कसूर गरेकोमा।

(ख) जन्म कैदको सजाय ठहर भएको कसूरदार कैदबाट भागेर वा कैदमा रहेको अवस्थामा निजले अर्को कसूर गरेकोमा।

(ग) जन्मकैदको सजाय हुने ब्यक्ति म्याद गुजारी फरार रहेकोमा निजले अको कसूर गरेकोमा।

(घ) जन्मकैदको कसूरको अनुसन्धान वा पुर्पक्षको सिलसिलामा थुनामा रहेको ब्यक्ति थुनाबाट भागेर वा थुनामा रहेको अवस्थामा निजले अर्को कसूर गरेकोमा।

(ङ) जन्मकैदको कसूर सम्बन्धी मुद्दाको अनुसन्धान वा पुर्पक्षको सिलसिलामा धरौटी वा जमानी तारेखमा छुटेको ब्यक्तिले अर्को कसूर गरेकोमा।

उल्लिखित अवस्थाहरुमा निजले अर्को कुनै ठूलो कसूर गरेकोमा सो कसूरको समेत सजाय हुने र जम्मकैद हुने कसूर गरेकोमा पहिलेको जम्मकैदको सजाय भुक्तान भएपछि थप ४(चार) वर्षको कैद भोग्नु पर्ने र जन्मकैद भन्दा घटी सजाय हुने कसूर गरेकोमा बढीमा ४(चार) वर्षसम्म कैद थप हुने व्यवस्था सो ८ नं. मा रहेको देखिन्छ। यस देखि बाहेक सबै अवस्थामा जन्मकैदको मात्र कैद सजाय हुने व्यवस्था गरी सो प्रावधानले Consecutive र councurrent sentence model को मान्यताहरुलाई अवस्था अनुसार स्थान दिएको देखिन्छ।

५२. यस्तै किसिमको व्यवस्था मुलुकी अपराध संहिता, २०७४ को दफा ४४ ले पनि गरेको छ। जसमा ऐ. दफा ४४(१) मा जघन्य कसूरमा सजाय पाएको व्यक्तिले अर्को कसूर गरेमा दोब्बर सजाय हुने र ऐ. दफा ४४(२) मा सजाय भुक्तान गरेको ५ वर्ष भित्र अर्को कसूर गरेमा पछिल्लो पटकको सजायको दोब्बर हुने भनी व्यवस्था रहेको छ। जहाँ कानूनले नै जघन्य र पटके कसूरदारको हकमा दोब्बर सजाय हुने भनी व्यवस्था गरेको अवस्थामा सोही बमोजिम नै हुने देखिन्छ। यसै गरी कुनै ब्यक्तिलाई एक वा एकभन्दा बढी मुद्दामा विभिन्न दफा वा ऐन अन्तर्गतको कसूरमा कसूरदार ठहरी सजाय भएकोमा वा कैद सजाय पाई कैद सजाय भोगी रहेको व्यक्तिलाई एकभन्दा बढी कसूरहरुमा कैद सजाय गरी



CamScanner

कैद सजाय कार्यान्वयन गर्नु पर्दाको अवस्थामा तत्काल प्रचलित मुलुकी ऐन दण्ड सजायको ४१ नं. र हाल प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को कानूनी व्यवस्थाले केही खास मान्यताहरु अबलम्बन गरेको छ।

५३. उल्लिखित कानूनी व्यवस्थाहरु हेर्दा दफा ३६ को उपदफा (१) र (३) ले Concurrent model र उपदफा (२) (५) ले consecutive Model को सिद्धान्त अवलम्बन गरेको छ। कुनै व्यक्तिले गरेको कुनै फौजदारी कार्यको सम्बन्धमा एकभन्दा बढी कानूनहरु आकर्षित हुने भई भिन्न भिन्न कसूरहरु भएको अवस्थामा निजलाई सजाय गर्दा सबै कसूरहरुको सजाय निर्धारण भए पनि कैद सजाय कार्यान्वयन गर्दा भने सबै कैद कलमका सजाय नजोडी सबैभन्दा ठूलो कैद सजाय हुने कसूरको कैद सजाय मात्र कार्यान्वयन गरिनु पर्ने हुन्छ ।तर कुनै व्यक्तिले एकै वारदातमा एकभन्दा बढी कसूरहरु अर्थात एकिकृत कसूर गरेको अवस्थामा त्यस्तो कसूरदारलाई हुने कैद सजायको कार्यान्वयनको सम्बन्धमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ११ बीच सामन्जस्यता देखिदैन ।सो दफा ४३मा कुनै व्यक्तिले एउटै वारदातमा एकभन्दा बढी कसूर गरेमा त्यस्तो कसूरदारलाई सबैभन्दा बढी सजाय हुने कसूर वापतको सजाय र त्यसपछिको अधिकतम सजाय हुने अर्को कसूर वापतको सजायको आधा सजाय गरी सजाय गर्नुपर्ने व्यवस्था गरेको छ । जन्मकैदको हकमा भने यो दफा लागू नहुने व्यवस्था पनि छ । तर दफा ११ ले भने कुनै वारदातमा एकभन्दा बढी कसूरहरु गर्ने कसूरदारलाई सजाय निर्धारण गर्दा प्रत्येक कसूर अलग अलग भएको मानी त्यस वापत छुट्टाछुट्टै सजाय निर्धारण गर्नुपर्ने, सजाय कार्यान्वयनको हकमा भने सबै भन्दा ठूलो कैदको सजाय कार्यान्वयन गर्ने र single Transaction Rule का विषयहरु समावेश गरेको छ। तर दफा ३६ सँग एकै साथ राखेर सो दफा ११ लाई हेर्ने हो भने एक कसूरदारले गरेका बहु कसूरहरुमा निर्धारित कैद सजायको कार्यान्यनको बिधिका सम्बन्धमा माथि उल्लेखित Concurrent र Consecutive Model सम्बन्धी मान्यताहरुको आलोकमा विषयलाई बुझ्न सकिन्छ। अझ यथेष्ट रुपमा कानूनमा संवोधन नभएको विषयलाई न्यायिक व्याख्याबाट नै सम्बोधन गर्नु पर्ने हुन्छ। तत्काल प्रचलित मुलुकी ऐन दण्ड सजाय महलको महलको ८, १० र ४१ नं. का व्यवस्थाहरु हेर्दा जन्मकैदको सजाय हुने अवस्थामा जन्मकैद नै सबैभन्दा ठूलो सजाय भएकोले सोही सजाय मात्र कार्यान्वयन गर्ने अवधारणालाई मान्यता



CamScanner

दिएको छ। यसको अर्थ कुनै व्यक्तिले जन्मकैद भन्दा तल्लो हदको सजाय हुने एकभन्दा बढी कसूरहरु गरेकोमा र पीडितहरु पनि अलग अलग भएकोमा पनि सबैभन्दा ठूलो कैद सजाय हुने कसूरको मात्र सजाय गर्दा निजले गरेको अन्य फौजदारी कसूर वापतको आपराधिक दायित्व स्वतः लोप हुने होइन। यो स्थितिलाई फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) ले केही हदसम्म सम्बोधन गरी त्यस्तो अवस्थामा छुट्टाछुट्टै सजाय भुक्तान गर्ने व्यवस्था गरेको छ। सो ऐनको सो दफाको उपदफा (१) को खण्ड (क) र (ख) तथा सोही दफाको उपदफा (२)ले लिएको सिद्वान्तलाई दण्ड सजायको कार्यान्वयनको मोडेलको रोहबाट प्रयोग गरिनु पर्ने देखिन्छ। सो दफाले पनि मूलतः साविक मुलुकी ऐन, दण्ड सजाय महलको दफा ८, १० र ४१ को नीतिलाई निरन्तरता दिएको अवस्था छ। साविकको मुलुकी ऐन दण्ड सजाय महलको ४१ नं. को व्यवस्थाले कैद भुक्तान हुन नपाउँदै अर्को कलममा कैद ठेक्नुपर्दा अघि ठेकिएको जम्मा कैदभन्दा पछि ठेक्नुपर्ने कलमको हद बढी छ भने अघि कैद ठेक्दा थुनामा परेको मितिदेखि पछि ठेकिएको कलमको हद ननाघ्ने गरी कैद ठेक्नुपर्ने र अघि ठेकिएको कैद भन्दा पछि ठेक्ने कलमको हद घटी हुन्छ भने थप कैद ठेक्न नपर्ने र धेरै कलमको कैदको हद बराबर हुन आयो भने सो मध्ये एक कलमको कैद ठेक्नुपर्ने व्यवस्था गरेको छ। सो ४१ नं. को अवस्थाहरुमा मात्र छुट्टाछुटटै रुपमा कैद सजायको कार्यान्वयन हुने वा एक कसूरमा निर्धारित कैद सजाय भुक्तान गरिसकेपछि मात्र अर्को कसूरको कैदसजायको प्रारम्भ हुने व्यवस्था गरेको छ।

५४. मुलुकी ऐनको दण्डसजायको महलको ८ नं. मा रहेको जन्मकैद हुने कसूरको आरोपित व्यक्ति वा प्रतिवादीले अदालतबाट जारी भएको म्याद गुजारी फरार रहेकोमा निजले अर्को जन्मकैद हुने कसूर वा सो भन्दा घटी सजाय हुने कसूर गरेकोमा थप सजाय गर्ने जस्तो ब्यवस्था सो ४१ नं. मा भने देखिदैन। सो ४१ नं. को अन्तिम वाक्याश र उक्त ८ नं. को दोस्रो तथा तेस्रो वाक्यांशमा प्रयुक्त शव्दहरुलाई सूक्ष्म र तुलनात्मक अध्ययन गर्दा यो प्रष्ट पनि हुन्छ। बिधायिकाले जब यी दुई प्राबधानमा भिन्न भिन्न व्यवस्था गरेको छ भने यी दुई प्राबधानका अवस्थाहरुलाई एक आपसमा मिसमास गर्न नहुनेमा कुनै दुविधा रहन्न। बिधायिकाले जन्म कैद हुने वा भएको स्थिति र जन्मकैद नहुने वा सो भन्दा सानो कलमको कैद हुने कसूरका सम्बन्धमा खत खाप्ने वा सजाय गर्ने सम्बन्धमा सो ८ नं. र ४१ नं.ले



CamScanner

समान नीति नलिई केही हदसम्म फरक-फरक नीति लिएको भन्ने देखिन्छ। बिधायिकाले कानून बनाउँदा के कस्तो अवस्थामा के कस्तो शव्द वा बाक्य प्रयोग गर्नु पर्छ भनेर जानेको हुन्छ र बिना प्रयोजन वा उद्देश्य बिधायिकाले कुनै शव्द, अक्षर वा अल्पबिराम पनि प्रयोग गर्दैन। कानूनी अस्पष्टता वा अपर्याप्ततामा कुनै शब्द झिकेर वा थपरे पनि कानूनको उद्देश्य पूर्ती गर्नु पर्ने अवस्था परेकोमा बाहेक कानूनी प्रष्टताको स्थितिमा अदालतले भइरहेको कानुनी प्रावधानलाई अन्यथा अर्थ लगाउनु हुँदैन मान्ने मान्यतालाई पनि यहाँ स्मरण गर्न वान्छनीय देखिन्छ। मुलुकी ऐनलाई प्रतिस्थापन गरी बनेको संहिताको अभिन्न भागको रुपमा रहेको फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) र (२) लाई पनि यसै मान्यताबाट हर्नु उपयुक्त देखिन्छ।

५५. यस प्रसंगमा एकीकृत कसूर (Integrated Offence) र बहु-व्यवहार कसूर (Multiple-Transaction Offence) के हो भन्ने सन्दर्भमा समेत हेर्नुपर्ने देखिन्छ। **एकीकृत कसूर (Integrated Offence)** के हो? भन्ने सन्दर्भमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ को उपदफा (१) ले गरेको व्यवस्थालाई हेर्नुपर्ने हुन्छ। उक्त दफा ४३(१) मा "कुनै व्यक्तिले एउटै वारदातमा एकभन्दा बढी कसूर गरेमा त्यस्तो व्यक्तिले एकीकृत कसूर गरेको मानिनेछ" भनी एकीकृत कसूर (Integrated Offence) लाई परिभाषित गरेको पाइन्छ। सो कानूनी व्यवस्था बमोजिम कुनै व्यक्तिले कुनै एउटा वारदातमा आपराधिक कार्य गर्दा एकै पटक दुई वा सोभन्दा बढी कसूरको परिणाम देखिने अवस्था भएमा त्यसरी एकै वारदातमा गरिएको फरक-फरक कसूरलाई एकीकृत कसूर मान्नुपर्ने देखिन्छ। एकीकृत कसूर हुन वारदात एउटै हुनुपर्ने, कसूरदार एउटै हुनुपर्ने र त्यस्तो कसूरदारले गरेको कार्यहरू कानूनद्वारा फरक-फरक कसूर मानेको हुनुपर्ने हुन्छ। अब **बहु-व्यवहार कसूर (Multi-Transaction Offence)** के हो? भन्ने सन्दर्भमा हेर्दा, कसूरदारले फरक-फरक समयमा, फरक-फरक स्थानमा, एकै वा फरक-फरक प्रकृतिका कसूर गरेको अवस्थालाई बहु-व्यवहार कसूर (Multi-Transaction Offence) मानिन्छ। यस्तो कसूरमा कसूरदार एकै व्यक्ति भएपनि वारदात भने एउटै हुँदैन। साथै वारदात फरक-फरक स्थानमा वा एकै स्थानमा भएपनि फरक-फरक मिति समयमा गरिएको हुन्छ। यस्ता प्रकृतिको कसूरमा सजाय निर्धारण गर्दा प्रत्येक कसूर अनुसार फरक-फरक सजाय त गर्नुपर्छ नै तर त्यस्तो सजाय कार्यान्वयन गर्दा सबै कसूरमा एकै पटक साथसाथै (Concurrently) कैद भुक्तान गर्ने वा एक कसूरको कैद भुक्तान भएपछि अर्को कसूरको (Consecutively) कैद भुक्तान गर्ने



CamScanner

भन्ने कुराको निर्धारण गर्दा कसूर गर्दाको समय, सजाय अवधि तथा सजाय कार्यान्वयन गर्दा संजाय भुक्तान गरिरहेको वा नरहेको आदि समेतलाई विचार गर्नुपर्ने देखियो।

५६. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १४ को देहाय (घ) मा *"एकभन्दा बढी कसूरको लागि सजाय गर्दा वा कुनै कसूरमा सजाय भोगिरहेको कसूरदारलाई अर्को कसूरबापत सजाय गर्दा समग्र सजाय उचित र समानुपातिक भन्दा बढी हुन नहुने"* भनी एकै व्यक्तिलाई धेरै कसूरमा सजाय गर्दा समग्रतामा मात्र नहेरी कसूरदारलाई हुने सजाय कठोर मात्र नभई उचित तथा पहिले तोकिएको सजायको अनुपातिक हुनुपर्ने तथा बढी सजाय हुन नहुने भन्ने कानूनी सिद्धान्तलाई अवलम्बन गरेको देखिन्छ। यस्तै सन्दर्भमा *कृष्णबहादुर गोले विरुद्ध उच्च अदालत पाटन हेटौंडा इजलास समेत* भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा[21] *"समग्रताको सिद्धान्तलाई एकभन्दा बढी मुद्दामा सजाय गर्ने क्रममा अदालतहरूले सदा मनन् गर्नुपर्छ। अदालतको काम बढी सजाय गर्ने पनि होइन, न त यसको काम कम सजाय गर्ने नै हो। यसले त उपयुक्त सजाय गर्ने हो। अदालतले कानूनमा उल्लिखित सजायको व्यवस्थालाई कसूरदारको विशेष परिस्थितिमा ढाली उपयुक्त सजाय तोकी सदा कसूरदारको सुधारका सम्भावनाहरू खोज्नुपर्छ। सुधारका सम्भावनाहरू बन्द हुने गरी ढाडै खुस्कने सजाय (Crushing Sentence) गर्ने भन्ने कुराको प्रयोग अङ्क गणितको हिसाब जस्तो होइन। यसले विवेक र सावधानी खोज्छ, जसलाई सजाय तोक्ने र पुनरावलोकन गर्ने सबै न्यायाधीशले मनन् गर्नु आवश्यक हुन्छ"* भनी व्याख्या भएको अवस्था छ। उल्लिखित व्याख्या अनुसार सजाय तोक्दा विवेक नपुऱ्याई सजाय गर्न नहुने र कसूरदारप्रतिको दृष्टिकोणलाई कठोरतापूर्वक नहेरी समग्रतालाई विचार गर्दा विवेकपूर्वक र सावधानीपूर्वक सजाय गर्नुपर्ने कुरा ख्याल गर्नुपर्ने भन्ने नै स्पष्ट हुन आउँछ। उक्त व्याख्यासँग यस इजलासले असहमत हुनुपर्ने वा अन्यथा दृष्टिकोण कायम गर्नुपर्ने देखिँदैन।

५७. मुलुकी अपराध संहिता, २०७४ को दफा ४४ (१) ले "जघन्य वा गम्भीर कसूरमा सजाय पाएको व्यक्तिले अर्को कसूर गरेमा निजले पछिल्लो पटक गरेको कसूरमा हुने सजायको दोब्बरसम्म सजाय हुने" ऐ.दफा ४४ (२) ले "अन्य कसूरमा सजाय पाएको व्यक्तिले त्यस्तो

[21] नेकाप २०७४ अङ्क ७, नि.नं. ९८४६



CamScanner

सजाय भुक्तान गरेको पाँच वर्षभित्र अर्को कसूर गरेमा निजलाई पछिल्लो पटक गरेको सजायको दोब्बरसम्म सजाय हुने" भनी थप सजायको व्यवस्था गरेको देखियो। प्रस्तुत दफालाई अध्ययन गर्दा उक्त कसूर जघन्य र पटकेको सम्बन्धमा हो। अब जघन्य/पटके कसूर र बहु-व्यवहार कसूर एउटै हो वा फरक तरिकाबाट हेर्नुपर्दछ भन्ने विषयमा विचार गर्दा, विभिन्न कसूर वापत भएको कैद सजायको कार्यान्वयनको दफालाई समेत विचार गर्नुपर्ने देखियो। सो सम्बन्धमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६(५) मा **"पटके कसूरदारका सम्बन्धमा वा एकीकृत कसूरका सम्बन्धमा कानूनमा छुट्टै सजाय तोकिएको रहेछ भने सोही सजाय कार्यान्वयन हुने"** भनी भएको व्यवस्थालाई पटके कसूरको हकमा कानूनमा भएको व्यवस्था बमोजिम नै विचार गर्नु पर्ने देखियो।

५८. सजायको समग्रताको सिद्धान्त (Totality Criminality Principle) ले सदैव अत्याधिक(excessive) सजाय गर्ने अवधारणाबाट मात्र प्रेरित नभई सुधारात्मक दण्ड प्रणाली अन्तर्गत उचित, संमानुपातिकता (Propotionality) र न्यायमा आधारित रहेको हुन्छ। न्यायपालिकाले कसैलाई पनि आवश्यक भन्दा चर्को सजाय (crushing sentence) नथोपारियोस् भन्ने नै यसको मूल उद्देश्य रहेको हुन्छ। अब यी रिट निवेदक/प्रतिवादी मिति २०६७।०८।२४ देखि थुनामा रहेको र ०६७-CR-००५२ को लागू औषध मुद्दामा १० वर्ष कैद र जरिवाना रु.२५,०००।- (पच्चीस हजार रुपैयाँ) , ०६७/६८ स.फौ. ४/२५३ को हातहतियार मुद्दामा ५ वर्ष कैद र रु.१,००,०००।– (एक लाख रुपैयाँ) जरिवाना, ०६८-CR-१६८६ को ज्यान मार्ने उद्योग मुद्दामा ५ वर्ष कैद तथा २०६४ मि. नं. १०४५(ख) को हातहतियार मुद्दामा २ वर्ष कैद र रु.४०००।– (चार हजार रुपैयाँ) जरिवाना भएकोमा ०७४-CR-१८७७ को मुद्दामा १० वर्ष कैद र रु.७५,०००।– (पचहत्तर हजार रुपैयाँ) जरिवाना गरेको देखिन्छ। उपर्युक्त मुद्दाहरूको फैसलाबाट प्रतिवादीलाई हुने कैद सम्बन्धमा काठमाडौं जिल्ला अदालतबाट मिति २०७८।९।६ मा कैदी पूर्जी ठेक्दा ०७४-CR-१८७७ को लागू औषध मुद्दामा भएको फैसलाबमोजिम निज प्रतिवादी प्रस्तुत मुद्दामा अनुसन्धानको क्रममा मिति २०७५।६।१७ देखि हालसम्म थुनामा रहेको देखिँदा निजलाई लागेको कैद सोही मितिबाट कट्टा हुने गरी मिति २०८५।६।१६ सम्म थुनामा राख्ने र निजलाई लागेको जरिवाना रु.७५,०००।- दाखिल गरे निजलाई



CamScanner

मिति २०८५।६।१७ बाट कैद मुक्त गरिदिनु, जरिवाना दाखिल नगरे जरिवाना समेतको कैद बापतमा मिति २०८६।२।२६ सम्म थुनामा राख्नु भनी संशोधित कैद म्याद ठेकी पठाइएको देखिन्छ।

५९. यसरी निवेदक प्रतिवादीलाई विभिन्न कसूरमा ठहर भइसकेको सजायको कार्यान्वयनको क्रममा निजलाई ठेकिएको कैद हद नमिलेको भनी दावी लिएको र निज निवेदकको कसूर एकभन्दा बढी भई सजाय निर्धारण भइसकेको अवस्था भएकोले निजको हकमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) वा दफा ३६ को उपदफा (२) लागू हुने सो सम्बन्धमा निरूपण हुनुपर्ने देखिन्छ। सो दफा ३६ को उपदफा (१) मा भएको कानूनी व्यवस्थालाई हेर्दाः

*(१) कैदको सजाय पाई कैद सजाय भोगिरहेको व्यक्तिलाई एकभन्दा बढी कसूरबापत कैद सजाय गर्नुपर्दा देहाय बमोजिम कैद सजाय गरी फैसला कार्यान्वयन गर्नुपर्नेछः*

*क. पहिले भएको फैसलाबमोजिमको कैदको सजायको अवधि पछिल्लो फैसलाबमोजिमको कैदको सजायको अवधिभन्दा बढी वा बराबर भएमा पहिले भएको फैसलाको कैदको सजाय कार्यान्वयन गर्नुपर्नेछ।*

*ख. पछि भएको कैदको सजायको अवधि पहिलेको कैदको सजायको अवधिभन्दा बढी भएमा पछिल्लो कैदको सजायको अवधि जति बढी हुन्छ सोही अवधिसम्म कैद थप गर्नुपर्नेछ।*

६०. उपर्युक्त कानूनी व्यवस्थाले कैदको सजाय पाएको र उक्त सजाय बापत कैद सजाय समेत भोगिरहेको व्यक्तिको हकमा बहु-व्यवहार कसूर (Multiple Transaction Offence) अर्थात् एकभन्दा बढी कसूरबापत कैद सजाय गर्नुपर्दा कैद हदको फैसला कार्यान्वयन गर्ने विषयलाई समेटेको देखियो। उक्त उपदफा (१) को देहाय (क) ले एकभन्दा बढी कसूरमा पहिले भएको फैसलाबमोजिम तोकिएको कैद अवधि पछिल्लो फैसलाले तोकेभन्दा बढी वा बराबर भएमा पहिलो फैसलाले तोकेको कैद अवधिको सजाय मात्र कार्यान्वयन गर्नुपर्छ भनी स्पष्ट गरेको देखिन्छ। *उदाहरणको लागिः* "क" ले कसैलाई जबरजस्ती करणी गरेको कसूरमा ८ वर्ष कैद सजाय भएको छ र निज कैदमा रहनु अघि अर्को मितिमा लागू औषधको कसूर गरेकोमा निज जबरजस्ती करणी मुद्दामा कैदमा रहेकै अवस्थामा फैसला भई लागू औषध मुद्दामा ५ वर्ष वा ८ वर्ष नै कैद सजाय भएको अवस्थामा निज "क" लाई



CamScanner

कैदमा राखी फैसला कार्यान्वयन गर्नुपर्दा पहिलो जबरजस्ती करणीको कसूरमा भएको कैद वर्ष ८ कै सजाय कार्यान्वयन गर्नुपर्ने र लागू औषध मुद्दाको ५ वर्ष वा ८ वर्षको सजाय समेत पहिलो जबरजस्ती करणी मुद्दामा भएको फैसलामा भएको कैद सजायको साथ सँगसँगै (Concurrently) कार्यान्वयन हुने भन्ने नै हो। ऐ. उपदफा (१) को देहाय (ख) मा ***"पछि भएको कैदको सजायको अवधि पहिलेको कैदको सजायको अवधिभन्दा बढी भएमा पछिल्लो कैदको सजायको अवधि जति बढी हुन्छ सोही अवधिसम्म कैद थप गर्नुपर्नेछ"*** भन्ने व्यवस्था अनुसार एकभन्दा बढी कसूरमा कैद सजाय भएको अवस्थामा पहिले भएको कैदको सजायको अवधिभन्दा पछि भएको कैद सजायको अवधि बढी भएमा पहिले भएको कैद सजायको अवधिमा पछि भएको कैद सजायको अवधि जति बढी हुन्छ त्यो बढी भएको अवधि पूरा हुने गरी मात्र कैद थप गरी कैद सजायको कार्यान्वयन गर्नुपर्छ भन्ने देखिन्छ। ***उदाहरणको लागिः*** "क" ले जबरजस्ती करणी गरेको कसूरमा निजलाई ८ वर्ष कैद सजाय भएको छ र निजले कैदमा रहनु अघि नै लागू औषधको कसूर समेत गरेकोमा निज "क" जबरजस्ती करणी मुद्दामा कैदमा रहेकै अवस्थामा फैसला हुँदा लागू औषध मुद्दामा निजलाई १० वर्ष कैद सजाय भएको अवस्थामा निजको कैदको सजाय कार्यान्वयन गर्नु पर्दा बढी कैद भएको हद १० वर्षसम्म नै कैदमा राख्ने गरी कैद सजाय कार्यान्वयन गर्नुपर्छ र उक्त जवरजस्ती करणी मुद्दामा भएको कैद ८ वर्षको सजाय समेत लागू औषध मुद्दाको १० वर्षको कैद सजायसँग खापिन जाने र सँगसँगै (Concurrently) सजाय कार्यान्वयन हुने हुन्छ।

६१. उल्लिखित दफा ३६ को उपदफा (१) को देहाय (क) र (ख) को व्यवस्था अनुसार कुनै व्यक्तिलाई जतिसुकै कसूरमा कैद सजाय भएपनि सबैभन्दा ठूलो कसूरको कैद सजायमा सानो कसूरबापत भएको कैद खापी ठूलो कसूरको कैद सजायको हदसम्म मात्र कैद सजाय कार्यान्वयन गर्नुपर्छ भन्ने देखिन्छ। यसरी हाल प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) को देहाय (क) र (ख) मा रहेको कानूनी व्यवस्था साविक मुलुकी ऐन दण्ड सजायको १० नं. बमोजिम खत पटक खापी सजाय गर्नुपर्दा ठूलो सजाय गर्नुपर्ने खत खाप्न नहुने भन्ने र ऐ. ४१ नं. मा भएको कैद हदको व्यवस्था कै मनसाय बमोजिमको कानूनी निरन्तरता रहेको कुरामा कुनै द्विविधा देखिँदैन।



CamScanner

६२. अब फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) मा भएको व्यवस्था हेर्दाः

उक्त उपदफा (२) मा *"उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसूरमा कैदको सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान नहुँदै अर्को कसूरबापत कैदको सजाय भएमा पहिले भएको कैदको अवधि भुक्तान भएपछि गणना हुने गरी पछि भएको कैदको सजाय कार्यान्वयन गर्नु पर्नेछ"* भन्ने उल्लेख भएको देखिन्छ। यस व्यवस्था अनुसार कुनै कसूरमा कुनै व्यक्तिलाई कसूरदार ठहर भई कैदको सजाय भइसकेपछि सो कैदको सजाय भुक्तान गर्नु अगावै अर्थात् फैसलाबमोजिमको कैद असूल नहुँदै त्यस्तो कसूरदारले पुनः अर्को कसूर गरी कैदको सजाय भएमा त्यस्तो कसूरदारको हकमा अघिल्लो कसूरबापत भएको कैदको अवधि भुक्तान गरिसकेपछि मात्र पछिल्लो कैद गणना हुने गरी कैद सजाय कार्यान्वयन गर्नुपर्ने भन्ने देखिन्छ। यसरी कैदको अवधि थप गर्दा अघिल्लो कसूरबापत कैदको सजाय भुक्तान नगर्दै पछाडिको मितिमा सोही कसूरदारले अर्को कसूर गरी कैदको सजाय भएको हुनुपर्ने हुन्छ।

६३. साविक मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. को प्रतिबन्धात्मक वाक्यांश हेर्दा *"...तर फैसला भइसकेपछि कैद नबस्दै वा थुना कैद बसेको अवस्थामा वा थुना कैदबाट छुटेको वा भागेको अवस्थामा अर्को कसूर गरेकोमा सो कसूरबापत कानूनबमोजिम थप कैद ठेक्नु पर्छ"* भन्ने व्यवस्था रहेको देखिन्छ। यस व्यवस्था अनुसार निम्न अवस्थामा अघिल्लो कसूरबापतको कैद भुक्तान भएपछि गणना हुने गरी पछिल्लो कसूरबापतको कैद सजाय थप गरी कार्यान्वयन हुने देखिन्छः

क. कुनै व्यक्तिले अघि भएको कसूरबापत ठहरेको कैद भुक्तान नगरिकन अर्को कसूर गरी सोमा समेत कैद ठहर भएमा,

ख. कुनै कसूरबापत ठहर भएको कैद बापत वा कुनै मुद्दाको पुर्पक्षको लागि थुनामा रहेको अवस्थामा सोही थुना वा कैद रहेको स्थानमा अर्को कसूर गरी कैदको सजाय भएमा,

ग. कैद वा थुनामा रहेको व्यक्तिले सो कैद भुक्तान नहुँदै वा थुनाबाट भागेर बाहिर गई अर्को कसूर गरी कैद भएमा,



CamScanner

घ. अघिल्लो कसूरमा ठहर भएको कैद भुक्तान गरिसकेपछिको मितिमा अर्को कसूर गरी कैदको सजाय भएमा।

६४. यसरी हाल प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) को कानूनी व्यवस्था समेत साविकको मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. को प्रतिबन्धात्मक व्यवस्थालाई भाषागत रुपमा प्रतिस्थापन गर्दै सोही मान्यतालाई निरन्तरता दिएको देखिन्छ। तसर्थ हाल प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) र साविक मुलुकी ऐन दण्ड सजायको ४१ नं. को उक्त प्रतिबन्धात्मक वाक्यांशको कानूनी व्यवस्था अनुसार कसूर गर्दा समय र अवस्था बमोजिम तोकिएका खासखास अवस्थाहरूमा मात्र एकपछि अर्को (Consecutively) कैद भुक्तान गर्नुपर्ने भन्ने देखिन्छ।

६५. नेपालको संविधानको धारा २० ले प्रत्याभूत गरेको न्याय सम्बन्धी हक, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को परिच्छेद-५ मा भएको कैद सम्बन्धी सुधारात्मक व्यवस्था तथा नेपालले मानव अधिकारप्रति जनाएको प्रतिबद्धता लगायतको समसामयिक परिवर्तनका परिप्रेक्ष्यमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) को व्यवस्थालाई हेरिनु वाञ्छनीय हुने देखिन्छ। त्यसैकारण उक्त दफा ३६ को उपदफा (२) को कानूनी व्यवस्थाले सोही दफा ३६ को उपदफा (१) लाई अपवाद गरेको वा सङ्कुचित गरेको वा प्रतिबन्ध गरेको भनी अर्थ गर्न मिल्ने देखिँदैन। दफा ३६ को उपदफा (१) मा भएको व्यवस्थालाई सोही उपदफा (२) ले प्रतिबन्ध लगाएको भनी अर्थ गर्ने हो भने उपदफा (१) को व्यवस्था विधायिकाले यस दफामा राख्नुपर्ने औचित्य नै रहँदैन। कानूनको व्याख्या गर्दा सामान्यतः ऐनमा प्रयुक्त भएको शब्दको जे जस्तो अर्थ लाग्दछ सोही अर्थलाई नै ग्रहण गर्ने गरी शाब्दिक व्याख्या (Literal Interpretation) लाई नै पहिलो प्राथमिकता दिइनुपर्दछ। तर शाब्दिक व्याख्या गर्दा ऐनको दफामा भएको विधिकर्ताको उद्देश्य वा मनसाय स्पष्ट नहुने भएमा स्वर्णिम व्याख्याको नियम (Golden Rule of Interpretation) अनुसार उक्त दफाको सम्पूर्ण व्यवस्थालाई हेरी अर्थ लगाउनुपर्ने हुन्छ। उल्लिखित दफा ३६ मा भएको कानूनी व्यवस्थाको पूर्व स्रोत मुलुकी ऐनको दण्ड सजायको ४१ नं. मा रहेको व्यवस्था नै हो भन्नेमा माथिका प्रकरणहरूमा विवेचना भइसकेको छ। यस अवस्थामा दफा ३६ को अर्थ गर्दा साविक मुलुकी ऐन दण्ड



CamScanner

सजायको ४१ नं. को मर्मलाई अन्देखा गर्न मिल्दैन। यसर्थ दफा ३६ को उपदफा (१) मा भएको व्यवस्थालाई उपदफा (२) मा भएको व्यवस्थाले पूर्ण रूपमा बन्देज वा प्रतिबन्ध लगाएको भन्ने अर्थ गर्नु कानून व्याख्याको सिद्धान्तले समेत मान्य हुने देखिँदैन। दफा ३६ को उपदफा (१) र (२) लाई समष्टिमा व्याख्या गर्नुपर्दछ किनभने कुनै पनि ऐनको पछिल्लो दफा तथा उपदफामा भएको व्यवस्था वा प्रतिबन्धात्मक वाक्यांशले अघिल्लो दफामा गरिएको मूल व्यवस्थालाई शून्यमा पुग्ने गरी प्रतिबन्ध लगाउने उद्देश्यबाट विधायिकाले विधिको तर्जुमा गरेको हो भनी अर्थ गर्न मिल्दैन। अघिल्लो दफाको प्रयोजन नै समाप्त गर्ने उद्देश्यबाट पछिल्लो दफाको कानूनी व्यवस्था रहेको मान्ने हो भने अघिल्लो दफाको औचित्य नै समाप्त हुन पुग्छ। त्यसरी पछिल्लो दफाले अघिल्लो दफामा भएको व्यवस्थालाई पूर्ण रूपमा नियन्त्रण गर्ने हो भने अघिल्लो दफामा रहेको व्यवस्था विधिकर्ताले तर्जुमा गर्नुपर्ने आवश्यकता नै रहने थिएन। त्यसो हुँदा दफा ३६ को उपदफा (२) ले सोही उपदफा (१) लाई नियन्त्रण गरेको नभई उक्त कानूनी प्रावधानले फरक कसूर गर्दाको फरक अवस्थाहरूको सम्बोधन गर्न खोजेको कुरा स्पष्ट हुन आउँछ। तसर्थ, दफा ३६ को उपदफा (१) र (२) को कानूनी व्यवस्था एक अर्काको परिपुरकको रूपमा छुट्टाछुट्टै अस्तित्वयुक्त रहेको कुरामा द्विविधा मान्नु पर्ने देखिँदैन।

६६. फौजदारी दण्डको सुधारात्मक सिद्धान्तले कुनै पनि कसूरदारलाई धेरै लामो समयसम्म कैदमा नै राख्नुपर्छ भन्ने मान्यता राख्दैन सजाय निर्धारणको अवधारणा परम्परागत नभई आधुनिक तरिकाबाट सुधारात्मक भई दण्ड प्रणाली सञ्चालित हुन आवश्यक छ। **दण्ड सम्बन्धी व्यवस्था मानवीय दृष्टिकोणबाट पनि हेर्न र सजाय निर्धारण गर्दा उचित र न्यायोचित हुन आवश्यक छ।** धेरै लामो समयसम्म कसूरदारलाई कैदमा राख्नुपर्छ भन्ने अवधारणालाई नियन्त्रण गर्ने उद्देश्यबाट एकैपटक वा साथसाथै भुक्तान गर्न मिल्ने सजाय (Concurrently Sentencing) लाई साविक मुलुकी ऐन, दण्ड सजायको ४१ नं. र हाल प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) ले समेत अङ्गिकार गरेको देखिन्छ। ठूलो सजाय हुने कसूरमा अन्य कैद थप गरी सजाय गर्ने हो भने कसूरदारले आफ्नो जीवनकाल भन्दा पनि बढी कैदमा बस्नुपर्ने हुन जाने र त्यसबाट दण्डको सुधारात्मक सिद्धान्तका साथै मुलुकी फौजदारी संहिता, २०७४ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले गरेको सुधारात्मक दण्ड प्रणाली



CamScanner

सम्बन्धी कानूनी व्यवस्थाको विपरित हुन जाने देखिन्छ। त्यसकारण कुनै कसूरदारलाई विभिन्न कसूरमा भएको कैद सजाय कार्यान्वयन गर्दा ठूलो कैदमा सानो कैद समाहित गरी कार्यान्वयन गर्नुपर्ने वा एकपछि अर्को कैद सजाय थप गरी कार्यान्वयन गर्ने भन्ने विषयलाई हाम्रो संविधान र कानूनी व्यवस्थाको सनदर्भमा कसूरदारले कस्तो अवस्था, परिस्थिति र कुन समयमा कसूर गरे बापत कैद सजाय भएको हो भन्ने कुराको सापेक्षतामा हेर्नुपर्ने हुन्छ।

६७. सजायको उद्देश्य कसूरदारलाई कसूर गरेबापत निजसँग बदला लिनु होइन। तसर्थ सजाय निर्धारण गर्दा बदला भाव नभई निजको आपराधिक व्यवहारको कारक तत्वलाई सम्बोधन गर्ने, गल्तीको अनुभूत गराई पश्चातापवोध गराउने, समाजमा पुनर्स्थापना गराउने अवसरको रुपमा पनि हेर्नुपर्दछ। यो नै आधुनिक सजायको अवधारणा हो। सुधारात्मक दण्ड प्रणाली नै सामाजिक प्रतिरक्षाको माध्यमको रुपमा हेर्नुपर्दछ। सुधारात्मक दण्ड प्रणालीबाट नै भविष्यमा पुनः अपराध गर्नबाट बचाई समाजको सुरक्षा हुन सक्दछ। समाजको बृहत् हितको संरक्षण पनि हुन्छ। सिर्फ एकपछि अर्को सजाय (Consecutive Punishment) ले मात्रै भविष्यको आपराधिक व्यवहारलाई रोक्न सक्दैन। न्यायपालिकाले सजाय निर्धारण र कार्यान्वयनको विषयलाई यान्त्रिक रुपमा मात्र नहेरी विवेकपूर्ण/न्यायसँगत तरिकाले सोच्नुपर्दछ। त्यसमाथि पनि कानूनले नै जब कसूर कुन अवस्थामा कुन समयमा गरेको हो सोको आधारमा कैद हद कायम हुने नहुने निर्धारित हुन्छ भन्ने स्पष्ट व्यवस्था मुलुकी ऐन, दण्ड सजायको ४१ नं. तथा हाल प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ ले गरेको छ। त्यसैले सजाय गर्दा मानविय अवधारणालाई बढावा दिने र कैदी बन्दीलाई फाइदा हुने गरी दण्ड प्रणालीको सामना गर्नु महत्वपूर्ण हुन्छ। दण्ड प्रणालीले डर पनि देखाउनु पर्दछ तर कसूरदारलाई सजायमा पुनर्स्थापित हुन सक्ने गरी सन्तुलित वातावरण तयार गर्न पनि सक्नुपर्दछ। तसर्थ, एकपछि अर्को सजायलाई नियमको रुपमा (Consecutive Sentence as a Rule) र समवर्तिय सजायलाई अपवाद को रुपमा (Concurrent Sentence as an exception) न्यायपालिकाले सोच्न सक्दैन। सजाय जहिले पनि कानूनसँगत, उचित र न्यायसँगत नै हुनुपर्दछ।

६८. प्रस्तुत रिट निवेदक पासाङ तामाङ उर्फ सन्दिप पाठक भन्ने मिलन लामालाई निम्नलिखित कसूरमा निम्नलिखित अदालतबाट निम्नलिखित कसूर कायम गरी सजाय गरेको देखियो।

| सि.नं. | फैसला गर्ने निकाय | कसूर | सजाय | फैसला मिति |
|---|---|---|---|---|



CamScanner

| | | | | |
|---|---|---|---|---|
| १ | काठमाडौं जिल्ला अदालत | लागू औषध | ११ वर्ष कैद रु.८२,५००।- जरिवाना | २०७६।६।७ |
| उच्च अदालत पाटनबाट मिति २०७८।४।१५ मा फैसला हुँदा केही उल्टी भई १० वर्ष कैद र रु.७५,०००।- जरिवाना भएको | | | | |
| २ | जिल्ला प्रशासन कार्यालय काठमाडौं | हातहतियार खरखजाना | २ वर्ष कैद र रु.४,०००।- जरिवाना | २०६६।८।२१ |
| ३ | काठमाडौं जिल्ला अदालत | ज्यान मार्ने उद्योग | ५ वर्ष कैद | २०७१।१।१४ |
| ४ | जिल्ला प्रशासन कार्यालय काठमाडौं | हातहतियार खरखजाना | ५ वर्ष कैद र रु.१,००,०००।- जरिवाना | २०६८।३।१९ |
| ५ | कञ्चनपुर जिल्ला अदालत | लागू औषध (खैरो हेरोइन) | १० वर्ष कैद र रु.२५,०००।- जरिवाना | २०६८।२।४ |
| पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०६९।१२।४ मा कञ्चनपुर जिल्ला अदालतको फैसला सदर | | | | |

यसप्रकार निज प्रतिवादी मिति २०६७।०८।२४ देखि नेपालमा थुनामा रहेकै अवस्थामा यी निवेदक च.नं. २६६९, २०६८।०२।२२ को कैदीपूर्जी बमोजिम निरन्तर कैदमा बसी आएको देखियो। तसर्थ, तत्कालीन मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. बमोजिमको कैद हद गर्ने व्यवस्था र प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) मा भएको व्यवस्था समान रहेको तथा निजले गरेको कसूरको अवस्था हेर्दा निवेदकलाई विभिन्न कसूरबापत ठहर भएको कैदमध्ये सबैभन्दा ठूलो कैदमा सानो कैद समाहित हुने गरी कैद हद गर्न नमिल्ने देखिएन।

६९. यी निवेदक प्रतिवादीलाई एकै मुद्दाबाट एक भन्दा बढी कलमको कैद सजाय ठेकिएको नभई विभिन्न कसूरका छुट्टाछुट्टै मुद्दा भिन्न अदालतमा चली कैद ठेकिएको हुँदा निजको हकमा सो ४१ नं. आकर्षित हुनेमा बिवाद रहेन। उक्त ४१ नं. का सम्बन्धमा रहेका



CamScanner

अपवादका अवस्थाहरु समेत यी प्रतिवादीको हकमा लागू हुने स्थिति मिसिलबाट नेदेखिएकोले उक्त कानुनी व्यवस्थाले प्रदान गरेको छुट वा सुबिधाको बारेमा विभिन्न कोणहरुबाट प्रश्न उठाउन सकिने भए पनि अदालतले कानूनमा भएको स्पष्ट प्रावधान कार्यान्वयन गर्नुपर्ने हुन्छ। यी निवेदक प्रतिवादीले कैद वा थुना वा प्रहरीको नियन्त्रणबाट भागेर कसूर गरेको अवस्था पनि नभएको हुँदा मुलुकी ऐन, दण्ड सजायको ४१ नं. को सो कानूनी ब्यवस्थाले प्रदान गरेको सुविधाबाट यी प्रतिवादीलाइ वंचित गर्नु पर्ने वा उक्त ४१ नं. को कानूनी व्यवस्था यी प्रतिवादीको हकमा आकर्षित नहुने कुनै कारण र आधार देखिन आएन। कसूरमा निर्धारित कैद सजाय कार्यान्वयन गर्दाका बखत भने कानूनले प्रतिवादीको अवस्था र हकमा फरक कानूनी व्यवस्था गरेको छ भने त्यस्तो व्यवस्थाको सम्बन्धमा अदालतले कठोर नीति अबलम्बन गर्नु उपयुक्त हुँदैन।

७०. तसर्थ माथि विभिन्न प्रकरणहरूमा विवेचना भएको आधारका साथै साविक मुलुकी ऐन, २०२० को दण्ड सजायको महलको ४१ नं. तथा हाल प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) मा भएको कानूनी व्यवस्था बमोजिम निज निवेदकको हकमा लागू औषध मुद्दामा भएको १० वर्षको कैद सजाय सबैभन्दा बढी देखिएकोले १० वर्षमा कैद हद गर्नुपर्ने देखियो।

७१. अब, संयुक्त इजलासले मिति २०७९।१०।१५ मा बृहत पूर्ण इजलास समक्ष प्रस्तुत मुद्दालाई पेश गर्नुपर्ने भनी उल्लेख भएका मुद्दाहरूबाट फरक-फरक सिद्धान्त कायम भएको भन्ने कुरालाईसमेत यस इजलासबाट व्याख्या भई एउटा निश्चित सिद्धान्त कायम गर्नु वाञ्छनीय हुन आएको छ। सो सम्बन्धमा यस अदालतबाट फरक-फरक सिद्धान्त कायम भएको भनी उल्लेख गरिएका मुद्दाहरूको यहाँ उल्लेखन हुनु मनासिव हुने देखिन्छः

क. *सूर्यबहादुर के.सी. विरुद्ध पुनरावेदन अदालत पाटन* समेत भएको ०६९-WH-००३१ को बन्दीप्रत्यक्षीकरण मुद्दामा *"निवेदकउपर चलेका मुद्दाहरूमा भएका फैसलाहरू मध्ये ललितपुर जिल्ला अदालतमा चलेको लागू औषध मुद्दामा भएको कैदको हद सबैभन्दा ठूलो हद देखिएको र निज निवेदक मिति २०६४।२।२४ देखि हालसम्म निरन्तर थुनामा नै बसेको देखिंदा सोही मितिबाट गणना हुने गरी निजलाई लागेको सबैभन्दा ठूलो हदको कैद बापत कैदमा बस्नुपर्ने देखिंदा सो कैद भुक्तानसमेत भइसकेको अवस्था हुँदा जरिवानाबापत बुझाउनुपर्ने रकम कानूनबमोजिम*

*कट्टा गरी बाँकी जरिवानासमेत दाखिल गरे प्रस्तुत मुद्दामा बाहेक अन्य मुद्दामा थुना राख्नु नपर्ने भए थुनामुक्त गर्नू"* भन्ने आदेश भएको देखिन्छ।

ख. त्यसैगरी *दिनेश लामा भन्ने सोमोलाल थिङको हकमा प्रतिक्षा सुवेदी विरुद्ध काठमाडौं जिल्ला अदालतसमेत* भएको ०७७-WH-०३८६ को बन्दीप्रत्यक्षीकरणको मुद्दामा *"साविक मुलुकी ऐन, दण्डसजायको महलको ४१ नं. मा भएको कानूनी व्यवस्थाबमोजिम एउटै वारदातमा संलग्न रहेको कसूरदार उपर भिन्न भिन्न अभियोग दायर भै भिन्न भिन्न कैद सजाय भएमा त्यस्ता कसूरदारलाई भिन्न भिन्न कसूरमा भएको कैद सजायमध्ये सबैभन्दा ठूलो कैदको सजाय मात्र गर्नुपर्ने हुन आउँछ... प्रतिवादी दिनेश लामा भन्ने सोमोलाल थिङलाई काठमाडौं जिल्ला अदातल, मकवानपुर जिल्ला अदालत र भक्तपुर जिल्ला अदालतबाट ठहर भएको कैद सजायमध्ये काठमाडौं जिल्ला अदालतको डाँका मुद्दामा (मु. नं. २०७३-CR-११३८) ठहर भएको कैद ६ बर्ष नै उपल्लो हद देखिन आएकोले सोही ६(छ) बर्ष कैद कायम हुने"* भनी आदेश भएको देखिन्छ।

ग. *अमरकुमार खवासको हकमा रेखा लामा विरुद्ध काठमाडौं जिल्ला अदालत समेत* भएको बन्दीप्रत्यक्षीकरणको (नेकाप २०७६ अङ्क ९ नि.नं.१०३६०) आदेशमा *निवेदक प्रतिवादी अमन भन्ने अमरकुमार खवास वैदेशिक रोजगार मुद्दामा मिति २०६६।१२।३ मा पक्राउ परी मिति २०६७।१।२८ मा धरौटीमा छुटेको र वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।२।४ मा ३ वर्ष कैद र रु.३,००,०००।- जरिवाना भएकोमा उक्त मुद्दामा पुनरावेदन परी सर्वोच्च अदालतबाट मिति २०७४।३।५ मा सुरू फैसला नै सदर भएको, निज प्रतिवादी मानव बेचविखन तथा ओसारपसार र सरकारी छाप दस्तखत कीर्ते मुद्दामा मिति २०७२।२।१९ मा पक्राउ परेको र उक्त मुद्दामा काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी भई पुनरावेदन अदालत पाटनबाट निजलाई मानव बेचबिखन तथा ओसारपसार मुद्दामा २ वर्ष कैद र सरकारी छाप दस्तखत किर्ते मुद्दामा १ वर्ष कैद र रू.५०।- (पचास रूपैयाँ) जरिवाना गरी जम्मा ३ वर्ष कैद र रु.५०।- जरिवाना हुने गरी फैसला भएको देखिँदा निज निवेदक/प्रतिवादी अनुसन्धानको लागि*

पक्राउ परी मुद्दा चलेपछि थुनाबाट छुटेको अवस्थामा अर्को कसूर गरेको देखिँदा निजलाई थप कैद हुने भनी आदेश भएको देखिन्छ।

घ. विनोदकुमार यादव विरुद्ध उच्च अदालत जनकपुरसमेत भएको (०७८-WF-००२९) को बन्दीप्रत्यक्षीकरण मुद्दामा "साविक मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम भएको सजायमा ऐ. महलको ९ नं. बमोजिम थप भएको २ वर्ष कैद सजाय मुलुकी अपराध संहिता, २०७४ को अपहरण वा शरीर बन्धक सम्बन्धी कसूरमा रहे भएको नदेखिएको र केही नेपाल कानूनलाई संशोधन एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ग) बमोजिम उक्त ९ नं. बमोजिम थप २ बर्ष कैदको सजाय कार्यान्वयन गर्न मिल्ने नदेखिँदा यी निवेदकलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ३ नं. बमोजिम १० वर्ष कैद, ऐ. ७ नं. बमोजिम थप २ बर्ष कैद र ऐ. ९ नं. बमोजिम थप २ बर्ष कैद समेत जम्मा १४ बर्ष कैद ठेकिएकोमा ऐ.महलको ९ नं. बमोजिम थप २ बर्ष कैद सजाय कायम नभै जम्मा १२ बर्ष मात्र कैद सजाय कायम हुने हुँदा सो बमोजिम १२ बर्ष कैद कायम गरी मिति २०७०।२।२० को कैदी पूर्जी संशोधन गरी फैसला कार्यान्वयन गर्नू" भनी आदेश भएको देखियो।

ङ. आङ्जेन लामा विरुद्ध बर्दिया जिल्ला अदालतसमेत भएको ०७८-NF-०००७ को बन्दीप्रत्यक्षीकरण मुद्दामा "बर्दिया जिल्ला अदालतले मिति २०७६।६।१० मा दिएको आदेशमा चितवन र बर्दियाको वारदात समय र स्थान फरक-फरक देखिँदा प्रस्तुत मुद्दाको हकमा प्रतिवादी आङ्जेन लामा यस अदालतमा हाजिर भई थुनुवा पूर्जी पाएको मिति २०७४।१।२४ देखि थुनामा बसेको अवधि कायम हुने हुँदा निवेदकको माग बमोजिम कैदको हद कायम गर्न मिलेन। एउटा वारदातमा एउटा मात्र कसुर गर्नेलाई सोहि कसुरमा सजाय र अवस्था अनुसार थप सजाय समेत हुने, एकिकृत कसुर भएको अर्थात् एउटै वारदातमा एकभन्दा बढी कसुर गरेको अवस्थामा "सबैभन्दा वढि सजाय हुने कसुर बापतको सजाय र त्यसपछिको अधिकतम सजाय हुने अर्को कसुर बापतको सजाय को आधा सजाय" हुने व्यवस्था मुलुकी अपराध संहिताको दफा ४३ (२) मा गरिएको छ भने विभिन्न ठाउँमा विभिन्न समयमा फरक-फरक कसुर गर्ने व्यक्तिको हकमा अर्थात् वहु-व्यवहार कसुर गर्ने



CamScanner

*कसुरदारको हकमा फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) बमोजिम "पहिले भएको कैदको अवधि भुक्तान भएपछि गणना हुने गरी पछि भएको कैदको सजाय कार्यान्वयन" गर्ने... प्रस्तुत विवादलाई पुनरावेदनको रोहमा हेरेको नभै वन्दी प्रत्यक्षीकरणको रोहवाट हेरिएको अवस्था हो। त्यसैले फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ वा केहि नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) को व्यवस्था यहाँ आकर्षित हुने देखिदैन। यहाँ चुनौती दिएको विषय वर्दिया जिल्ला अदालतले मिति २०७६।६।१० मा दिएको आदेश हो। वर्दिया जिल्ला अदालतले मिति २०७५।१२।०३ मा फैसला गर्दा र मिति २०७६।६।१० मा आदेश दिंदा नयाँ कानूनहरु लागु भैसकेको अवस्था हुँदा साविक मुलुकी ऐन दण्ड सजायको ४१ को व्यवस्था आकर्षित नहुने ...साथै पुर्ण इजलासले पुनरावलोकन गर्ने आदेशमा उल्लेख गरेको ०७६-WH- ००६२ मा भएको निर्णय वर्तमान संहिता लागु हुनुभन्दा पहिले भएकावाट कायम भएको देखिंदा नयाँ व्यवस्थाको सन्दर्भमा आकर्षित हुने देखिएन।"* भनी व्याख्या भएको देखियो।

च. माथि उल्लिखित मुद्दाहरु मध्ये *दिनेश लामा भन्ने सोमोलाल थिङको हकमा प्रतिक्षा सुवेदी विरुद्ध काठमाडौं जिल्ला अदालतसमेत* भएको ०७७-WH-०३८६ को बन्दीप्रत्यक्षीकरणको मुद्दामा *एउटै वारदातमा संलग्न रहेको कसूरदार उपर भिन्न भिन्न अभियोग दायर भै भिन्न भिन्न कैद सजाय भएकोमा उपल्लो हद ६(छ) बर्ष कैद कायम भएको विषय रहेको हुँदा अन्यथा भन्नुपर्ने देखिएन।*

७२. सूर्यबहादुर *के.सी. विरुद्ध पुनरावेदन अदालत पाटन* समेत भएको ०६९-WH-००३१ को बन्दीप्रत्यक्षीकरण मुद्दामा सबैभन्दा ठूलो कैदमा अन्य सानो कैद खापेर कैद हद गर्नुपर्ने कुरा उल्लेख भएको र *विनोदकुमार यादव विरुद्ध उच्च अदालत जनकपुरसमेत* भएको (०७८-WF-००२९) को बन्दीप्रत्यक्षीकरण मुद्दामा *"केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ग) बमोजिम साविक मुलुकी ऐनको अपहरण गर्ने र शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम भएको सजायमा ऐ. महलको ९ नं. बमोजिम भएको २ वर्ष कैद सजाय मुलुकी अपराध संहिता, २०७४ को अपहरण तथा शरीर बन्धक सम्बन्धी कसूरमा रहे भएको*



CamScanner

*नदेखिएकोले ७ नं. बमोजिम संगठित अपराधमा थप सजाय २ वर्ष हुने भनिएतापनि ९ नं. बमोजिम थप २ वर्ष कैदको सजाय कार्यान्वयन गर्न नमिल्ने* भनी भएको व्याख्याबाट साविक मुलुकी ऐन दण्ड सजायको ४१ नं. को व्यवस्था र परिवर्तित सन्दर्भमा लागू भएको केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ग) को व्यवस्थाको रोहमा सिद्धान्त प्रतिपादित भएको देखिँदा उल्लिखित सिद्धान्तहरू आपसमा विरोधाभाषपूर्ण भन्ने नदेखिई एक अर्काको परिपूरक सिद्धान्तको रूपमा स्थापित भएको देखियो।

७३. जहाँसम्म *अमरकुमार खवासको हकमा रेखा लामा विरुद्ध काठमाडौं जिल्ला अदालत समेत* भएको बन्दीप्रत्यक्षीकरणको मुद्दा (नेकाप २०७६ अङ्क ९ नि.नं.१०३६०) मा भएको व्याख्याको प्रश्न हो सो बारेमा हेर्दा, निवेदक प्रतिवादी अमन भन्ने अमरकुमार खवास वैदेशिक रोजगार मुद्दामा मिति २०६६।१२।३ मा पक्राउ परी मिति २०६७।१।२८ मा धरौटीमा छुटेको र वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।२।४ मा ३ वर्ष कैद र रु.३,००,०००।- जरिवाना भएकोमा उक्त मुद्दामा पुनरावेदन परी सर्वोच्च अदालतबाट मिति २०७४।३।५ मा सुरू फैसला नै सदर भएको, निज प्रतिवादी मानव बेचविखन तथा ओसारपसार र सरकारी छाप दस्तखत कीर्ते मुद्दामा मिति २०७२।२।१९ मा पक्राउ परेको र उक्त मुद्दामा काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी भई तत्कालीन पुनरावेदन अदालत पाटनबाट निजलाई मानव बेचबिखन तथा ओसारपसार मुद्दामा २ वर्ष कैद र सरकारी छाप दस्तखत किर्ते मुद्दामा १ वर्ष कैद र रू.५०।- (पचास रूपैयाँ) जरिवाना गरी जम्मा ३ वर्ष कैद र रु.५०।- जरिवाना हुने गरी फैसला भएको हुँदा निज निवेदक/प्रतिवादी वैदेशिक रोजगार मुद्दामा अनुसन्धानको लागि पक्राउ परी मुद्दा चलेपछि सो मुद्दामा धरौटी राखी थुनाबाट छुटेको अवस्थामा अर्को कसूर गरेको अवस्था भई निजलाई थप कैद हुने भनी व्याख्या भएको देखिन्छ। यसरी कुनै कसूरदार उपर एउटा मुद्दा चली सो मुद्दामा धरौटीमा छुटेको अवस्थामा सोही प्रतिवादीले सो पछि पनि अर्को कसूर गरी कैदको सजाय ठहर भएको अवस्थामा साविक मुलुकी ऐन, दण्ड सजायको ४१ नं.को प्रतिबन्धात्मक वाक्यांश तथा हाल प्रचलित फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) को कानूनी व्यवस्था आकर्षित हुनु नपर्ने भन्ने देखिएन। त्यसकारण ०७८-WF-००२९ तथा नि.नं. १०३६० मा भएको



CamScanner

व्याख्या समेत सम्बन्धित नदेखिई मुद्दाको तथ्य र अवस्थाको आधारमा कानूनसम्मत रहेको देखिँदा यस इजलासबाट उल्लिखित मुद्दाहरूमा भएको व्याख्यासँग असहमत भई अन्यथा रुलिङ गर्नुपर्ने देखिएन।

७४. अब ***आङ्जेन लामा विरुद्ध बर्दिया जिल्ला अदालतसमेत*** भएको ०७८-NF-०००७ को बन्दीप्रत्यक्षीकरण मुद्दामा *"दफा ३६ को उपदफा (१) को अवस्थामा सबै कैदका सजायहरु साथ साथै भुक्तान हुने (Concurrently running) गरी कार्यान्वयन गरिन्छ भने उपदफा (२) अनुसार एक पछि अर्को कैदको सजाय भुक्तान हुने (Consecutively running) गरी फैसला कार्यान्वयन हुन्छ। उपदफा (१) ले कैदको सजाय पाई कैद सजाय भोगिरहेका व्यक्तिलाई एक भन्दा बढी कसूरवापत सजाय गर्नु पर्दा कैद सजाय कार्यान्वयन गर्ने कुरा गर्छ भने उपदफा (२) ले "कैदको सजाय भुक्तान नहुँदै निजलाई अर्को कसुर बापत कैदको सजाय भएमा" त्यसको कार्यान्वयन कसरी गर्ने भन्ने बारे व्यवस्था गर्छ। मसौदाको हिसावबाट हेर्दा उपदफा (२) "उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि" भन्ने उल्लेख भएबाट उपदफा (१) लाई उपदफा (२) ले नियन्त्रण गरेको स्पष्ट देखिन्छ। जब एउटा उपदफालाई अर्को उपदफाले नियन्त्रण गर्छ भने नियन्त्रण गर्ने उपदफा नै कायम रहने र कार्यान्वयन हुने गरी नियन्त्रित उपदफाको व्याख्या गरिनुपर्ने कुरालाई कानून व्याख्या सम्बन्धी सिद्धान्तले निर्देशित गर्छ[22]। यसरी उपदफा (१) को व्यवस्थालाई उपदफा (२) ले नियन्त्रण गरेको देखिन्छ। तसर्थ दुवै उपदफाहरुको व्याख्या गर्दा उक्त ऐनको दफा १३ र दफा १४ को व्यवस्था समेतलाई मध्येनजर गर्नुपर्ने अवस्था रहेको छ। विशेष गरी दफा १४ को देहाय खण्ड (घ) मा उल्लिखित* ***"एकभन्दा वढि कसुरको लागि सजाय गर्दा वा कुनै कसुरमा सजाय भोगिरहेको कसुरदारलाई अर्को कसुरबापत सजाय गर्दा समग्र सजाय उचित र समानुपातिक भन्दा बढी हुन नहुने"*** *गरी गर्नुपर्ने दायित्व सजाय तोक्ने न्यायाधीशमा रहने कुरा उक्त कानूनी व्यवस्थाहरुको अध्ययनबाट देखिन्छ। दफा १३ र १४ का व्यवस्थाहरुले समग्रताको सिद्धान्त (Principle of totality) एवं उचित र समानुपातिक सजाय*

---

[22] Aswini Kumar Ghosh & Anr. v. Arabinda Bose & Anr., AIR 1952 S.C. 369, "A section sometimes begins with the phrase 'notwithstanding anything contained etc.'. Such a clause is called *a non-obstante clause* and its general purpose is to give the provision contained in the non- obstante clause an overriding effect in the event of a conflict between it and the rest of the Section." *See also* Swami Kamu, General Clauses Act 10-11 (2nd edition); GP Singh, Principles of Statutory Interpretation 270 (14th Edition).



CamScanner

(Just and proportionate punishment) को सिद्दान्तलाई आत्मसात गरेको हुँदा समेत दफा ३६ को व्याख्या गर्दा यी व्यस्थाहरुलाई बिर्सन मिल्ने देखिदैंन। यसरी हेर्दा जघन्य र गम्भीर कसुर पटक पटक गर्ने, अपराधको श्रृङ्खला लामो समयसम्म सञ्चालन गर्ने निवेदक जस्ता व्यक्तिहरुलाई सजाय गर्दा अदालतले एउटा सजाय भुक्तान भएपछि अर्को सजाय भुक्तान गर्ने गरी सजाय तोक्न र कार्यान्वयन हुने व्यवस्था गर्न सक्ने देखिन्छ र सो कुरालाई दण्डको सिद्दान्तले स्वीकार गरेको कारण नै दफा ३६ को उपदफा (२) को व्यवस्था राखिएको रहेछ भनी बुझ्नुपर्ने हुन्छ। उपदफा (२) को यस्तो व्याख्या सोहि दफाको उपदफा (५) मा गरिएको पटके र एकीकृत कसुरमा गरिने सजाय सम्बन्धी व्यवस्थासँग पनि मिल्न आउँछ। पटक पटक कसुर गर्दा सजाय थप हुँदै जाने व्यवस्था कानूनमा नै स्पष्ट रहेको छ।"

"त्यसैगरी जघन्य र गम्भीर कसुरमा सजाय पाएको व्यक्तिले अर्को कसुर गरेमा पछिल्लो पटक गरेको कसुरमा हुने सजायमा "दोव्वर सम्म सजाय हुन सक्ने" व्यवस्था मुलुकी अपराध संहिता, २०७४ को दफा ४४(१) मा पनि छ। कुरा कतिसम्म हो भने यसरी कैद थप्दै गर्दा जन्मकैदको सजाय पाएको कसुरदारको हकमा भने सो सजाय गरेपछि अरु सजाय थप्न मिल्दैन। यसलाई सोहि उपदफाको प्रतिवन्धात्मक वाक्यांशले रोक्छ। मुलुकी अपराध संहिता, २०७४ मा थप विभिन्न दायित्व भएका व्यक्तिले विभिन्न परिस्थितिमा गरेका कसुरमा थप सजाय हुने प्रशस्त दृष्टान्तहरु छन्[23]। यसरी हेर्दा, एउटा वारदातमा एउटा मात्र कसुर गर्नेलाई सोहि कसुरमा सजाय र अवस्था अनुसार थप सजाय समेत हुने, एकिकृत कसुर भएको अर्थात् एउटै वारदातमा एकभन्दा बढी कसुर गरेको अवस्थामा "सवैभन्दा वढि सजाय हुने कसुर बापतको सजाय र त्यसपछिको अधिकतम सजाय हुने अर्को कसुर बापतको सजायको आधा सजाय" हुने व्यवस्था मुलुकी अपराध संहिताको दफा ४३ (२) मा गरिएको छ भने विभिन्न ठाउँमा विभिन्न समयमा फरक-फरक कसुर गर्ने व्यक्तिको हकमा अर्थात् वहु-ब्यवहार कसुर गर्ने कसुरदारको हकमा फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन २०७४ को दफा ३६ को उपदफा (२) वमोजिम "पहिले भएको कैदको अवधि भुक्तान भएपछि गणना हुने गरी पछि भएको कैदको सजाय कार्यान्वयन" गर्ने कुरा नै सो ऐनका समग्र व्यवस्था तथा दण्डको सिद्दान्तसँग समेत मेल खान सक्ने देखिन्छ। यस्तो कैदको

[23] विभिन्न परिस्थितिमा विभिन्न दायित्व भएको व्यक्तिले गर्ने कसुरमा थप सजाय हुने व्यवस्थावारे उदाहरणको लागि हेर्नुहोस मुलुकी अपराध संहिता २०७४ को को दफा ३३(३)(ग), ४४(२), ६५(३), ७५(३), १००(३), १०२(३), १४१(३), १६७(३), १६८(३), १७२(३), १८८(५)(८), १९७(३), २०६(८)(९)(१०), २१४(२), २२१(२), २२२(२), २२३(२), २४६(क), २४९(४), २७६(४), २७९, ३०७(१)।



CamScanner

*हिसाव गर्दा अदालतले आफु समक्ष रहेको मुद्दामा पक्राउ गरेको वा उपस्थित गराइएकोमा थुनछेकको आदेश गरेको मितिबाट ऐनको दफा ४० बमोजिम गणना गर्न सक्ने नै हुन्छ*[२४]*। यसो गरेमा मात्र कसुरको गम्भीरता अनुसार उचित र समानुपातिक सजाय हुन सक्छ। अदालतको कर्तव्य बढी सजाय वा कम सजाय गर्ने नभै उचित एवं उपयुक्त सजाय गर्ने हो। यस्तो सजाय मार्फत नै अभियुक्त र पीडितलाई न्याय दिने र सम्पूर्ण समाजलाई न्यायको अनुभूति गराउने हो। तसर्थ बर्दिया जिल्ला अदालतबाट "चितवन र बर्दियाको वारदात समय र स्थान फरक-फरक देखिंदा अदालतमा हाजिर भई थुनुवा पूर्जी पाएको मिति २०७४।०१।२४ देखि थुनामा बसेको कायम हुने हुँदा निवेदकको माग बमोजिम कैदको हद कायम गर्न मिलेन। फैसला बमोजिम गर्नु भनी गरेको आदेश फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा १३, १४ तथा दफा ३६ को उपदफा (२) व्यवस्थासमेत अनुकूल देखिंदा सो आदेशलाई कानूनको नजरमा त्रुटिपूर्ण भन्न मिल्ने देखिएन"* "... साथै पूर्ण इजलासले पुनरावलोकन गर्ने आदेशमा उल्लेख गरेको ०७६-WH-००६२ मा भएको निर्णय वर्तमान संहिता लागु हुनुभन्दा पहिले भएकावाट कायम भएको देखिँदा नयाँ व्यवस्थाको सन्दर्भमा आकर्षित हुने देखिएन" भनी व्याख्या भएको देखियो। "... **साथै सो मुद्दामा कैद सजायको कार्यान्वयनमा केही नेपाल कानूनलाई संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को देहाय (ख) आकर्षित नहुने भनी बहुमतिय राय रहेको देखिन्छ भने अर्कोतिर उक्त मुद्दामा माननीय न्यायाधीश श्री कुमार रेग्मीले वारदात हुँदाका बखतको कानूनलाई छाडी नयाँ कानूनबमोजिम अदालतले सजाय निर्धारण गर्न मिल्दैन। दण्ड सजायको ४१ नं. बमोजिम कैद हदको क़ानूनी सुविधा पाउने व्याख्या निराकर थापाको नेकाप २०५१, नि.नं. ५०१५ मुद्दामा भईसकेको अवस्थामा प्रतिवादी सोबाट बन्चित हुनुपर्ने निष्कर्षमा पुग्न मिल्ने देखिएन। जुन कानूनमा कम सजाय हुन्छ सोही आकर्षित हुन्छ भनी असहमतिय राय (dissenting opinion) दिनु भएको देखियो।**

७५. कैद हदको विषय सजाय कार्यान्वयनसँग मात्र नभई सजाय वर्ष निर्धारणसँग पनि जोडिएको हुँदा भुतप्रवाभी (ex-post effect) हुने गरी कानूनको प्रयोग गर्ने अनुमति नेपालको संविधानले समेत दिइएको छैन। पहिलेको कानूनबमोजिम कैद हद कायम गर्नुपर्नेमा आङ्जेन लामाको

[24] फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ को सो व्यवस्था भारतीय फौजदारी कार्यविधि संहिताको माथि उल्लिखित दफा ४२८ सँग मिल्दो जुल्दो छ।



CamScanner

मुद्दामा एकिकृत कसूर मानी सजाय गरिएको आधारसँग यो इजलास सहमत हुन सकेन। मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ को उपदफा १ ले एउटै वारदातमा एकभन्दा बढी कसूर गरेमा एकिकृत कसूर गरेको मानिने व्यवस्था गरेको छ र उपदफा २ ले एकिकृत कसूर गरेकोमा कसूरदारलाई सजाय गर्दा सबै भन्दा बढी सजाय हुने कसूरबापतको सजाय र त्यसपछिको अधिकतम सजाय हुने अर्को कसूरबापतको सजायको आधा सजाय थप गर्ने व्यवस्था गरेको छ। उक्त दफामा "भिन्न भिन्न वारदातमा भिन्न भिन्न कसूर ठहर गरेकोलाई एकिकृत कसूर मान्ने" प्रावधान २०७५ को मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐनले संशोधन गरिसकेको छ।[२५] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा ५ ले पटके कसूरदारका सम्बन्धमा वा एकिकृत कसूरका सम्बन्धमा कानूनमा छुट्टै सजाय तोकिएको रहेछ भने सोही सजाय कार्यान्वयन हुने व्यवस्था गरेको छ। सोलाई अन्यथा भन्नुपर्ने देखिएन। साथै जुन कसूरमा थप सजायको व्यवस्था रहन्छ जस्तै संगठित अपराध (निवारण) ऐन, २०७० को दफा ९(क) अन्तर्गत थप कैद गर्नुपर्नेलाई पनि अन्यथा भन्नुपर्ने देखिएन। तसर्थ फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा १ र २ लाई समष्टमा व्याख्या गर्नुपर्दछ किनभने कुनै पनि ऐनको पछिल्लो दफा तथा उपदफामा भएको व्यवस्था वा प्रतिबन्धात्मक वाक्यांशले अघिल्लो दफामा भनीएको मूल व्यवस्थालाई शून्यमा पुग्ने गरी प्रतिबन्ध लगाउने उद्देश्यबाट विधायिकाले विधिको तर्जुमा गरेको हो भनी अर्थ गर्न मिल्दैन। एकपछि अर्को सजायको हकमा विचार गर्दा, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा २ को अवस्था विद्यमान भएमा पहिले भएको कैद अवधी भुक्तान भएपछि गणना हुने गरी पछि कैदको सजाय हुन सक्ने नै देखिन्छ। तर सो बाहेकको अवस्थामा एकपछि अर्को सजाय हुने आङ्जेन लामाको फैसलाको आधारसँग यो इजलास सहमत हुन सकिएन।

७६. माथिका विभिन्न प्रकरणहरूमा कैद सजायको कार्यान्वयन गर्दा साविक मुलुकी ऐन, दण्ड संजायको ४१ नं. को प्रतिबन्धात्मक व्यवस्था र हाल प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ को कानूनी व्यवस्थाको रोहमा समेत

[२५] मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ (२०७६।०१।०२ को संशोधन)



CamScanner

ऐ. ऐनको दफा ३६ को उपदफा (२) को व्यवस्थालाई सोही व्यवस्थाको विधायिकी मनसाय अनुरुप व्याख्या गर्नुपर्ने र प्रयोग हुनुपर्दछ। दफा ३६ को उपदफा (१) मा एकभन्दा बढी कसूरबापतको सजाय गर्दाको व्यवस्था रहेको देखियो। सो दफा ३६ को उपदफा (१) को (क) र (ख) र ३६ को उपदफा (२) लाई एकठाउँमा राखी समग्रतामा व्याख्या गर्नुपर्ने हुन्छ। कुनै कसूरमा कैद सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान नहुँदै निजलाई अर्को कसूरबापतको कैदको सजाय भएको बाहेकको अवस्थामा कुनै कसूरदारले गरेको एकभन्दा बढी अर्थात् बहु-व्यवहार कसूर (Multi Transaction Offence) मा ठहर भएको छुट्टाछुट्टै कैद सजायको हकमा सोही ऐनको दफा ३६ को उपदफा (१) तथा केही नेपाल कानूनलाई संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को देहाय (ग) आकर्षित हुने देखियो। तसर्थ *"केही नेपाल कानूनलाई संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ख) को व्यवस्था आकर्षित नहुने"* भनी उल्लिखित ०७८-NF-०००७ को बन्दीप्रत्यक्षीकरण मुद्दामा प्रतिपादित भएका सिद्धान्त एवं नजिर उपरोक्त व्याख्या एवं सिद्धान्तसँग सामञ्जस्यता रहेको देखिएन। फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को उद्देश्य कसूरदारलाई उचित सजाय निर्धारण र कार्यान्वयन गर्ने भन्ने रहेको र ऐ. ऐनको दफा ३६ स्पष्ट गरी विभिन्न कसूरबापत भएको कैद सजायको कार्यान्वयनको सम्बन्धमा नै रहेको विशेष दफा देखिन्छ। फेरी कैद हद गर्ने विषयले सजाय कार्यान्वयनको शिलशिलामा कैद वर्षको निर्धारण समेत गर्दछ। तसर्थ, केही नेपाल कानूनलाई संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को देहाय (ख) आकर्षित नहुने भन्ने फैसलाको आधारसँग यो इजलास सहमत हुन सकेन। सो हदसम्म आजैका मितिबाट ०७८-NF-०००७ को बन्दीप्रत्यक्षीकरण मुद्दामा प्रतिपादित नजिर एवं सिद्दान्त कायम नरहने गरी अमान्य र निष्प्रभावी (overrule) गरिदिएको छ।

७७. साथै माथि विवेचना गरिए अनुरूप फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) मा **"कैद सजाय भोगिरहेको व्यक्तिलाई एकभन्दा बढी कसूर वापत कैद सजाय गर्दा"** भन्नाले कुनै **व्यक्ति कसूरदार ठहर भई कैद सजाय भोगी रहेको अवस्थामा अर्को कसूरमा समेत सजाय भई सजाय कार्यान्वयनको रोहमा विचार**



CS CamScanner

गर्नु पर्ने अवस्था बुझ्नुपर्दछ। यस्तो अवस्थामा कैद सजाय पाएको व्यक्तिले मुलुकी ऐनको दण्ड सजाय महलको ४१ तथा हाल कायम रहेको फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ (१) ले नै आर्कषित हुने देखिन्छ। साथै ऐ. ऐनको दफा ३६ को उपदफा (२) मा "पहिले कुनै कसूरमा पाएको कैद सजाय भोगिरहेको व्यक्तिले कैद भुक्तान नहुँदै निजलाई अर्को कसूर वापत कैदको सजाय भएमा" भन्नाले

क) पहिले एउटा कसूरमा कैदको सजाय ठहर भई सजाय कार्यान्वयनमा जानु अघि अर्को कसूर गरी अर्को कसूरबापतको कैद सजायसमेत भएमा वा

ख) धरौटीमा छुटेको अवस्थामा वा कैद सजाय ठहर भई फरार रहेको अवस्थामा अर्को कसूर गरेमा वा

ग) थुना वा कैदमा रहेको अवस्थामा अर्को कसूर गरेमा वा

घ) कसूरमा सजाय ठहर भई थुनामा रहेको अवस्थामा थुनाबाट भागेर अर्को कसूर गरेमा वा

ङ) कैद निलम्बन रहेको अवस्थामा वा सामुदायिक सेवाको सजाय पाएकोमा वा सुधार गृह वा पुर्नस्थापना केन्द्रमा सजाय भोगी रहेको अवस्थामा वा प्यारोल प्रावेशनमा छोडिएको अवस्थामा अर्को कसूर गरेमा

च) कैदको सजाय भुक्तान भइसकेको मितिभन्दा पछाडि पुनः अर्को कसूर गरी सो पछिल्लो कसूरमा समेत कैदको सजाय भएमा

उपरोक्त माथि उल्लिखित अवस्थाहरुमा मात्र पहिलो कैदको अवधि भुक्तान भएपछि अर्को सजाय गणना हुने गरी (Consecutive) सजाय कार्यान्वयन हुने देखियो।

७८. कैद खाप्ने विषयमा साविक मुलुकी ऐन दण्ड सजायको १० नं. बमोजिम ***खत पटक खापी सजाय गर्नुपर्दा ठूलो सजाय गर्नुपर्ने खत खाप्न नहुने*** भन्ने व्यवस्थाले एकै व्यक्तिलाई लामो सजाय नहोस् भन्ने नै उद्देश्य राखेको पाइन्छ। उक्त १० नं. को व्यवस्थाकै सापेक्षतामा हाल प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को विभिन्न कसूरबापत भएको कैद सजायको कार्यान्वयनको दफा ३६ को उपदफा (१) ले कैदको सजाय पाई कैद सजाय भोगिरहेको व्यक्तिलाई एक भन्दा बढी कसूर वापत कैद सजाय गर्नुपर्दा ऐ.ऐ. को दफा ३६ को उपदफा (१) को देहाय (क) ले ***"पहिले भएको फैसला बमोजिमको कैदको सजायको अवधि पछिल्लो फैसला बमोजिमको कैदको सजायको अवधिभन्दा बढी वा बराबर भएमा पहिले भएको फैसलाको कैदको सजाय कार्यान्वयन गर्नु***



CamScanner

*पर्ने"* भनी व्यवस्था गरेको छ। ऐ. दफाको देहाय (ख) मा *"पछि भएको कैदको सजायको अवधि पहिलेको कैदको सजायको अवधिभन्दा बढी भएमा पछिल्लो कैदको सजायको अवधि जति बढी हुन्छ सोही अवधिसम्म कैद थप गर्नुपर्नेछ"* भन्ने व्यवस्था गरेको छ। त्यसैगरी उपदफा (३) मा *"एउटै मुद्दामा एउटै व्यक्तिलाई प्रचलित कानूनबमोजिम विभिन्न कसूरबापत विभिन्न कैदको सजाय भएकोमा त्यस्तो सजायमध्ये सबैभन्दा बढी कसूरको कैदको सजाय मात्र कार्यान्वयन गर्नु पर्नेछ"* भन्ने व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दा कैद हद कायम गर्नेसँग सम्बन्धित हो । जसमा तत्काल प्रचलित मुलुकी ऐनको दफा ४१ र हाल कायम रहेको फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ (१) नै आकर्षित हुने देखिन्छ। उपरोक्त व्यवस्था समेतको आधारमा कैद खापी सजाय गर्ने विषयलाई गम्भीरतापूर्वक लिनुपर्ने र स्पष्ट तोकिएको अवस्थामा बाहेक कैद खाप्न नहुने कुरालाई फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को समग्र कानूनी व्यवस्थामा आत्मसात गरिएको पाइन्छ। ऐ. ऐनको दफा ३६ को उपदफा (१) मा कसूर कायम भई कैद सजाय भोगिरहेको हकमा दफा ३६ (२) को केही विशेष अवस्थामा बाहेक अर्को कसूर कायम भई सो वापत सजाय गर्दा साथ साथै/एकैपटक (Concurently) भुक्तान हुने भन्ने र कुनै कसूरमा कैदको सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान नहुँदै अर्को सजाय भएमा एकपछि अर्को सजाय हुने व्यवस्था रहेबाट ऐ. ऐनको दफा ३६ को उपदफा (२) लाई पहिलो कसूरमा सजाय भोग्नु अघि अर्को कसूर वापत सजाय भएको अवस्था भनी बुझ्नु पर्ने हुन्छ। अन्यथा विधायिकाले ऐ.ऐनको दफा ३६(१) र (२) को व्यवस्था नै गर्ने थिएन। तसर्थ ऐ. ऐनको दफा ३६ को समग्रतालाई विचार नगरी केवल सो दफा ३६ को उपदफा (२) लाई मात्र टिपेर अलग राखी त्यसैको मात्र अर्थ लगाउँदा दफा ३६ को समग्र कानूनी व्यवस्था तथा सजायको उद्देश्यको अन्तरनिहीत उद्धेश्य पराजित हुन जान्छ।

७९. आङ्जेन लामाको मुद्दामा उठाइएको मागदावीसँग सम्बन्धित तथ्यगत अवस्थालाई हेर्दा निवेदक आङ्जेन लामा मिति २०६८।०७।०२ देखि निरन्तर थुनामा रहेको अवस्थामा मिति २०७४।१०।०४ मा बर्दिया जिल्ला अदालतमा उपस्थित भएको भनी सो मितिबाट ७ वर्ष कैद ठेकिएको देखियो। फरक मितिमा, फरक वारदात र फरक-फरक अदालतबाट निर्णय भएकोमा यी निवेदक/प्रतिवादी निरन्तर थुनामा रही सजाय भोगी रहेको अवस्थामा सो



CamScanner

मितिबाट नै निज उपर चलेको सबै मुद्दामध्ये जुनमा ठूलो कैद सजाय भएको छ त्यसमा घटी सजाय गाभिएर भुक्तान हुने गरी कैद हुनुपर्नेमा सो नहुने भनी भएको आदेश बदर गरी तत्कालीन मुलुकी ऐन, दण्ड सजायको ४१ नं. र हाल बहाल रहेको फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ बमोजिम कैद हद गरी बन्दीप्रत्यक्षीकरणको आदेश माग गरेको देखिन्छ। त्यसैगरी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनको तथ्यगत बेहोरा हेर्दा, निवेदक मिति २०६७।०८।२४ देखि पक्राउ भई २०६८।०२।२२ को कैदी पूर्जीबाट सजाय भोगी रहेको अवस्थामा आफूलाई विभिन्न मितिमा फरक-फरक स्थानमा भएको कसूरको हकमा विभिन्न अदालतबाट भएको फैसलाले सजाय निर्धारण गरिसकेको र फैसलाबमोजिम गर्नुपर्ने सजायको कैद हद गर्न इन्कार गरिएको निर्णय कानूनसम्मत नभएकोले २०७८।०९।०६ को संशोधित कैदी पुर्जी बदर गरी कैद मुक्त गर्ने आदेश माग भएको देखिन्छ। यसबाट प्रस्तुत निवेदनको तथ्य र कानूनी आधार तथा आङ्जेन लामाको मुद्दाको तथ्य र कानूनी आधारमा समानता रहेको भन्ने देखिन आएको छ।

८०. वस्तुतः एकै प्रकृतिको तथ्य र कानूनी प्रश्न समावेश भएको मुद्दाहरुको निर्णयमा एकरुपता कायम हुनु न्याय प्रणालीको मूलभूत विशेषता हो। यसले समान परिस्थितिमा रहेका व्यक्तिहरुलाई समान न्याय प्राप्त हुने सुनिश्चितता प्रदान गर्दछ, जसले सामाजिक समानता र न्यायको सिद्धान्तलाई थप सुदृढ बनाउँछ। निर्णयमा एकरुपता कायम हुनु न्याय प्रणाली प्रतिको विश्वसनियताको महत्वपूर्ण आधार हो। जब सर्वोच्च अदालतले कुनै कानूनी सिद्धान्त प्रतिपादन गर्छ, त्यो सम्पूर्ण कानूनी प्रणालीमा लागू हुने सिद्धान्त मानिन्छ। यसले अन्य अदालतहरूलाई मार्गनिर्देशन गर्छ र समान कानूनी दृष्टिकोणको विकासमा मद्दत गर्छ।

८१. पूर्व निर्णय भएको मुद्दामा प्रतिपादित नजिरहरुलाई मान्यता दिनुपर्ने सिद्धान्त हाम्रो संविधानले स्पष्टरुपमा स्वीकार गरेको छ। अदालतले गरेका पूर्व निर्णयहरुबाट निश्चितरुपमा स्थापित भइसकेका कानूनी सिद्धान्त आफै पनि कानूनसरह हुन्छ। कुनै विशेष मुद्दामा भएको निर्णयलाई भविष्यका समान प्रकारका मुद्दाहरूमा मार्गनिर्देशनका रूपमा प्रयोग गर्न सकिने कानूनी सिद्धान्त नै नजिर हुन्। सर्वोच्च न्यायालयले कुनै विशेष कानूनी प्रश्नमा निर्णय गर्दछ भने त्यो निर्णयले भविष्यका मुद्दामा समान कानूनी प्रश्नको व्याख्यामा एकरुपता ल्याउँछ। नजिरको सिद्धान्तले न्यायिक स्थिरता सुनिश्चित गर्दछ। समान कानूनी प्रश्नमा एकै तरिकाले



CamScanner

निर्णय गर्दा, न्याय प्रणालीमा विश्वसनीयता र स्थिरता कायम हुन्छ। यसले कानूनको सुसंगतता र स्पष्टता पनि सुनिश्चित गर्दछ। एकै प्रकारका मुद्दामा भिन्न निर्णयले कानूनी प्रणालीमा जटिलता र भ्रम सिर्जना गर्न सक्छ। त्यसैले एकै किसिमको कानूनी प्रश्न समावेश भएको अलग-अलग मुद्दाहरुमा कानूनको अलग-अलग व्याख्या भएर वा अलग-अलग सिद्धान्तहरु प्रतिपादन भएर न्यायिक अराजकताको स्थिति उत्पन्न नहोस् भन्ने उद्देश्यले एकरुपता कायम गर्न नजिरको सिद्धान्त अपनाइएको हुन्छ।

८२. यद्यपी यदि कुनै नजिरको सिद्धान्त वा निर्णय आधार विवेकपूर्ण तर्कमा आधारित छैन, सर्वसाधारणमा कठिनाई वा असुविधा उत्पन्न हुने खालको छ र तथ्यमा नै फरक छ भने अदालतले त्यस्तो नजिर सिद्धान्त वा निर्णयाधारलाई ग्रहण गर्न मनासिव हुँदैन। अदालतले देहायको आधारहरु विद्यमान रहेको स्थितिमा पूर्व निर्णय भएको मुद्दामा प्रतिपादित सिद्धान्तहरुलाई अन्देखा गर्न सक्दछः

(क) यदी कुनै पूर्व निर्णय वा प्रतिपादित नजिर सिद्धान्त कानूनको स्पष्ट व्याख्यामा चुकेको अवस्था भएमा,

(ख) यदि कुनै पूर्व प्रतिपादित नजिर सिद्धान्तले सर्वसाधारणमा असुविधा वा अन्याय उत्पन्न गर्ने खालको अवस्था सिर्जना गरेको स्थिति देखिएमा,

(ग) यदि नयाँ मुद्दामा तथ्य र परिस्थिति भिन्न भएमा,

(घ) यदि कुनै नजिर सिद्धान्त पुरानो वा अप्रासंगिक भएको स्थितिमा अदालतले यसलाई परिवर्तित परिवेशको आधारमा नयाँ दृष्टिकोणका साथ विचार गर्नुपर्ने भएमा।

८३. अब अन्तिम प्रश्न, निवेदन *माग बमोजिम बन्दीप्रत्यक्षीकरणको रिट जारी हुने हो, होइन* भन्ने सन्दर्भमा हेर्दा बन्दीप्रत्यक्षीकरणको आदेश कुनै व्यक्तिलाई गैरकानूनी रूपमा थुना वा कैदमा राखिएको अवस्थामा त्यस्तो गैरकानूनी थुना वा कैदबाट मुक्त गर्ने हेतुले थुना वा कैदमा राख्ने निकाय वा अधिकारीका विरुद्ध जारी हुने आदेश हो। रिट निवेदक प्रतिवादी पासाङ तामाङ उर्फ सन्दिप पाठक भन्ने मिलन लामा उपरका उल्लिखित मुद्दाहरू चलिरहेको र कतिपय मुद्दा मुलतवी रहेको तथा फैसला समेत भइसकेको अवस्थामा यी प्रतिवादी मिति २०६७।८।२४ मा कञ्चनपुरको गड्डाचौकीबाट पक्राउ परी हालसम्म निरन्तर थुनामा रहेको अवस्था देखिन्छ। यी निवेदक प्रतिवादीलाई काठमाडौं जिल्ला अदालतमा चलेको

०७४-CR-१८७७ को लागू औषध मुद्दामा उच्च अदालत पाटनबाट १० वर्ष कैद र रु.७५,०००।- जरिवाना हुने ठहरी मिति २०७८।४।१५ मा अन्तिम फैसला भएकोमा निज निवेदक/प्रतिवादी हालसम्म निरन्तर थुनामा रहेको देखिँदा निजलाई लागेको कैद सोही मितिबाट कट्टा हुने गरी मिति २०८५।६।१६ सम्म थुनामा राखी निजलाई लागेको जरिवाना रु.७५,०००।- दाखिल गरे प्रस्तुत लागू औषध मुद्दाको हकमा मात्र निजलाई मिति २०८५।६।१७ बाट थुना मुक्त गरिदिनू। जरिवाना दाखिल नगरे जरिवानाबापत समेत मिति २०८६।२।२६ सम्म थुनामा राख्नु भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७८।९।६ मा संशोधित कैद म्याद ठेकी निज थुनामा रहेको कारागार कार्यालय जगन्नाथदेवललाई पत्र पठाएको देखिन्छ। उक्त संशोधित कैद म्याद ठेकी पठाए उपर चित्त नबुझाई बेरितको भएकोले सो बदर गर्न यी निवेदकले कानूनबमोजिम काठमाडौं जिल्ला अदालतको इजलाससमक्ष दिएको निवेदनमा काठमाडौं जिल्ला अदालतबाट मिति २०७८।१०।२१ मा आदेश हुँदा निवेदन माग बमोजिम गर्न मिलेन भनी उक्त संशोधित कैदीपूर्जी सदर गरेको देखिन्छ।

८४. माथि उल्लिखित विभिन्न मुद्दाहरूमध्ये काठमाडौं जिल्ला अदालतमा चलेको ०७४-CR-१८७७ को लागू औषध मुद्दामा मिति २०७६।०६।०७ मा काठमाडौं जिल्ला अदालतबाट भएको फैसला र सो फैसला केही उल्टी गरी उच्च अदालत पाटनबाट मिति २०७८।४।१५ मा भएको अन्तिम फैसला तथा कञ्चनपुर जिल्ला अदालतमा चलेको लागू औषध मुद्दामा मिति २०६८।२।४ मा भएको फैसलालाई सदर गर्ने पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०६९।१२।४ को फ़ैसलाले यी निवेदकलाई सबैभन्दा ठूलो कैद १० वर्षको कैद सजाय ठहर भएको देखिएकोले सो १० वर्षको कैद नै बढी कैद हदको देखिएकोले माथि उल्लिखित कानूनी व्याख्या अनुसार बढी हुने कैद हद गरी कैद ठेक्नुपर्ने हुँदा र निज निवेदक प्रतिवादी पासाङ तामाङ उर्फ सन्दीप पाठक भन्ने मिलन लामा मिति २०६७।०८।२४ देखि हालसम्म कैद र जरिवाना वापत निरन्तर रूपमा कैदमा नै बसेको देखिँदा सोभन्दा पहिलेको मुद्दामा कसूर कायम गर्दा सजाय ठहर भई कैद भुक्तान गरिरहेको अवस्थामा निज उपरको अन्तिम मुद्दामा मिति २०७६।०६।०७ मा ११ (एघार) वर्ष कैद ठहर भएतापनि मिति २०७८।०४।१५ मा सो फैसला उल्टी भई १० (दश) वर्ष कैद सजाय ठहर भई काठमाडौं जिल्ला अदालतको तहसिल शाखाबाट कैद हद नगरी जारी



CamScanner

गरिएको मिति २०७८।०९।०६ को संशोधित कैदी पूर्जी कानूनसम्मत नदेखिएको हुँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। निवेदक कैदमा बसेको मिति २०६७।०८।२४ बाट गणना गरी निजलाई लागेको सबैभन्दा ठूलो कैद बापत निवेदकले १० वर्ष कैदमा बस्नुपर्ने अवधि मिति २०७७।८।२३ मा नै भुक्तान भइसकेको अवस्था हुँदा मिति २०७७।०८।२४ देखि हालसम्म कैदमा बसेको अवधिलाई निजले उल्लिखित मुद्दामा ठहर भएको जरिवानाबापत बुझाउनुपर्ने जम्मा रकम रु.२,०४,०००।- (दुई लाख चार हजार) बाट निज बढी कैद बसेको अवधिको प्रतिदिन रु. ३००।- (तीन सय रुपैयाँ) का दरले कानूनबमोजिम कट्टा गर्नु र बाँकी जरिवाना रहने भए सो समेत दाखिल गरेमा माथि उल्लिखित मुद्दाहरूमा ठहर भएको कैद बाहेक अन्य कारण र मुद्दाबाट निजलाई थुना वा कैदमा राख्नु नपर्ने भए निवेदकलाई आजै थुनाबाट छाडिदिनु भनी विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ। संक्षिप्त आदेश मिति २०८०।०७।२३ मा नै दिएकोले अन्यथा थप केही गर्नुपर्ने देखिएन। प्रस्तुत आदेशको प्रति यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गर्नू र मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(सपना प्रधान मल्ल)
न्यायाधीश

उक्त रायमा हामी सहमत छौं।

(विनोद शर्मा) न्यायाधीश | (मनोजकुमार शर्मा) न्यायाधीश | (हरिप्रसाद फुयाल) न्यायाधीश | (प्रकाशकुमार ढुंगाना) न्यायाधीश

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी/ सबिन कुमार थिङ तामाङ/ मतिना शाक्य
कम्प्युटर टाइप गर्ने : विकेश गुरागाई
अनुसन्धान सहयोगी: मोनीषा चौधरी/शुशान्त मिश्र
इति संवत् २०८० साल कात्तिक २३ गते रोज ५ शुभम् ---------------------------------।



CamScanner